सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ साउन २०८०, बिहीबार (20 July 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ९८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

बुढीगण्डकी जलविद्युत् सञ्चय कोषदेखि बिमा संस्थानसम्मबाट लगानी जुटाइने



आयोजना निर्माणको शिलान्यास पनि मेरै कार्यकालमा हुन्छ : प्रधानमन्त्री

ऋण लिएको डेढ खर्ब तलबभत्तादेखि ऋणको साँवा-ब्याज तिर्नमै खर्च



आर्थिक वर्ष ०७९/८० मा सरकारले पौने चार खर्ब ऋण परिचालन गरेको छ, तर पुँजीगततर्फ भने दुई खर्ब ३३ अर्ब मात्रै खर्च भयो, साँवा-ब्याजमा हुने सरकारी खर्च दोब्बरले बढेर दुई खर्ब २२ अर्ब पुगेको छ

(विस्तृत पृष्ठ ९)

मौद्रिक नीतिलाई ६ सुझाव



• विष्णु न्यौपाने

कुनै पनि उद्योगमा ऋण जुटाउन पूरा गर्नुपर्ने प्रक्रिया राष्ट्र बैंकले एकद्वारबाट हुने व्यवस्था गरिदिनुपर्छ

(विस्तृत पृष्ठ ८)

चीनको अर्थतन्त्रमा देखिन थाल्यो एक सन्तान नीतिको प्रभाव





• यी फुक्सियन

चीन-अमेरिकाको असन्तुलित आर्थिक सम्बन्ध तनावको एउटा प्रमुख स्रोत बनेको छ, यसको जड पनि एक सन्तान नीतिमै छ

(विस्तृत पृष्ठ ७)

■ सामाजिक सञ्जालको प्रयोग



हराउँदै 'फेस टु फेस' सम्बन्ध

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भन्सार जाँचपास भएर विमानस्थलबाट बाहिरिएको करिब सय केजी सुन ट्याक्सीबाट बरामद

एक अर्बभन्दा बढी पर्ने तस्करीको यो सुन व्यवसायी दीपक मलहोत्राको रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको छ

सुवास भट्ट/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सारसमेत जाँचपास भएर बाहिरिएको करिब सय केजी सुन राजस्व अनुसन्धान विभागले बरामद गरेको छ। मोटरसाइकल/स्कुटरको ब्रेकसु तथा दाह्री काट्ने रेजरमा लुकाएर हडकङबाट तस्करी गरिएको उक्त सुन विमानस्थलस्थित भन्सार कार्यालयअगाडिबाट ट्याक्सीमा लैजान लाग्दा बरामद गरिएको हो। प्रारम्भिक अनुसन्धानमा सो सुन व्यवसायी दीपक मलहोत्राको भएको देखिएको अनुसन्धानमा खटिएका अधिकृतहरूको भनाइ छ, तर अनुसन्धान जारी रहेकाले उनीहरू औपचारिक रूपमा बोल्न चाहँदैनन्।

मंगलबार साँझ विभागले गरेको गोप्य अप्रेसनमा सुनसहित तीनजना पनि पक्राउ परेका छन्। सुनको यकिन परिमाण आइनसके पनि (जोख्न बाँकी) करिब सय केजीहाराहारीमा रहेको अनुसन्धान विभागका अधिकारीले बताएका छन्। ती अधिकारीका अनुसार सुनका एक सय ६० टुक्रा बरामद भएका छन्, जसको मूल्य करिब एक अर्बभन्दा बढी रहेको अनुमान गरिएको छ। नेपालमा सुन बरामद परिमाण यो नै अहिलेसम्मकै ठूलो हो। यसअघि एकैपटक ८८ केजीसम्म बरामद भएको थियो।

विभागले रेडी ट्रेडका सञ्चालक दिलीप भुजेल, रामकुमार भुजेल, भन्सार एजेन्ट राजेन्द्र राई र ट्याक्सीचालकलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। दिलीपको

» पृष्ठ ११ मा क्रमशः



व्यवसायी दीपक मलहोत्रा। अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै तस्करी गरिएको करिब सय किलो सुन उनकै रहेको अनुसन्धानमा संलग्न अधिकारीको भनाइ छ।



राजस्व अनुसन्धान विभागले बरामद गरेको 'ब्रेकसु', यसैभित्र लुकाएर सुन तस्करी भएको हो

■ विमानस्थलबाट भएको सुन तस्करीको यसरी गरिएको थियो अप्रेसन

राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाले विभागमा आउनुभन्दा अघिदेखि नै विमानस्थलबाट हुने सुन तस्करीको विषयमा अपुष्ट सूचना पाएका थिए। गत १२ असारमा उनी विभागको महानिर्देशक बने। अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन तस्करी भइरहेको सूचनाका आधारमा उनले सूक्ष्म निगरानी बढाएका थिए। प्रारम्भिक विश्लेषणमा तस्करी भइरहेको उनले पाए। यसक्रममा मंगलबार विमानस्थलबाट ठूलो परिमाणमा कार्गोमार्फत सुन आउँदै गरेको सूचना विभागको इन्टेलिजेन्सले महानिर्देशक ढुंगानालाई दियो। तस्करीलाई उनी जसरी पनि रोक्न चाहन्थे। इन्टेलिजेन्सको त्यही सूचनाका आधारमा उनले विभागका कर्मचारीलाई अप्रेसनमा खटाए र झन्डै सय किलो सुन बरामद भयो। यो घटनाले सामान्य तस्करी मात्रै होइन, कुख्यात 'बिकिनी किलर' चार्ल्स शोभराजले भनेजस्तै 'नेपालका विमानस्थलबाट हात्ती पनि सजिलै छिर्छ' भन्ने पुष्टि भएको छ। यसअघि पनि पटक-पटक विमानस्थलबाट ठूलो परिमाणमा सुन तस्करी हुने गरेका घटना सार्वजनिक हुँदै आएका छन्। अनुसन्धानमै खटिएका अधिकृतहरूका अनुसार पछिल्लो दुई महिनामा मात्रै अहिले सुन ल्याउने तस्कर गिरोहले नै कम्तीमा २५ पटक सुन ल्याएको छ।

अहिलेकै गिरोहले दुई महिनामा २५ पटक सुन तस्करी गरेको आशंकामा छानबिन हुँदै

अहिले सुन ल्याउने गिरोहले पछिल्लो दुई महिनामा २५ पटकभन्दा धेरै त्यसैगरी सुन तस्करी गरेको देखिएको छ। त्यतिवेला पनि सुन ल्याएको हुन सक्ने भएकाले त्यसतर्फ विभागले अनुसन्धान अघि बढाएको छ। सो समूहले विमानस्थलबाट सयौँ केजी सुन तस्करी गरेको आशंका गरिएको छ। विभागका एक अधिकारी भन्छन्, 'यस्तै कन्साइनमेन्ट विगतमा पनि आएको छ, तस्करीको शैली हेर्दा त्यतिवेला पनि झन्डै दुई दर्जनपटक सुन आएको आशंका छ।'

■ यसअघि पनि यसैगरी सुन तस्करी भएको आशंका छ

नवराज ढुंगाना, महानिर्देशक
राजस्व अनुसन्धान विभाग



सुन बरामद गरिएको छ। केही मानिस पक्राउ पनि परेका छन्। यसअघि पनि यसरी सुन आएको आशंका छ। यद्यपि, अहिले अनुसन्धानकै क्रममा छौं। अब यस विषयमा गम्भीर रूपले अनुसन्धान हुन्छ। अनुसन्धानबाट तस्करी गर्ने गिरोहबारे धेरै कुरा थाहा हुँदै जालान्।

१० अर्ब अपुतालीको लोभमा गुम्यो ९३ लाख

टेकराज थामी/नयाँ पत्रिका

अपुतालीको १० अर्ब २१ करोड रुपैयाँ हत्याउने चक्करमा लाग्दा काठमाडौंकी राणा थरकी एक युवतीले ९३ लाख रुपैयाँ गुमाएकी छिन्। घटनामा संलग्नमध्ये दुई अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। तर, योजनाकार फरार छन्।

पक्राउ पर्ने डडेल्धुराका योगेश शाही र काठमाडौंका सन्देश लामिछाने हुन्। विदेशबाट संगठित रूपमा साइबरमार्फत गरिएको ठगी घटनाका मुख्य योजनाकारलाई पक्राउ गर्न सकेको छैन। नेपाल प्रहरीको साइबर ब्युरोले घटनाको अनुसन्धान गरिरहेको छ।

विदेशमा रहेको संगठित गिरोहले अनलाइनबाटै गऱ्यो ठगी, नेपालका दुई एजेन्ट पक्राउ

'काठमाडौंकी एक धनाढ्य परिवारकी युवतीलाई क्यानडाको एक बैंकमा रहेको अपुतालीको ७८ मिलियन अमेरिकी डलर दिने भनेर कसैले प्रलोभन देखायो। त्यसबापत कागजात मिलाउनुपर्ने भन्दै युवतीबाट उनीहरूले ९३ लाख रुपैयाँ असुल गरे। त्यसपछि उनीहरू सम्पर्कविहीन भए। घटनामा सामाजिक सञ्जाल प्रयोग भएको छ। धेरै व्यक्ति मिलेर घटना भएको देखिन्छ। प्रहरी विस्तृत अनुसन्धानमा लागेको छ,' साइबर ब्युरोका प्रवक्ता एसपी पशुपति रायले भने।

ब्युरोका अनुसार राणालाई सामाजिक सञ्जाल ट्विटरमार्फत एक अपरिचितले 'फलो' गऱ्यो। उनले अपरिचितको प्रोफाइल हेरिन्। उनको पेसा उल्लेख थियो, 'सिआइओ, रोयल बैंक अफ क्यानडा'। राणाले पनि उनलाई फलो गरिन्।

त्यसलगत्तै दुईबीच वार्तालाप (इनबक्स च्याट) सुरु भयो। केही साता दुईबीच सामान्य कुराकानी भए। यसैक्रममा अपरिचितले क्यानडानिवासी 'माइक क्लर्क राणा' नामक व्यक्तिको कोभिड- १९ का कारण मृत्यु भएको र रोयल बैंकस्थित उनको खातामा ७८ मिलियन अमेरिकी डलर (१० अर्ब २१ करोड ८० लाख रुपैयाँ) रहेको जानकारी दिए। उक्त सम्पत्ति हकदाबी गर्ने क्यानडामा कोही नभएको पनि उनले भने। कागजात मिलाउन सके उक्त सबै रकम राणाको नाममा 'ट्रान्सफर' गर्न सकिने उपाय सुनाए।

» पृष्ठ ११ मा क्रमशः

कांग्रेस बैठकमा गुटबन्दी छताछुल्ल, संस्थापन आक्रामक

■ लाइभबारे केन्द्रीय नेताका मिश्रित प्रतिक्रिया

कोही भन्छन्- राम्रो भएको छ, कसैको गुनासो छ- खुलेर कुरा राख्न पाइएन

■ कांग्रेसका प्रदेश सभापतिहरूको प्रश्न-

केन्द्रबाटै सबै चलाउने भए प्रदेश संरचना किन चाहियो ?



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

प्रत्यक्ष प्रसारण भएको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा गुटबन्दी छताछुल्ल पोखिएको छ। मंगलबार पेस भएका प्रस्ताव र प्रतिवेदनमाथि बुधबार धारणा राख्ने क्रममा नेताहरूले आफ्नो गुटको रक्षा र अर्को पक्षको आलोचना गरेका छन्। बुधबारको बैठकमा आमन्त्रित ६ सहित ४६ जना केन्द्रीय सदस्यले धारणा राख्दा संस्थापन आक्रामक देखिएको छ। यद्यपि, सबैजसो नेताले कांग्रेसलाई बलियो बनाउन पार्टी एकता चाहिने बताएका छन्।

केन्द्रीय सदस्य जीवनबहादुर शाहीले बैठकको प्रत्यक्ष प्रसारण गरेर राम्रो सन्देश गएको, पछिल्लो समय कांग्रेसको अवस्था सुधिएको भन्दै नेताहरूले विगतका नभई भविष्यका कुरा गर्नुपर्ने बताए।

» पृष्ठ ११ मा क्रमशः

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/०४/०४

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय इटहरीबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा जमानीकर्ताहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

क्र.सं	कर्जावालाको विवरण	सूरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	नाम : माता पाथिभरा हार्डवेयर पसल ठेगाना : मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १, दर्ता प्रमाण पत्र नं. ०२-३०-००९४ दर्ता मिति : २०७५/०९/१० पान नं. ६०८९४६७९७ पान दर्ता मिति : २०७५/०९/१० प्रोप्राईटर : ललित बहादुर कार्की कर्जा : ब्यापारिक	सोभित मान कार्कीको नाती, रण बहादुर कार्कीको छोरा, मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने ललित बहादुर कार्कीको नाममा मालपोत कार्यालय वेलवारी मोरङ्गमा एकलौटि रुपमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला मृगौलिया ४/ग को कित्ता नं. ४२७ को क्षे.फ. ०-१-०-० को जग्गा र रण बहादुर कार्कीको बुहारी, मान बहादुर ढकालको छोरी, ललित बहादुर कार्कीको एकाघरकी श्रीमती मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने पुण्य कुमारी कार्कीको नाममा मालपोत कार्यालय विराटनगर मोरङ्गमा एकलौटि रुपमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला बनिगामा ९/क को कित्ता नं. ६०३ को क्षे.फ. ०-४-०-० को जग्गा र मालपोत कार्यालय बेलवारी मोरङ्गमा एकलौटि रुपमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी २/ख को कित्ता नं. ५६९ को क्षे.फ. ०-०-१०-० को जग्गा सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१. नाम : ललित बहादुर कार्की ठेगाना : मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने बाबु : रण बहादुर कार्की बाजे : सोभित मान कार्की ना.प्र.नं. २८४-१२४५ मिति : २०३७/०५/०६ जि.प्र.का. मोरङ्ग २. नाम : पुण्य कुमारी कार्की ठेगाना : मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने बाबु : मान बहादुर ढकाल ससुरा : रण बहादुर कार्की पति : ललित बहादुर कार्की ना.प्र.नं. २६४६/१६८ मिति : २०४६/०२/१६ जि.प्र.का. मोरङ्ग ३. नाम : अनोज कार्की ठेगाना : मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने बाबु : ललित बहादुर कार्की बाजे : रण बहादुर कार्की ना.प्र.नं. ६/६४९४ मिति : २०६४/१०/२८ जि.प्र.का. मोरङ्ग ४. नाम : एल्जीना बस्नेत ठेगाना : मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने बाबु : कुमार बस्नेत ससुरा : ललित बहादुर कार्की पति : अनोज कार्की ना.प्र.नं. १२२०१२/४२० मिति : २०६९/०६/१६ जि.प्र.का. मोरङ्ग
२.	नाम : दिपक कुमार राई ठेगाना : खोटाङ जिल्ला, मंगलटार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. २ बस्ने बाबु : मणी राज राई बाजे : बम बहादुर राई ना.प्र.नं. १२१०४७/१०२/६८/६९ मिति : २०४४/१२/१८ जि.प्र.का. खोटाङ कर्जा : आवास	धितल सिंह राईको नाती, बम बहादुर राईको छोरा, खोटाङ जिल्ला, मंगलटार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. २ बस्ने मणि राज राईको नाममा मालपोत कार्यालय वेलवारी मोरङ्गमा एकलौटि रुपमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला हरैचा गा.वि.स. ५/ख को कित्ता नं. १३०९ को क्षे.फ. ०-३-०-० को घरजग्गा र सो घरजग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१. नाम : मुगा कुमारी राई ठेगाना : खोटाङ जिल्ला, मंगलटार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. २ बस्ने बाबु : हर्क बहादुर राई बाजे : कर्ण बहादुर राई पती : दिपक कुमार राई ना.प्र.नं. ३/३४५२ मिति : २०४४/१२/२० जि.का. खोटाङ २. नाम : मणि राज राई ठेगाना : खोटाङ जिल्ला, मंगलटार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, वेलवारी न.पा. वडा नं. २ बस्ने बाबु : बम बहादुर राई बाजे : धिताल सिंह राई ना.प्र.नं. १२१०४७/२१५ मिति : २०७०/१०/०७ जि.प्र.का. खोटाङ ३. नाम : कर्ण बहादुर कार्की ठेगाना : खोटाङ जिल्ला, धितुङ गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ५ बस्ने बाबु : हर्क बहादुर कार्की बाजे : रण बहादुर कार्की ना.प्र.नं. १०२२ मिति : २०६२/०५/३१ जि.प्र.का. खोटाङ
३.	नाम : देवी प्रसाद सापकोटा ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने बाबु : ओमनाथ सापकोटा बाजे : मोही पती सापकोटा ना.प्र.नं. ६/१०९५२ जारी मिति : २०६६/०२/११ जि.प्र.का. सुनसरी कर्जा : आवास	मोही पती सापकोटाको बुहारी, हरि प्रसाद अधिकारीको छोरी, ओमनाथ सापकोटाको एकाघरकी श्रीमती, पाँचथर जिल्ला, ओयाम गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ७ बस्ने गोमा देवी सापकोटाको नाममा मालपोत कार्यालय वेलवारी मोरङ्गमा एकलौटि रुपमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी गा.वि.स. ३/ख को कित्ता नं. २१२ को क्षे.फ. ०-२-०-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।	१. नाम : उमा घिमिरे सापकोटा ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने बाबु : यादव प्रसाद घिमिरे ससुरा : ओमनाथ सापकोटा पति : देवी प्रसाद सापकोटा ना.प्र.नं. ०९१०१९/८० जारी मिति : २०६७/०७/११ जि.प्र.का. सुनसरी २. नाम : गोमा देवी सापकोटा ठेगाना : मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ७ बस्ने बाबु : हरि प्रसाद अधिकारी ससुरा : मोही पती सापकोटा पति : ओमनाथ सापकोटा ना.प्र.नं. ११७ जारी मिति : २०४६/०१/१७ जि.का. पाँचथर ३. नाम : ओमनाथ सापकोटा ठेगाना : मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ७ बस्ने बाबु : मोहीपती सापकोटा बाजे : बलभद्र सापकोटा ना.प्र.नं. ७०७-१०३/५०८ जारी मिति : २०४२/०८/०३ जि.का. पाँचथर ४. नाम : प्रकाश सापकोटा ठेगाना : मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ७ बस्ने बाबु : ओमनाथ सापकोटा बाजे : मोही पती सापकोटा ना.प्र.नं. ७५-०१-७४-००५३० जारी मिति : २०७४/०१/१९ जि.प्र.का. मोरङ्ग ५. नाम : संगीता वराल ठेगाना : मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. ७ बस्ने बाबु : मुक्ति नाथ वराल ससुरा : ओमनाथ सापकोटा पति : घनश्याम सापकोटा ना.प्र.नं.: ०५३०१७/१४६४ जारी मिति : २०६३/११/१६ जि.प्र.का. मोरङ्ग ६. नाम : रन कुमार दाहाल ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने बाबु : होम नाथ दाहाल बाजे : बुद्धी लाल दाहाल ना.प्र.नं. ८१५ जारी मिति : २०५४/०८/१२ जि.प्र.का. संखुवासभा

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	वितामोड	नेपालगंज
४४२२२५०	५३२५५५४	६६२०७६७	५४०८६५०	५३३१५३३	५५१७७३८	०२५-५८७०५१	०२३-५३०५४८	०८१-५३२०५६
घोराही, दाङ्ग	ईलाम	फिदिम	बुटवल	बर्दिबास	धनगढी	नवलपुर	गैंडाकोट	भैरहवा
०८२-५६३३५०	०२७-५२०५४४	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०८१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

व्यक्तिहत्या मुद्दामा १४ वर्ष कैद सजाय तोकिएका शेरचन पक्राउ

काठमाडौं/ व्यक्तिहत्यामा १४ वर्ष कैद सजाय तोकिएर फरार रहेका सम्राट शेरचनलाई प्रहरीले पक्राउ गरी बुधबार अदालतमा पेस गरेको छ । ०६६ मा कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भएका मुस्ताङको थसाङ घर भई काठमाडौंको जोरपाटी बस्ने शेरचनलाई काठमाडौंको गोकर्णेश्वरस्थित अत्तरखेलबाट पक्राउ गरी काठमाडौं जिल्ला अदालतमा पेस गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार कर्तव्य ज्यान मुद्दामा ०६७ सालमा मुस्ताङ जिल्ला अदालतबाट एक वर्ष चार महिना कैद ठहर भएको थियो । त्यसपछि पुनरावेदन अदालत बागलुङमा मुद्दा गएको थियो । प्रतिवादी शेरचनको हकमा सुरु जिल्ला अदालतको फैसला उल्टी भई उनलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भएको थियो । फैसलाउपर पुनः पुनरावेदन परेकामा सर्वोच्च अदालतले ०७२ सालमा १४ वर्ष कैद सजाय ठहर गरेको थियो ।

नेशनल हाइड्रो पावर कम्पनी लिमिटेड
National Hydro Power Company Limited
रजिष्ट्रर्ड कार्यालय : विनायकनगर-१०, नयाँ बानेश्वर काठमाण्डौ, नेपाल
टेलिफोन नं. : ०१-५१७२६८३/०१-५१७२६८५
इमेलः info@nhpcl.com / वेभसाइट : www.nhpcl.com
को
मिति २०८०/२/३२ गतेसम्म कायम सावित शेयरधनीहरुका लागि १० कित्ता शेयर बराबर नयाँ ५ (१० : ५) कित्ता शेयरको अनुपातमा मिति २०८० आषाढ २५ गतेदेखि निष्काशन भैरहेको
हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
मिति २०८० श्रावण १८ गते (बैंकिङ्ग समय) सम्ममात्र
अन्य विस्तृत जानकारीको लागि **मिति २०८०/०३/११ गतेको "कारोबार"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.muktinathcapital.com वा निष्काशन कम्पनीको वेभसाइट www.nhpcl.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०५/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी, कैलालीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना
(प्रकाशित मिति २०८०/०४/०४ गते नयाँ पत्रिका दैनिक)
यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढी, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोवन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० साउन १९ गते शुक्रबार**का दिन शाखा कार्यालय धनगढी, कैलालीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. **ऋणीको विवरणः**
आश बहादुर तमाङको नाति, कुल बहादुर तमाङ/पण्डी माया तमाङको छोरा, सुनमाया तमाङको पति, कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ३ (साविक कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं.०४) बस्ने **नरवीर तमाङ** (ना.प्र.नं. ६९७४८००) जारी मिति २०४४/०८/०६, जारी जिल्ला कञ्चनपुर) ।
व्यक्तिगत जमानीकर्ताहरुको विवरणः
१. फुलमान सिंह घिसीङ/ज्ञानी माया घिसीङको छोरी, कुल बहादुर तमाङ/पण्डी माया तमाङको बुहारी, नरवीर तमाङको पत्नी कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ०३ (साविक कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं.०४) बस्ने **सुनमाया तमाङ** (ना.प्र.नं. ७५३०२०/४३४ जारी मिति: २०६३/१०/१९, जारी जिल्ला कञ्चनपुर) ।
२. कुल बहादुर तमाङ/पण्डी मायां तमाङको नाती, नरवीर तमाङ/सुनमाया तमाङको छोरा कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ०३ (साविक कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ०४) मा बस्ने **नबिन तामाङ** (ना.प्र.नं. ७५२०२०/८२७ जारी मिति २०६६/१२/०२, जारी जिल्ला कञ्चनपुर) ।
लिलाम हुने सम्पतिको विवरण
१. **नरवीर तमाङ**को नाममा मालपोत कार्यालय वेलौरी, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स., वडा नं. ०४ स्थित कित्ता नं. २३६ को क्षेत्रफल ३४०.०० (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **ऋणीको विवरणः**
लोक राज स्वारको नाति, मोहन राज स्वारको छोरा, ज्यानु बोगटीको पति, कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. १० बस्ने **बिजय राज स्वार** (ना.प्र.नं. १४७०६ जारी मिति २०५०/०२/१२, जारी जिल्ला कैलाली)।
व्यक्तिगत जमानीकर्ताहरुको विवरणः
१. लोक राज स्वारको बुहारी, मोहन राज स्वारको पत्नी, कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. १० मा बस्ने **ईश्वरी स्वार** (ना.प्र.नं. २९४०२४३२ जारी मिति २०३९/१२/०८, जारी जिल्ला कैलाली) ।
२. मोहन राज स्वारको बुहारी, चक बहादुर बोगटीको छोरी, विजय राज स्वारको पति, कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, घोडाघोडी न.पा., वडा नं. १० बस्ने **ज्यानु बोगटी** (ना.प्र.नं. ६७१००६/१०३५३ जारी मिति २०६८/०२/१६, जारी जिल्ला कैलाली) ।
लिलाम हुने सम्पतिको विवरण
१. **ईश्वरी स्वार**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ०१ स्थित कित्ता नं. ६१ को क्षेत्रफल २८७.८४(व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **ऋणीको विवरणः**
सुन्त खातीको नाति, दयाराम खातीको छोरा, नन्दकला कुमारी थापा (खाती)को पति, बाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **हिक्मत बहादुर खाती** (ना.प्र.नं. ७०१०२२/४६७ जारी मिति २०६८/०९/१२, जारी जिल्ला बाजुरा) ।
व्यक्तिगत जमानीकर्ताहरुको विवरणः
१. मनी खातीको नाति, सुन्त खातीको छोरा, दिला खातीको पती, बाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **दयाराम खाती** (ना.प्र.नं. ७०११६६ जारी मिति २०४४/१२/०९, जारी जिल्ला बाजुरा) ।
२. सुन्त खातीको बुहारी, केहर सिं थापाको छोरी, दयाराम खातीको पत्नी, बाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०४ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **दिला खाती** (ना.प्र.नं. ११८८ जारी मिति २०४४/१२/०९, जारी जिल्ला बाजुरा) ।
३. दयाराम खातीको बुहारी, हंश थापाको छोरी, हिक्मत बहादुर खातीको पत्नी, बाजुरा जिल्ला, कुल्देवमाण्डौ गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ बस्ने **नन्दकला कुमारी थापा (खाती)** (ना.प्र.नं. ७०-०१-०६९-०००७६७ जारी मिति २०६९/११/१३, जारी जिल्ला बाजुरा) ।
लिलाम हुने सम्पतिको विवरण
१. **दयाराम खाती**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, रामशिखरझाला गा.वि.स., वडा नं. ०७ स्थित कित्ता नं. ३२२ को क्षेत्रफल ६७७.२८ (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
शर्तबन्देजहरुः
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० साउन १८ गते** भित्र बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढी, कैलालीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० साउन १९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोवन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।
बोलपत्र खोलिने मिति २०८० साउन १९ गते शुक्रबार मध्यान्ह १२:०० बजे
कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय धनगढी, कैलाली फोन नं. ०९१-५२६०३६

■ बन्चरेडाँडावासीसँग तीनबुँदे मौखिक सहमति

फोहोर ढुवानीमा भइरहेको अवरोध हट्यो

शान्ति तामाङ/नयाँ पत्रिका

उपत्यकाको फोहोर ढुवानीमा अवरोध गर्दै आएका ल्यान्डफिल साइट बन्चरेडाँडा र सिसडोलका बासिन्दाले आन्दोलन रोकेका छन् । सहरी विकास मन्त्रालयसँग बुधबार तीनबुँदे मौखिक सहमतिपछि उनीहरूले आन्दोलन रोकेका हुन् ।

ककनी गाउँपालिका अध्यक्ष सुमन तामाङले सहमतिपछि चार दिनदेखि फोहोर ढुवानीमा हुँदै आएको अवरोध हटेको बताए । उनले भने, 'मन्त्रालयसँगको छलफलमा साथीहरू जानुभएको थियो । छलफलपछि फोहोर बोकेका चार-पाँचवटा फोहोर बोकेका गाडी आइसकेका छन् ।'

छलफलमा सहभागी ककनी गाउँपालिका-१ कावडाअध्यक्ष पदमबहादुर श्रेष्ठ बलामीका अनुसार फोहोर यथोचित रूपमापुर्नुपर्ने, फोहोरकै कारण फैलिएको झिँगा व्यवस्थापन गर्ने, बन्चरेडाँडा र सिसडोलको वातावरणीय प्रभाव मूल्यांकन (इआइए)गर्न बिहीबारनै विज्ञसहितको टोली अनुसन्धानका लागि पठाउने मौखिक सहमति भएको छ । उनका अनुसार मन्त्री सीता गुरुङले समस्याबारे प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई जानकारी गराउनछिन् । छलफलमा सहरी विकासमन्त्री, ककनी गाउँपालिका वडा नम्बर १ र ३ का वडाध्यक्ष, बेलकोटगढी नगरपालिकाका जनप्रतिनिधि र स्थानीय प्रतिनिधिको सहभागिता थियो ।

■ फोहोर ट्यापिङ सकिए आजदेखि फोहोर उठ्ने

काठमाडौं महानगरपालिकाले बन्चरेडाँडाका फोहोर टुयापिङ (फोहोरलाई १५ सेन्टिमिटर माटोले पुर्ने)का लागि १० जनाको टोलीसहित बुधबार नै पाँच ट्रक फोहोर पठाएको छ ।

यस्ता छन् सहमति

- **फोहोर यथोचित रूपमा व्यवस्थापन गर्ने ।**
- **फोहोरकै कारण फैलिएको झिँगा व्यवस्थापन गर्ने ।**
- **बन्चरेडाँडा र सिसडोलको वातावरणीय प्रभाव मूल्यांकन (इआइए)गर्न बिहीबारनै विज्ञसहितको टोली अनुसन्धानका लागि पठाउने ।**

महानगरअन्तर्गत वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठका अनुसार बुधबार रातभरिमा फोहोर ट्यापिङसकिए बिहीबारबाटै सबै फोहोर बन्चरेडाँडा जानेछन् । 'हामीले पाँच ट्रक फोहोरसहित ट्यापिङ गर्नका लागि १० जनाको टोली बन्चरेडाँडा पठाएका छौं,' विभाग प्रमुख श्रेष्ठले भने, 'ट्यापिङसुरु भइसकेको छ । पानी परेन भने रातभर काम सक्छौं । र बिहीबारदेखि सबै फोहोर बन्चरेडाँडा लैजान्छौं ।'

महानगरका अनुसार सोमबारदेखि फोहोर बन्चरेडाँडा लै

■ सामाजिक सञ्जालको प्रयोग

हराउँदै 'फेस टु फेस' सम्बन्ध

सामाजिक सञ्जालले मान्छेलाई जोड्नुपर्ने हो, तर अलगथलग बनाइरहेको छ

■ **प्रकाश राई**, समाजशास्त्री




मान्छेहरूबीच भौतिक संवाद र भेटघाट पातलियो भने मूलतः यसले सामाजिक सम्बन्ध कमजोर बनाउँछ। जब मानिस-मानिसबीच सामाजिक सम्बन्ध कमजोर हुन्छ, तब समाजमा असामाजिक र अस्वाभाविक व्यवहार देखिन थाल्छन्। अहिले 'सेयरिङ कल्चर' हराउँदै छ। मान्छेहरू सामाजिक सञ्जालका कारण एकआपसमा बसेर आफ्ना कुराहरू साट्न छाड्दै छन्। सामाजिक सञ्जाल त भनियो, तर यो एक प्रकारले असामाजिक डिभाइसजस्तो भइदियो। मान्छेहरूलाई जोड्नुपर्ने हो, तर अलगथलग बनाइरहेको छ। परिवारमा पाँचजना मान्छे छन् भने पाँचैतिर फर्केर पाँचवटा मोबाइल चलाउँछन्। यसले मान्छेलाई जोडेन, अलगथलग बनायो। जब यसरी सामाजिक सम्बन्ध कमजोर हुन्छ, मान्छेहरूबीच असामाजिक क्रियाकलाप सुरु हुन्छ। अहिले नेपालमा भइरहेको यही हो।

अनिल यादव/नयाँ पत्रिका

काठमाडौंको शंखमूलमा छोराबुहारीसँग डेरामा बस्दै आएका मोरङ विराटनगरका ६५ वर्षीय मेदनीप्रसाद मैनालीको नियमित सेड्युल हो, युएन पार्क। बागमती नदीको किनारमा अवस्थित युएन पार्कमा पछिल्लो समय उनी नियमित पुग्छन्, साथमा सामसुङको फोन छुट्दैन। सहरमा उनको एक्लोपनको साथी बनेको छ सामाजिक सञ्जाल।

साँझ तीन-चार घन्टा फेसबुक र युट्युब चलाएपछि मात्र घर फर्कन्छन् उनी। घरमा पनि छोरा, बुहारी र नातिनी सबै आ-आफ्नो मोबाइलमै व्यस्त हुन्छन्। 'अहिले अनौठो समय आयो बाबु, फेसबुक चलाएन भने अर्कै ग्रहको हुने भइयो,' शनिबार पार्कमा मोबाइल चलाइरहेका उनी भन्दै थिए, 'एउटै घरमा छोरा एकातिर मोबाइल चलाउँछ, बुहारी अर्कैतिर। अनि नातिनीचाहिँ आफ्नै तालमा टिकटक बनाइरहेकी हुन्छे। हाम्रो समयमा परिवारभित्र गफ हुन्थ्यो, मान्छेहरू चियाचौतारीमा भेट्थे, दुःख-सुख साट्थे। अहिले त मान्छेहरू मोबाइल र फेसबुकमै व्यस्त छन्। त्यो दुनियाँ अर्कै थियो, अहिले अर्कै भयो। कहिलेकाहीँ सोच्छु- टेक्नोलोजीले मान्छेहरू धेरै अघि भए कि मचाहिँ पछि परेँ!'

त्यसो त यो मैनालीको मात्रै अनुभव होइन, समय डिजिटल पुस्तामा आइपुगेपछि गाउँ-सहरमा भौतिक भेटघाट र गफगाफ पातलिएको छ, मान्छेहरू सामाजिक सञ्जालमै घोत्लिएर संसारसँग साक्षात्कार गर्न व्यस्त छन्। समाजशास्त्री डा.मीना उप्रेती सामाजिक सञ्जालका कारण 'फेस टु फेस' सम्बन्धहरू हराउँदै गएको बताउँछिन्। 'कुनै समय मान्छेहरू भेट हुन्थे, आत्मीयता साट्थे, दुःख-सुखका कुरा गर्थे, चिया पिउँथे, रमाइलो गर्थे,' उनी भन्छिन्, 'तर, अहिले फेस टु फेस सम्बन्ध नै हराउन थाल्यो। हिजो मान्छेहरू शान्त थिए, शान्ति खोज्दै खोलाका किनार र जंगलतिर जान्थे, आफ्नै सुरले गीत गाउँथे, रमाइलो गर्थे। तर, अब त्यो संख्या घट्दै छ। सामाजिक सञ्जालको प्रयोग अहिले यति बढ्यो कि मान्छेहरूबीचको भौतिक भेटघाट र सम्बन्ध नै कम हुँदै गइरहेको छ।'



समाजशास्त्री प्रकाश राई सामाजिक सञ्जाल अहिले 'असामाजिक डिभाइस'जस्तो भइरहेको बताउँछन्। मान्छेहरूको सामाजिक सञ्जालमा व्यस्तताका कारण 'सेयरिङ कल्चर' नै हराउँदै गएको उनको विश्लेषण छ। 'अहिले सेयरिङ कल्चर हराउँदै छ। मान्छेहरू सामाजिक सञ्जालका कारण अहिले एकआपसमा बसेर आफ्ना कुरा साट्न छाड्दै छन्,' उनले भने, 'सामाजिक सञ्जाल त भनियो, तर यो एकप्रकारले असामाजिक डिभाइसजस्तो भइदियो। मान्छेहरूलाई जोड्नुपर्ने हो, तर अलगथलग बनाइरहेको छ। परिवारमा पाँचजना मान्छे छन् भने पाँचैतिर फर्केर पाँचवटा मोबाइल चलाउँछन्। यसरी त पाँचजना मान्छेलाई जोडेन, अलगथलग पो बनायो। जब यसरी सामाजिक सम्बन्ध कमजोर हुन्छ, मान्छेहरूबीच असामाजिक क्रियाकलाप सुरु हुन्छ। अहिले नेपालमा भइरहेको यही हो।'

सामाजिक सञ्जालका कारण मान्छेहरूबीच भौतिक संवाद र भेटघाट पातलिँदा मूलतः यसले मानिसहरूबीचको सामाजिक सम्बन्ध कमजोर बनाइरहेको उनको भनाइ छ। 'जब मानिस-मानिसबीच सामाजिक सम्बन्ध कमजोर हुन्छ, तब समाजमा असामाजिक र अस्वाभाविक व्यवहार देखिन थाल्छन्,' उनले भने, 'जस्तै, आत्महत्या, डिप्रेसन। मान्छेहरू आत्महत्या गरिबीले गर्‍यो भन्छन्, तर त्यो पूर्ण रूपमा सही होइन। गरिबी एउटा कारण हुन सक्छ, तर खासचाहिँ गरिब भएर हैपिनु, मान्छेहरूसँगको सामाजिक सम्बन्ध कमजोर हुँदा यस्तो परिणाम आइरहेको हो। जब मान्छेले आफू गरिब भएका कारण समाजमा विभिन्न खालको नकारात्मक सामाजिक सम्बन्ध झेल्छ, आफूलाई निरीह, तिरस्कृत र कमजोर ठानेर आत्महत्या गर्न बाध्य हुन्छ।'

समाजशास्त्री उप्रेती नेपालमा सामाजिक सञ्जालको लत बढ्दै जाँदा भौतिक संवाद कम हुँदै गएको बताउँछिन्। 'मान्छेहरू फेसबुक, इन्स्टाग्राम र टिकटकमा फोटो भिडियो राखेर त्यसमै रमाउन थाले, यसबाटा टाढा हुने नसक्ने भए। परिवार, साथीभाइ सबै त्यहीँ जोडिए, संवाद पनि त्यहीँ हुन थाल्यो,' उनले भनिन्, 'अहिले मान्छेहरूको मन शान्त देखिँदैन, धेरैजसो बेचैनमा देखिन्छन्। जतिखेर पनि उनीहरूलाई हातमा मोबाइल र सामाजिक सञ्जाल चाहिन्छ। लाइक कमेन्ट कुर्दै र गन्दैमा व्यस्त देखिन्छन् उनीहरू। आफूसँग सम्बन्धित नै नभएको विषयमा समेत उनीहरूलाई लाइक र कमेन्ट गर्न हतार छ। तर, आफूले लेख्ने एउटा स्टाटस र कमेन्टले समाजमा कति ठूलो असर गर्न सक्छ, त्यसबारे कमै मान्छे सचेत देखिन्छन्।'

■ मानिसमा बढिरहेको एक्लोपनप्रति गगन थापाको चिन्ता

समाजशास्त्री उप्रेतीले पछिल्लो समय काठमाडौंकै एकजोडी सामाजिक सञ्जालका कारण डिभोर्सको अवस्थामा पुगेको बताइन्। 'श्रीमानले समय नदिने भएपछि घरमा श्रीमतीको समय कटाउने मेलो बनेको रहेछ सामाजिक सञ्जाल,' उनले नजिकबाट नियालेको एक घटना सम्झँदै भनिन्, 'जतिखेर पनि मोबाइलमा घोत्लिएको देखेपछि श्रीमानूलाई शंका बढेछ। शंकैशंकाबीच एकदिन अर्कै युवासँग संवाद गरेको च्याट फेला परेछ। त्यसपछि दुवै अहिले डिभोर्सको प्रक्रियामा पुगेका छन्। घरकै मान्छेसँग दूरी राखेर सामाजिक सञ्जालसँग नजिक हुँदा अहिले धेरै सम्बन्ध यसै गरी अप्ठ्यारोमा परिरहेका छन्।'

बिहीबार दिनभर 'ह्यासट्या माया' फिल्मको सुटिङमा व्यस्त भएका अभिनेता सारुक ताम्राकारले राति आफ्नै घरको भर्‍याङको रेलिङमा प्लास्टिकको पाइपको पासो लगाएर आत्महत्या गरे। यो खबरले कलाकारिता जगत् मात्रै नभई, राजनीतिक वृत्तसमेत स्तब्ध देखियो। शनिबार कांग्रेसका महामन्त्री गगन थापाले मन निकै भारी भएको र मस्तिष्क प्रश्नहरूले घेरिएको भन्दै फेसुबकमा एउटा स्टाटस लेखे। जसको आशय सामाजिक सञ्जालको प्रयोगले मानिसमा बढिरहेको एक्लोपन पनि थियो। 'सामाजिक सञ्जालमा साथीको संख्यासँगै मानिसहरूको एक्लोपन बढेको छ,'

■ 'करिअरभन्दा बढी लाइक कमेन्टको चिन्ता'

काठमाडौंको वसन्तपुर या भक्तपुरको दरबार स्क्वायर पुग्ने जोसुकैले युवापुस्ता सामाजिक सञ्जालमा कतिसम्म क्रेजी रहेछ भन्ने स्पष्ट रूपमा थाहा पाउँछ। मान्छे ओह ेरदोहोर गरिरहने खुला सडक र मैदानमा उनीहरू विना हिचकिचाहट घन्टौंसम्म टिकटक बनाइरहेका हुन्छन्। शनिबार वसन्तपुरमा एसइई उत्तीर्ण गरेकी कालीमाटीकी रोशनी श्रेष्ठ भेटिइन्। दुईजना साथीहरूसँग टिकटक बनाउन आएकी उनीहरूबीच थप करिअर र कलेजबारे चिन्ता थिएन। बरु गीतअनुसार 'एक्सप्रेसन' मिल्यो कि मिलेन, बढी चिन्ता थियो। 'टिकटक बनाएपछि समय गएको पत्तै हुन्न,' रोशनी भन्दै थिइन्, 'दिनमा चारपाँच घन्टा त सोसियल मिडियामा इन्गेज भइन्छ होला। सारा संसार यसमै छ। अब त बरु ब्वाइफ्रेन्डबाट टाढा हुन सकिएला, तर यसबाट सकिन्न।'



वसन्तपुरनजिकै मोबाइल मर्मत पसल चलाइरहेका अनिल लिम्बू वसन्तपुरमा हरेकदिन युवादेखि वृद्धवृद्धासम्म सोसियल मिडियामा व्यस्त देखिने गरेको बताउँछन्। 'यो फिल्मको मात्रै होइन, अहिले टिकटकको पनि सुटिङ स्पट नै भइसक्यो,' उनले भने, 'नियमित आएर सोसियल मिडियाका लागि भिडियो बनाउने जमात धेरै छ। सँगसँगै काठमाडौं घुम्न आउने देशभरका मान्छे पनि यहाँ आएर छमछमी नाच्दै टिकटक बनाइरहेका हुन्छन्। फेस टु फेस गफगाफभन्दा बढी मान्छेहरू यहाँ सोसियल मिडियामा व्यस्त देखिन्छन्।'

समाजशास्त्री डा. उप्रेती नेपालमा सामाजिक सञ्जालको लतले युवापुस्ता सबैभन्दा डरलाग्दो स्थितिमा पुगेको बताउँछिन्। 'धेरैजसो युवायुवती यसको सिकार भइरहेका छन्,' उनले भनिन्, 'आफ्नो करिअरतिर केन्द्रित हुनुपर्ने समयमा उनीहरू सोसियल मिडियामा व्यस्त देखिन्छन्। टिकटक, फेसबुक, स्न्यापच्याट, इन्स्टाग्रामलगायत सोसियल मिडियामा युवतीहरूले एकदमै धेरै समय दिन थालेको देखिन्छ। उनीहरूलाई एक दिन टिकटक बनाउन नपाउँदा तनाव हुन्छ। लाइक, कमेन्ट्सको उस्तै तनाव। छिनछिनमा कति लाइक आएछ, कति कमेन्ट आएछ भनेर हेरिरहने।'

सामाजिक सञ्जालप्रति देखिएको यो लत व्यवस्थापन हुन नसके ठूलो संख्यामा युवापुस्ता मानसिक समस्याबाट गुज्रन सक्ने उप्रेतीको अनुमान छ। 'यस्तै भइरह्यो भने ठूलो संख्यामा युवा पुस्ता मानसिक समस्याबाट गुज्रिन सक्छ। वेलैमा यसबारे सचेत हुनुपर्ने देखिन्छ,' उनले भनिन्, 'यति मात्रै होइन, युवा पुस्तामा 'मल्टिपल अफेयर्स' पनि बढेको देखिन्छ। एकैजनाको धेरैजना गर्लफ्रेन्ड-ब्वाइफ्रेन्ड भएको देखिन्छ। अनि भोलि पोल खोलिएपछि द्वन्द्व सिर्जना हुने, डिप्रेसनतिर धकेल्ने काम भइरहेको छ। यति धेरै आइसोलेसन भयो कि अहिलेका युवा सामाजिक हुनै चाहेनन्। टेक्नोलोजीले यस्तो बनाइदियो कि उनीहरू समाज र परिवारसँगै डराउने र भाग्ने भइदिए। करिअरमा ध्यान दिने वेलामा सामाजिक सञ्जालमा बढी अल्झिँदा यस्तो समस्या उत्पन्न भएको हो।'

एक सातापछि प्रधानमन्त्री सार्वजनिक कार्यक्रममा फर्किए



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड एक सातापछि सार्वजनिक कार्यक्रममा फर्किएका छन्। २७ असारमा पत्नी सीता दाहालको निधन भएपछि उनी बुधबारबाट मात्र सार्वजनिक कार्यक्रममा फर्किएका हुन्। मन्त्रिपरिषद्को बैठक र नेपाल इन्जिनियर्स एसोसिएसनको ६१औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गरेर प्रचण्ड बुधबार नै बुढीगण्डकी जलविद्युत् आयोजना क्षेत्रको निरीक्षणका लागि गोरखा पुगे।

इन्जिनियर्स एसोसिएसनको कार्यक्रममा प्रचण्डले सुशासनको लक्ष्य हासिल गर्न सरकारले भ्रष्टाचारविरुद्धको अभियानलाई तीव्रताको साथ अगाडि बढाइरहेको स्पष्ट पारे। दोषी नछुट्ने र निर्दोष नफस्ने गरी सरकारले कारबाही प्रक्रिया अगाडि बढाएको उनले बताए। कानुनी, संरचनागत, प्रक्रियागत समस्या र त्रुटिमा सहजीकरण गर्न सरकार तत्पर रहेको उनको भनाइ थियो। 'दोषी नछुटोस्, निर्दोष नपरोस् भन्ने मान्यताअनुरूप केही ऐनमा र केही नियमावलीमा सुधार गर्ने विश्वास दिलाउन चाहन्छु। सरकारको यो अभियानमा तपाईंहरूलगायत आमजनसमुदायले देखाउनुभएको अपार समर्थन र ऐक्यबद्धताप्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु,' प्रधानमन्त्रीले भने।

विकास र पूर्वाधारविना आर्थिक उन्नति हुन नसक्ने प्रचण्डले बताए। विकासको गति तीव्र भएपछि आर्थिक अवस्थामा सुधार आउने उनको भनाइ थियो। 'हरेक क्षेत्रमा केही गुणात्मक प्रगति होस्। केही गुणात्मक सुधार होस् भनेर दृढतापूर्वक अगाडि बढेको छु,' उनले भने, 'वर्तमान सरकार सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहित बदलिएको व्यवस्थाअनुसार जनताको अवस्था बदल्न प्रतिबद्ध छ।' भौतिक पूर्वाधार र इन्जिनियरको सवालमा मन्त्रिपरिषद् बैठकमा छलफल भएको र छिट्टै निर्णयमा पुग्नेसमेत उनले बताए। 'मन्त्रिपरिषद् बैठकमा इन्जिनियरहरूको समस्याबारे, भौतिक पूर्वाधार निर्माणका समस्याबारे, सार्वजनिक खरिद ऐनलाई संशोधन गर्ने विषयबारे, न्यूनतम पारिश्रमिकको विषयमा गम्भीरतापूर्वक गरेका छौं। हामी छिट्टै एउटा महत्त्वपूर्ण निर्णयतिर जाँदै छौं,' उनले भने।

अनुसन्धान लम्बिँदा विदेश भाग्न थाले आरोपी

अख्तियारका पूर्वप्रमुख बस्न्यात अनुसन्धान सुरु भएकै दिनदेखि भारतमा

नयाँ पत्रिका



दीप बस्न्यात

ललितानिवास जग्गा हिनामिनामा प्रकरणको अनुसन्धान लम्बिँदा आरोपीहरू विदेश भाग्न थालेका छन्। बन्दी प्रत्यक्षीकरणको मुद्दा लम्बिँदा प्रहरी अनुसन्धानमा भन्दा अदालतमा बढी व्यस्त भइरहेको छ।

पक्राउ परेका आरोपी तथा गत वर्ष नै पक्राउ नगर्न अन्तरिम आदेश लिएकाको मुद्दा सर्वोच्च अदालतमा विचाराधीनमा छ। तीन सातादेखि प्रहरी बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दाका लागि अनुसन्धानको फाइल बोकेर सर्वोच्च अदालत धाउँदै आएको छ। सर्वोच्चमै दैनिक धाउनुपर्दा अनुसन्धानमा केन्द्रित हुन नपाएको प्रहरी अधिकारीहरू बताउँछन्। तीन दिनदेखि सो मुद्दामा लगातार सुनुवाइ भए पनि आदेश भएको छैन।

तीन सय ५० भन्दा धेरै आरोपी भए पनि हालसम्म सिआइबीले १८ जनालाई मात्र पक्राउ गरेको छ। प्रहरी खोजीमा रहेका कतिपय विदेश पुगिसकेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात प्रहरीले अनुसन्धान सुरु गरेलगत्तै विदेश पुगेको खुलेको छ। गत १२ असारमा उनी भारत गएको अध्यागमनको रेकर्ड छ। सोही दिन प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले यसमा मुछिएका व्यक्तिलाई पक्राउ गरी अनुसन्धान थालेको थियो।

बस्न्यात उपचारका लागि भनेर विदेश गएकोमा हालसम्म फर्किएका छैनन्। उनी भौतिक योजना तथा निर्माण मन्त्रालयको सचिव हुँदा ललितानिवास जग्गा भ्रष्टाचारमा जोडिएका थिए। त्यही वेला विशिष्ट व्यक्तिको निवास विस्तारसम्बन्धी परियोजना बनाएर करिब २५ रोपनी जग्गा हिनामिना भएको थियो। साढे तीन वर्षअघि नै अख्तियारले उनलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो। जसमा विशेष अदालतले समेत उनलाई थुनामा पठाएकोमा पछि सर्वोच्च अदालतको आदेशमा छुटेका थिए।

बस्न्यातको निर्देशनमा टिप्पणी उठाउने तत्कालीन अधिकृत रहेका सञ्चारसचिव कृष्णबहादुर राउत भने सिआइबी हिरासतमै छन्। राउत त्यति वेला बस्न्यातको विश्वासपात्रका रूपमा मन्त्रालयमा कार्यरत रहेको स्रोत बताउँछ। सोही आधारमा उनले विशिष्ट व्यक्तिको निवास विस्तारसम्बन्धी टिप्पणी उठाएका थिए। त्यति वेला मन्त्रालयको सहसचिव रहेका नारायणगोपाल मलेगोमाथि पनि सिआइबीले अनुसन्धान गरिरहेको छ। 'हाम्रो खोजीमा रहेका कतिपय व्यक्ति विदेश गइसकेको पाइएको छ,' सिआइबीका एक अधिकृतले भने, 'मुद्दा-मामिलाका कारण पनि थप अभियुक्त पक्राउमा समस्या भइरहेको छ।' अनुसन्धान प्रभावित हुँदा उच्चपदस्थमाथि प्रमाण जुटाउन कठिन हुन सक्ने प्रहरीको चिन्ता छ।

पक्राउ परेकामध्ये धेरैको बयान प्रहरीले लिइसकेको छ। मालपोतका पूर्वअधिकृत धर्मप्रसाद गौतमले ललितानिवासको जग्गा सरकारी नै भएकाले व्यक्तिको नाममा जानु गलत भएको बयान दिएका छन्। तर, सो जग्गा व्यक्तिको नाममा लैजान आफ्नो भूमिका नभएको उनको दाबी छ। सिआइबीले नक्कली मोहीलाई समेत पक्राउ गरेको थियो। मोहीहरूले पनि सो जग्गाबारे आफूलाई जानकारी नभएको, शोभाकान्त ढकाल तथा रामकुमार सुवेदीले केही पैसा दिएर उजुरी दिन लगाएको बयान दिएका छन्।

चारपटक गरेर बालुवाटारस्थित प्रधानमन्त्रीनिवाससँगैका एक सय ४३ रोपनी जग्गा हिनामिना भएको थियो। जसमा चारवटा छुट्टाछुट्टै मुद्दा दायरको तयारी भइरहेको छ। केही आरोपीले मुद्दाको हदम्यादको छिद्रमा खेलेर अनुसन्धानलाई डिसमिस गराउने प्रयास गरिरहेका छन्।

प्रस्तावित राजदूतहरूविरुद्ध उजुरी आह्वान

काठमाडौं/ संसदीय सुनुवाइ समितिले प्रस्तावित राजदूतविरुद्ध उजुरी आह्वान गरेको छ। बुधबार बसेको समिति बैठकले सार्वजनिक सूचना जारी गरेर उजुरी आह्वान गर्ने निर्णय गरेको हो।

समिति सचिव पद्मप्रसाद पाण्डेयका अनुसार १० दिनको समय दिएर बिहीबार उजुरी आह्वानको सूचना जारी हुनेछ। सरकारले विभिन्न मुलुक तथा नियोगको राजदूत परराष्ट्र मन्त्रालयका ६ जना सहसचिवको नाम सिफारिस गरेको छ।

२६ असारमा बसेको मन्त्रिपरिषद् बैठकले संयुक्त राष्ट्रसंघीय स्थायी नियोग न्युयोर्कमा लोकबहादुर थापा, राष्ट्रसंघीय नियोग जेनेभामा रामप्रसाद सुवेदी, फ्रान्समा सुधीर भट्टराई, थाइल्यान्डमा धनबहादुर ओली, युएईमा तेजबहादुर क्षेत्री र कुवेतमा घनश्याम लम्साललाई राजदूत सिफारिस गरेको थियो। प्रस्तावित राजदूतको संसदीय सुनुवाइ गर्न समितिले प्रस्ट आधार र सबुत प्रमाणसहित उजुरी आह्वान गरेको हो।

उजुरीकर्ताले १४ साउनसम्म उजुरी दिन पाउनेछन्। समितिले उजुरीमाथि छानबिन गरेर प्रस्तावित राजदूतको सुनुवाइ गर्नेछ। सुनुवाइ अनुमोदन भएपछि सम्बन्धित देशमा एग्रिमो (नाम स्वीकृत)का लागि नाम पठाइनेछ। एग्रिमो आएपछि राष्ट्रपतिले नियुक्त गर्नेछन्।

■ बागमती प्रदेशमा डेंगु संक्रमणको जोखिम उच्च

हालसम्म पाँच सय २० जना संक्रमित

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा यस वर्ष पनि डेंगु संक्रमणको जोखिम उच्च रहेको छ। बागमती प्रदेश स्वास्थ्य निर्देशनालय हेटौंडाका वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्टले धादिङ, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन र मकवानपुरमा डेंगु संक्रमित बिरामीको संख्या बढ्दो क्रममा रहेको जानकारी दिए।

२ साउनसम्म बागमती प्रदेशमा पाँच सय २० जनामा डेंगु संक्रमण पुष्टि भइसकेको उनको भनाइ छ। विष्टका अनुसार धादिङमा तीन सय आठ, काठमाडौंमा ४६, भक्तपुरमा ३७, ललितपुरमा २६, नुवाकोटमा २३, रामेछाप र चितवनमा २१-२१, काभ्रेमा ११, सिन्धुलीमा १०, मकवानपुरमा आठ, रसुवामा चार, दोलखामा तीन र सिन्धुपाल्चोकमा दुईजना संक्रमित भेटिएका छन्।

कीटजन्य रोग अनुसन्धन केन्द्रबाट गत चैत र वैशाखमा प्रदेशका पाँच जिल्लामा भएको डेंगु भेक्टर अध्ययनले २४ प्रतिशत घरमा डेंगु संक्रमणको जीवाणु भएको फेला पारेको थियो। जसमध्ये पानी राखिएको भाँडोका आधारमा काठमाडौंमा सबैभन्दा बढी चार सय ११, भक्तपुरमा तीन सय ८६, ललिपुरमा तीन सय ५९, मकवानपुर दुई सय ५७ र चितवनमा १० गरी कुल एक हजार ६ सय २३ वटा भाँडामा राखिएको पानीमा डेंगु जीवाणु फेला परेका थिए।

केन्द्रले गरेको अध्ययनअनुसार नमुना लिइएको पानी राखिएको भाँडोमध्ये सबैभन्दा बढी टायरमा १८.६ प्रतिशत, ट्यांकीमा १७.७ प्रतिशत, ड्रममा १०.२ प्रतिशत, जारमा १० प्रतिशत, खुला र जमेका पानीमा ९.४ प्रतिशत, बकेटमा ६ प्रतिशत र फूलका गमलामा ५.४ प्रतिशत डेंगु संक्रमणको जीवाणु भेटिएको वरिष्ठ जनस्वास्थ्य प्रशासक विष्टले बताए।

विगतका वर्षमा महामारीको रूपमा लिएको डेंगु नियन्त्रण तथा रोकथामका लागि प्रदेश सरकारले समयमै अभियान सञ्चालन गर्ने जनाएको छ। प्रदेशका सबै जिल्ला स्वास्थ्य कार्यालयमा च्यापिड रेस्पोन्स टिम तयारी अवस्थामा राख्न र उपचारको व्यवस्थापनमा जुट्न मन्त्रालयबाट पत्राचार भएको प्रशासक विष्टले जानकारी दिए। डेंगु संक्रमणसम्बन्धी सचेतनाका कार्यक्रमलाई अघि बढाउन र नर्सहरूलाई सो कार्यमा लाग्न निर्देशन दिइसकिएको उनको भनाइ छ। डेंगु नियन्त्रणका लागि आरटिडी किटको व्यवस्थापन, निजी तथा सरकारी अस्पतालका स्वास्थ्यकर्मीलाई राष्ट्रिय उपचार पद्धतिबारे अभिमुखीकरण, ज्वरो क्लिनिक सञ्चालन, प्रयोगशालाको व्यवस्थापन, पहिचान भएका व्यक्तिको प्रोटोकलअनुसार उपचार गर्न निजी तथा सरकारी अस्पताल र विभिन्न स्वास्थ्य संस्थालाई निर्देशन दिने काम भइरहेको प्रशासक विष्टले बताए।

डेंगु परीक्षणका लागि किटको व्यवस्था, स्वास्थ्यकर्मीलाई तालिम तथा अभिमुखीकरण, डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने तथा स्थानीय तहसँगको पैरवी, प्रदेश स्वास्थ्य आपत् कालीन कार्यसञ्चालन केन्द्र व्यवस्थापनलगायत लागि प्रदेश सरकारले आफ्नै स्रोत र संघबाट समेत बजेटको व्यवस्था गरेको छ। संघीय सरकारबाट ससर्त अनुदान तथा प्रदेश सरकारको समेत स्रोत परिचालन गरी तत्कालका लागि झन्डै एक करोड २० लाख रुपैयाँबराबरको बजेटको व्यवस्था गरिसकिएको विष्टको भनाइ छ।

प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशी भन्छन्-

डेंगु नियन्त्रणका लागि सरोकारवाला सबै एकजुट हुनुपर्छ



कोभिडभन्दा पनि डेंगु जटिल रोग भएकाले यसलाई महामारीको रूप लिन नदिन सबै निकाय सतर्क अवस्थामा रहनु आवश्यक छ। सरोकारवाला निकाय सबै एकजुट भएर मात्रै डेंगुलाई रोक्न सकिन्छ। त्यसकारण मन्त्रालयको जिम्मेवारीभित्र रहेर प्रदेश, स्थानीय, सरकारी, गैरसरकारी र निजी क्षेत्रलाई समेत आवश्यक तयारी गर्न निर्देशन दिएको छु। डेंगु संक्रमण नियन्त्रणका लागि मन्त्रालयले स्वास्थ्य कार्यालय प्रमुख, फोकल पर्सनसँग जुम मिटिङ गरी जोखिम नियन्त्रण र लामखुट्टेको स्रोतमै जीवाणु नष्ट गर्ने अभियान थाल्न निर्देशन दिइसकेको छ। सबै सरोकारवाला निकायसँग समन्वय गर्दै डेंगु नियन्त्रणमा अघि बढ्नुपर्छ।



संसदीय क्षेत्र विकास पूर्वाधार कार्यक्रम खारेज गर्न रिट दायर

रिटमा भनिएको छ–

- सांसदहरूले गर्ने खर्च अपारदर्शी हुने गरेकाले सांसद विकास कोषको रकम सदुपयोग हुन नसकेको भनी संसदीय समितिले पटक-पटक औंल्याइसकेको
- महालेखाले समेत सबैभन्दा बढी बेरुजु औंल्याएकोमा निजी चाहना र व्यक्तिगत प्राथमिकतामा सरकारी ढुकुटी खर्च गर्ने अधिकार दिइन नहुने

● पालिका अध्यक्षको क्षेत्राधिकार सांसदलाई दिन नहुने तर्क

पालिका अध्यक्षको क्षेत्राधिकारभित्र पर्ने विषय सांसदले गर्न नहुने निवेदकको भनाइ छ। सांसदहरूले गर्ने खर्च अपारदर्शी हुने गरेको तथा महालेखाले समेत सबैभन्दा बढी बेरुजु भनी औंल्याएकोमा निजी चाहना र व्यक्तिगत प्राथमिकताका आधारमा सरकारी ढुकुटीबाट रकम खर्च गर्ने अधिकार सांसदलाई नरहेको रिटमा उल्लेख छ। 'संविधानतः स्थानीय पालिकाका अध्यक्षहरू तथा वडाध्यक्षहरूलाई विकास निर्माणको कार्यान्वयन गराउने निकायको रूपमा संवैधानिक व्यवस्था गरिएको देखिन्छ भने संघीय संसद्का प्रतिनिधिहरूलाई राष्ट्रिय कानुन निर्माण गर्ने, आवश्यक कानुनहरू संशोधन गर्ने, राष्ट्रिय रूपमा देखिएका समस्याहरू समाधान गर्ने, राष्ट्रिय हितअनुकूलको बजेट निर्माण गर्नेलगायतका कार्यहरू गर्नुपर्नेमा पालिका अध्यक्षको क्षेत्राधिकारभित्र पर्नेलगायतका कार्यहरू गर्ने उद्देश्यले विनियोजन गरिएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेज गरी राज्यको ढुकुटी दुरुपयोग हुनबाट जोगाउन आवश्यक देखिएकाले सम्मानित अदालतको शरणमा आएका छौं,' रिटमा छ।

काठमाडौं/ संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। बुधबार दर्ता भएको रिटको पेसी बिहीबारका लागि तोकिएको सर्वोच्च प्रशासनले जनाएको छ।

अधिवक्ता अनिल आचार्य, राधिका खतिवडासमेतले दायर गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, अर्थमन्त्री प्रकाशशरण महत, संघीय संसद् सचिवालय, सभामुख देवराज घिमिरे तथा राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनालाई विपक्षी बनाइएको छ। अघिल्लो सरकारले खारेज गरिसकेको कार्यक्रमलाई पुनः निरन्तरता दिइनुले राष्ट्रको धनराशि दुरुपयोग हुने दाबी रिटमा गरिएको छ।

'... देशको ढुकुटी इतिहासमै सबैभन्दा कमजोर अवस्थामा रहेको छ। यस आर्थिक वर्षको बजेट भाषणमा बजेटमा खर्चको व्यवस्था गरिएको छ। तर, आम्दानीको स्रोत विश्वसनीय र सुनिश्चित गरेको देखिँदैन। कर्मचारीको तलब तथा दैनिक प्रशासनिक कामका लागि समेत राज्यसँग पर्याप्त रकम छैन। सांसद विकास कोषको रकम सदुपयोग हुन नसकेको भनी पटकपटक संसदीय समितिले विगतमै औंल्याइसकेका छन्,' रिटमा भनिएको छ।

तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष ०७८/७९ मा सांसद विकास कोष खारेज गरेका थिए। तर, चालू आर्थिक वर्षमा पुनः नाम मात्र फरक राखी यस कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसका लागि आठ अर्ब २५ करोड रुपैयाँसमेत विनियोजन भइसकेको छ। रिटमा सुविधा सन्तुलनको रोहमा अन्तरिम आदेश जारी गर्नुपर्ने माग निवेदकले गरेका छन्। जनहितविपरीतको कार्यक्रम भएकाले उत्प्रेषणको आदेशबाट उक्त कार्यक्रम बदर हुनुपर्ने माग रिटमा छ।

रिटमा माग छ, 'अधिकांश सरोकारवाला सांसदहरू यसको विरोधमा रहँदा-रहँदै जनताबाट अस्वीकृत भएको कार्यक्रम सीमित सांसदको व्यक्तिगत हितका लागि बजेटमा समावेश गरिनु संविधान, कानुन र जनताको हितविपरीतको कार्य रहेकाले उक्त संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम उत्प्रेषणको आदेशले बदर गरी कार्यान्वयन नगर्नू-नगराउनू भनी परमादेशको आदेश जारी गरिपाऊँ।'

प्रक्रियागत ढिलाइले प्रधानमन्त्री असन्तुष्ट

महत्त्वपूर्ण विधेयकका फाइल मन्त्रालय र मन्त्रिपरिषद् समितिमा अड्किएपछि प्रधानमन्त्रीले छलफल थाले, नीतिगत निर्देशन दिने तयारी

कमलराज भट्ट/नयाँ पत्रिका

संविधान कार्यान्वयनका महत्त्वपूर्ण कानुनको मस्यौदा कार्यपालिकाको प्रशासनिक प्रक्रियामा अल्झिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले असन्तुष्टि जनाएका छन्। प्रधानमन्त्रीको जोड रहेको संघीय शिक्षा, संघीय निजामती, संघीय प्रहरीलगायत महत्त्वपूर्ण ऐनको विधेयक मन्त्रालयगत प्रक्रिया र मन्त्रिपरिषद्को समितिमा लामो समय रहँदा सदनमा आउन सकेको छैन।

विधेयकको मस्यौदा फाइल अन्तरमन्त्रालयमा घुमिरहने र सदनमा पुग्न समय लागेपछि प्रधानमन्त्री प्रचण्डले बुधबारको मन्त्रिपरिषद् बैठकमा असन्तुष्टि जनाएका हुन्। 'मन्त्रिमण्डलको विभिन्न प्रस्ताव, विषयगत मन्त्रालयबाट आएका विधेयक मन्त्रिपरिषद्को समितिमा जाँदा छिटो-छरितो किसिमले निर्णय गर्ने प्रक्रियामा जानुपर्छ भन्नुभएको हो,' परराष्ट्रमन्त्री एनपी साउदले भने, 'प्रधानमन्त्रीज्यूले समितिमा छलफलहरू चाँडोचाँडो टुंग्याउने गरेर जानुपर्छ भन्नुभयो।'

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईले पनि विधेयकमा परामर्श लिने लम्बेतान प्रक्रियाबारे मन्त्रिपरिषद्मा छलफल भएको बताए। 'क्याबिनेटमा हामीले यो समस्याबारे छलफल गरेका छौं। छिटोभन्दा छिटो परामर्श दिने कुरालाई कसरी कार्यान्वयनमा ल्याउने भन्ने सन्दर्भमा अब गम्भीरतापूर्वक छलफल गर्नुपर्छ। अर्को मन्त्रिपरिषदमा नीतिगत निर्देशन नै जारी गर्ने गरी निर्णय गर्नुपर्छ भन्ने सहमति बनेको छ,' मन्त्री राईले भने।

बुधबार बसेको प्रतिनिधिसभाको शिक्षा, विज्ञान तथा प्रविधि समिति बैठकमा सांसदहरूको जिज्ञासामा मन्त्री राईले शिक्षा मन्त्रालयले ऐनको मस्यौदा समयमै तयार गरेर दिए पनि परामर्शमा अल्झिँदा संसद्मा लान नसकेको बताएका थिए। विधेयकमा सल्लाह लिने प्रक्रिया धेरै लामो हुनु पीडादायी भएको उनको भनाइ थियो। 'एउटा मन्त्रीले मात्र होइन, मन्त्रिपरिषद् र प्रधानमन्त्रीले चाहँदा पनि यो प्रक्रियाभित्र फाइदा घुम्दा ढिलाइ हुने अहिलेको हाम्रो प्रशासनिक व्यवस्था जुन प्रक्रियामुखी छ, यसको मारमा सबै परेका छन्। शिक्षा मन्त्रालय पनि परेको छ,' मन्त्री राईले भने, 'यसलाई हामीले एक्सन ओरियन्टेड (कार्यमुखी) बनाउन जरुरी छ।'

आफ्नो मन्त्रालयअन्तर्गतको कानुन निर्माणको प्रगति सुनाउने क्रममा मन्त्री राईले मन्त्रालयले धेरै ऐनको मस्यौदा गरिसकेको र मुख्य जिम्मेवारी ठानेर अगाडि ठेल्ने काम भइरहेको बताए। हाल मन्त्रिपरिषद्को विधेयक समितिमा रहेको विद्यालय शिक्षा ऐन-कानुन मन्त्रालयबाट फिर्ता आउन पाँच महिनाभन्दा बढी लागेको सुनाए। 'म आउँदा विद्यालय शिक्षा ऐन-कानुन मन्त्रालयमा गएको चार महिना बितिसकेको थियो। म आएपछि पनि दुई महिनाको प्रयत्नमा बल्ल हामीले मन्त्रिपरिषद्मा प्रवेश गर्न सक्यौं,' उनले भने, 'त्यसपछि एक साताभित्र प्रतिवेदन तयार हुनुपर्छ भनेर मन्त्रिपरिषद्को विधेयक समितिमा पठाएर जिम्मा दियौं। साता बितेको धेरै भयो। अझै केही समय लाग्लाजस्तो छ।'



प्रधानमन्त्रीले चाहँदा पनि चाँडो निर्णय हुने अवस्था छैन

● **अशोक राई**, मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि



प्रक्रियामुखी प्रशासनिक व्यवस्थाका कारण एउटा मन्त्रीले मात्र होइन, मन्त्रिपरिषद् र प्रधानमन्त्रीले चाहँदा पनि छिटो-छरितो किसिमले निर्णय हुने अवस्था छैन। यो प्रक्रियाभित्र फाइल घुमेको-घुम्यै हुने अवस्था छ। त्यसैले क्याबिनेटमा यो समस्याबारे छलफल भएको छ।

छलफलहरू चाँडै टुंगियोस् भन्नेमा प्रधानमन्त्रीको ध्यान छ

● **एनपी साउद**, मन्त्री, परराष्ट्र



मन्त्रिमण्डलका विभिन्न प्रस्ताव, विषयगत मन्त्रालयबाट आएका विधेयक मन्त्रिपरिषद्को समितिमा जाँदा छिटोछरितो किसिमले निर्णय गर्ने प्रक्रियामा जानुपर्छ भन्ने प्रधानमन्त्रीको भनाइ छ। मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्रीज्यूले समितिमा छलफल चाँडोचाँडो टुंग्याउने गरेर जानुपर्छ भन्नुभयो।

सचिवहरूका वैदेशिक भ्रमणले ढिलाइ

मन्त्रिपरिषद्को विधेयक शाखाका सचिवहरू विदेश भ्रमणमा जाँदा यो विधेयकको प्रक्रिया रोकिएको उनले समितिमा जानकारी गराए। 'मन्त्रिपरिषद्ले सात दिनमा विधेयकको रिपोर्ट दिन निर्णय गरेर दिएको थियो। तर, विधेयक समितिमा रहेका दुई सचिव १५ दिनलाई विदेश जानुभएछ। उहाँहरू नभएपछि काम रोकिने अवस्था भयो,' उनले सुनाए, 'यदि सबै प्रक्रिया स्वस्फुर्त रूपमा भएको भए यो साता विधेयक संसद्मा गइसक्ने थियो।' यस विषयमा आफूले मन्त्रिपरिषद्मा कुरा उठाएको र अन्य सचिवलाई जिम्मेवारी दिनुपर्ने धारणा राखेको बताए।

मन्त्री राईले अहिले पनि धेरै ऐन परामर्शका लागि अर्थ मन्त्रालयमा गएको सुनाए। विधेयकको प्रणालीलाई सुधार्ने पक्षमा सिंगो मन्त्रिपरिषद्ले पहल थालेको उनको भनाइ थियो। मन्त्री राईले ऐन-कानुनको रिक्तता रहनु ज्यादै आपत्तिजनक भएकाले यसलाई प्राथमिकतामा राखेर अगाडि बढिएको बताए। ऐन-कानुनको अभावले शिक्षामा अलमल र अव्यवस्थाको अवस्था देखिएको उनको भनाइ थियो। 'स्थानीय तहको सरकारलाई माध्यमिक शिक्षाको जिम्मा सुम्पिएका छौं। ऐन-कानुन बनेको छैन। उहाँहरूले आफैं पहल गरेर ऐन-कानुन बनाउन सुरु गर्नुभएको छ।

शिक्षा मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले छाता ऐन ल्याउन ढिलाइ भएकोमा प्रधानमन्त्री नै चिन्तित रहेको बताए। उनले विधेयकको प्रक्रियागत प्रणालीमा सुधारको जरुरी रहेको बताए। मन्त्रालयका सहसचिव हरि लम्सालले ऐन निर्माणको सन्दर्भमा भइरहेको ढिलाइ अन्त्य गर्न अन्तरमन्त्रालय फाइलको अध्ययन गरेर ताकेता गरिरहिन संसदीय समितिलाई अनुरोध गरे।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति: २०८०/०४/०४)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
१. नाम: विर बहादुर बम ठेगाना: भिमदत्त-१०, कञ्चनपुर बुवा: धनबहादुर बम बाजे: दलबहादुर बम कर्जा शिर्षक: हायर पर्चेज कर्जा	१. यस संस्थाको नाममा धनी कायम भई ऋणी विर बहादुर बमको नाममा भएको सु. प. प्र. ०१-००१क१७०५ को १ वटा आइसर मिनी ट्रक २. विसना देवीबमको नाममादर्ता रहेको कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं.१० स्थित कित्ता नं. ६७२१ र ६७१९ को क्षेत्रफल क्रमशः ४८८.५० र ८६७.८० वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	विसना देवी बम ठेगाना: भिमदत्त-१०, कञ्चनपुर श्रीमान्: धनबहादुर बम बुवा: अकबर बहादुर पाल सोनु चन्द ठेगाना: भिमदत्त-१०, कञ्चनपुर श्रीमान्: विर बहादुर बम बुवा: दलबहादुर चन्द
२. नाम: पशुपतिनाथ काष्ठ फर्निचर उद्योग ठेगाना: मेचीनगर-१५, झापा दर्ता नं.: ९६०/१६३३/१६०५८	चञ्चल राजबंशी र दुलाली रजबंशीको नाममा दर्ता रहेको झापा जिल्ला ज्यामिरगढी गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १०७१ र १३१९ को क्षेत्रफल क्रमशः ०-३-० र ०-१-० (बि.कि.धु.) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	सहनलाल राजबंशी ठेगाना: मेचीनगर-१५,झापा बुवा: चञ्चल राजबंशी बाजे: चाबुक राजबंशी पुजा राजबंशी ठेगाना: ज्यामिरगढी-२, झापा बुवा: पुष्पलाल राजबंशी बाजे: मोहन प्रसाद राजबंशी चञ्चल राजबंशी ठेगाना: ज्यामिरगढी-२, झापा बुवा: चाबुक राजबंशी बाजे: सुर्ज मान राजबंशी मोहनलाल राजबंशी ठेगाना: ज्यामिरगढी-२,झापा बुवा: चञ्चल राजबंशी बाजे: चाबुक राजबंशी दुलाली राजबंशी ठेगाना: ज्यामिरगढी-२, झापा श्रीमान्: चञ्चल राजबंशी अनुषा राजबंशी ठेगाना: मेचीनगर-१५, झापा बुवा: बेनु राजबंशी बाजे: आखा राजबंशी अजित राई ठेगाना: ज्यामिरगढी-२, झापा बुवा: नुहाँन राई बाजे: अबिदल राई
३. नाम: श्री लटिनाथ हार्डवयर एसल प्रोपाइटर: शेर बहादुर पाल ठेगाना: भिमदत्त-१०, कञ्चनपुर कर्जा शिर्षक: साना तथा मझौला व्यवसाय कर्जा	बमबहादुर पालको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं.१० स्थित कित्ता नं. ७४२२ को क्षेत्रफल ८०९६.०० वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	शेर बहादुर पाल ठेगाना: भिमदत्त-१०,कञ्चनपुर बुवा: बम बहादुर पाल बाजे: अकबर बहादुर पाल तेज बहादुर पाल ठेगाना: भिमदत्त-१०,कञ्चनपुर बुवा: बम बहादुर पाल बाजे: अकबर बहादुर पाल पुष्कर बहादुर पाल ठेगाना: भिमदत्त-१०,कञ्चनपुर बुवा: बम बहादुर पाल बाजे: अकबर बहादुर पाल बम बहादुर पाल ठेगाना: भिमदत्त-१०,कञ्चनपुर बुवा: अकबर बहादुर पाल बाजे: झुसे पाल श्रीमती राजु पाल ठेगाना: भिमदत्त-१०,कञ्चनपुर श्रीमान: बम बहादुर पाल बुवा: हंश बहादुर बम लक्ष्मी कुमारी मल्ल ठेगाना: भिमदत्त-१०,कञ्चनपुर श्रीमान: पुष्कर बहादुर पाल बुवा: पदम बहादुर मल्ल

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

सिन्धुज्वाला हाइड्रोपावर लि. को अत्यन्त जरूरी सूचना

Sindhujwala Hydropower Ltd.

यस सिन्धुज्वाला हाईड्रोपावर लि. को संचालक समितिसंग मुद्धामा सम्मानित उच्च अदालत पाटनबाट मिति २०८०/०२/०८ गते भएको पूर्ण फैसला मुताबिक कम्पनीको संस्थापना गर्ने संचालक समिति वैध भएको भन्ने कम्पनी रजिष्ट्रारको कार्यालय निर्णय सदर भई सकेको छ। उक्त निर्णय कार्यान्वयन गर्ने क्रममा अदालतले अवैध ठहराई सकेका संचालकहरुले अदालतको मानहानी हुने तथा उक्त फैसलालाई उपेक्ष गरि विभिन्न गतिविधि गरेको पाइएकोले सो कार्य नगर्न नगराउन आग्रह गर्दछ। यस कार्यमा संलग्न शेयरधनी भन्ने अर्जुन बन्धु रेग्मी एवंम प्रकाश रजौरे आदिले कम्पनीको सवारी साधन, कम्पनिसंग सम्बन्धित सबै खाले आधिकारिक कागजात, कम्पनीको छाप एवंम कम्पनीको लेटर हेड समेत प्रयोग गरी कम्पनीलाई हानि नोक्सानी पुर्याउने मनशायले विभिन्न गतिविधि गरेकाले यो सूचना प्रकाशित मितिले ३ दिन भित्र सम्पूर्ण सवारी साधन, कम्पनीको छाप एवंम कम्पनीको लेटर हेड आदि फिर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानुनी कार्वाही बढाउने व्यहोरा सुचित गरिन्छ।

संस्थापक संचालक समिति

हकदावीको सूचना

गण्डकी प्रदेश, पर्वत जिल्ला, कुश्मा नगरपालिका, वडा नं. ११ (साबिक पकुवा गा. वि. स. वडा नं. १) मा बस्ने श्री गजाधर पाध्याको छोरी, श्री कपिला मणि जैसीको पत्नि, श्री रुकमाया जैसिनीको मिति २०८०/०२/०९ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैकमा रहेको बचत खाता नं. १९६०५०८००७५९२३ र मुद्धति खाता खाताहरु १९६०३१४०००२८३७ र १९६०३१४०२५२६८३ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको छोरा ईश्वरी प्रसाद भुषालले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय
कुश्मा, पर्वत
फोन नं.:- ०६७ -४२११४२, ४२११६०

प्रभु बैंक लिमिटेड शाखा कार्यालय दमौली, तनहुँका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सुचना, प्रकाशित मिति २०८० साल श्रावण महिना ०४ गते विहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएका मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय दमौली, तनहुँमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०५/१४ गते विहिवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय दमौली,तनहुँमा दिनको ठीक ३:००(तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग बिकास समिति मुख्य शाखा कार्यालय, तनहुँ, दमौलीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०७४/०४/२३ मा प्रा.फ.र.नं. ४४०५/०७४/०७५ स्थानीय, व्यापारमा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, पोखरा, करदाता सेवा कार्यालय, दमौलीबाट मिति २०७४/०४/२४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६३६४३४६ को प्रमाणपत्र प्राप्त **तनहुँ किराना स्टोर्स** । **रजिष्ट्रर्ड ठेगाना** : जिल्ला तनहुँ व्यास न.पा. वडा नं.०२, भेटघाट चोक ।	**प्रोप्राइटर तथा जमातकर्ता : विनोद गोतामे** (ना.प्र.नं. ४३१०२५/५१२, जारी मिति २०६९/०४/३२ जारी गर्ने कार्यालय जि.प्र.का. तनहुँ) ठेगाना : जिल्ला तनहुँ, तनहुँसुर गा.वि.स.वडा नं.०३, (हाल भानु न.पा.वडा नं. ०६)। बाबु : रामजी गोतामे। बाजे : च्यासे सार्की।
जमानतकर्ता : सुन माया गोतामे (ना.प्र.नं. ९०६५७ जारी मिति २०६३/०३/११ प्रतिलिपी जारी मिति २०६५/०५/२४ जारी गर्ने कार्यालय जि.प्र.का. तनहुँ)। ठेगाना : जिल्ला तनहुँ, तनहुँसुर गा.वि.स.वडा नं.०३, (हाल भानु न.पा.वडा नं. ०६)। बाबु : श्यामबहादुर सुर्खाली। पति/ससुरा : रामजी गोतामे।	**जमानतकर्ता : राधा दुलाल** (ना.प्र.नं. ४३१०३३/९१९ जारी मिति २०७०/०४/२० जारी गर्ने कार्यालय जि.प्र.का. तनहुँ)। ठेगाना : जिल्ला तनहुँ मनपाङ गा.वि.स.वडा नं. ०६, (हाल म्याग्दे गा.पा. वडा नं. ०६)। बाबु : चिन्तामणी सार्की। पति/ससुरा : विनोद गोतामे/रामजी गोतामे।
ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरण : १. सुन माया सार्कीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ठा कायम रहेको चितवन जिल्ला पंचकन्या गा.वि.स वडा नं. ७ (हाल रत्ननगर न.पा. वडा नं. ११) नक्सा सिट नं. ७ख स्थित कित्ता नं. ३७१ र ३७४ को क्षेत्रफल क्रमशः ०-०-३-० र ०-०-५-० को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. ऋणी **तनहुँ किराना स्टोर्स**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण।	

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय दमौली, तनहुँ**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोकेे बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा र शाखा कार्यालय दमौली, तनहुँमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Karnali River Management Project
Rajapur Bardiya

Issuance of Letter of Intent to Award the Contract

Date of publication: 4th Shrawan 2080 (20 july 2023)

This is to notify all the concerned bidders as per Public Procurement Act 2063 clause no 27(2) that, it is our intention to award the following contracts to you for execution of the contracts as your bid price as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as lowest evaluated substantially responsive bid.

S.N.	Contract ID	Bidders Name & Address of Bidder	Bid Price with VAT
1	KRMP/GRB/NCB/31/079/80	NS-Bayan-Khumchandra JV, Dailekh	13,40,52,932.02
2	KRMP/GRB/NCB/32/079/80	NS-Bayan-Bseven JV, Dailekh	8,26,15,506.58

CC: KRMP/GRB/NCB/31/079/80
Oasis-Naba Janukadevi JV Rasuwa, Galwa-Prasamsa JV Kailali, Jay Ma-Siddhanta JV Dang and Khadka Krishna Construction, Banke.
KRMP/GRB/NCB/32/079/80
Naba Janukadevi-New Tech JV Rasuwa, Oli/JK JV Banke and Jay Ma-Siddhanta JV Dang.

Project Director

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र,

धनगढी, कैलाली, नेपाल

आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना

(सूचना प्रकाशन मितिः २०८०/०४/०४)

यस कार्यालयको मिति २०८०/०२/१८ गतेको बोलपत्र आव्हानको सूचना बमोजिम E–Bidding मार्फत समय सीमाभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजन



'प्रोजेक्ट के'मा प्रभास

मल्टी स्टारर फिल्म 'प्रोजेक्ट के'मा प्रभासले सुपर हिरोको अभिनय गर्दै छन् । १२ जनवरी २०२४ मा रिलिज हुने यस फिल्ममा दीपिका पादुकोण, अमिताभ बच्चन र कमल हसन पनि छन् । निर्माण पक्षले २० जुलाईमा फिल्मको टिजर र यससँग जोडिएका जानकारी विस्तृतमा सार्वजनिक गर्ने योजना बनाएको छ ।



'हामी तीन भाइ'मा लक्ष्मी बर्देवा

फिल्म 'हामी तीन भाइ'मा अभिनेत्री लक्ष्मी बर्देवा मुख्य भूमिका रहने भएकी छिन् । मधुसूदन भट्टराईको निर्देशन रहने फिल्ममा लक्ष्मीसँगै विनोद न्यौपाने, कुशल विष्ट, जाहान्वी बस्नेत, राजाराम पौडेल, रवीन्द्र झा, तारा शर्माको अभिनय रहनेछ । निर्देशक भट्टराईको कथा रहेको फिल्ममा पटकथा तथा संवाद शिवम अधिकारीले लेखेका हुन् ।

पिएसपी भएकाको स्याहार कसरी ?



डा. एन्जिलमणिसिंह महर्जन
न्युरोलोजिस्ट, उपेन्द्र देवकोटा मेमोरियल न्युरो हस्पिटल, बाँसबारी

प्रोग्रेसिभ सुप्रान्युक्लियर पाल्सी (पिएसपी) मस्तिष्कसम्बन्धी एउटा जटिल रोग हो । यो रोग लागेपछि निको हुँदैन । मस्तिष्कको स्नायु सुक्दै जान्छ । सामान्यतया ६० वर्ष कटेका मानिसमा यो रोग देखिन्छ । कसै-कसैलाई ४५ वर्षको उमेरमा पनि यो रोग लाग्न सक्छ । यो रोग बिस्तारै-बिस्तारै बढ्दै जान्छ र केही वर्षमै बिरामीको ज्यान जाने गरेको पाइन्छ ।

■ लक्षण

रोग लागेपछि सुरुमा निराशा देखिने, हिँड्न गाह्रो हुने हुन्छ । हिँड्दा लडिएलाजस्तो हुन्छ । बिस्तारै खाना निल्न र हिँडडुल गर्न नसक्ने हुन्छ । त्यसपछि ह्विलचेयर वा लौरोको सहायता लिनुपर्ने हुन्छ । रोग बढ्दै जाँदा बस्न गाह्रो हुन्छ, बेडमा सुतिरहनुपर्ने अवस्था आउँछ । यो रोग बिस्तारै-बिस्तारै बढ्दै जान्छ । बिरामीलाई निल्न नसक्ने समस्या हुन्छ । कसै-कसैलाई निद्रा नलाग्ने, टाउको बाँगिने हुन्छ । त्यसैगरी, स्मरणशक्ति हराउँदै जाने, बोल्न कठिन हुने, सुरुमा तल अथवा माथि हेर्न गाह्रो हुन्छ । तल-माथि हेर्न गाह्रो हुँदा भर्‍याङ चढ्न गाह्रो हुने हुन्छ । यो रोगले आफैँ ज्यान लिँदैन, तर हिँडडुल गर्न नसक्ने, शारीरिक कसरत नहुने अवस्थामा पुर्‍याउँछ । शरीरमा विभिन्न किसिमको इन्फेक्सन, पिसाबको इन्फेक्सन, खुट्टाको नलीमा रगत जम्ने, सास फेर्न गाह्रो हुनेलगायत समस्या देखिन्छन् । त्यसको केही वर्षमा मानिसको ज्यान जान सक्छ ।

यो रोग लागेपछि मस्तिष्कमा स्नायु सुक्दै, बिग्रँदै जान्छ । तर, के कारणले सुक्दै र बिग्रँदै जान्छ भनेर मेडिकल साइन्सले पनि पत्ता लगाउन सकेको छैन । यो रोग पार्किन्सन्स डिजिजसँग मेल खान्छ । पार्किन्सन्स डिजिजमा औषधि खाँदा बिरामीले सहज भएको महसुस गर्छन् । तर, पिएसपी भएका बिरामीले सहज महसुस भएको पाइएको छैन । रोग सुरुमै पत्ता लगाउन वा रोग बढ्न नदिनका लागि पनि कुनै औषधि हालसम्म पत्ता लागेको छैन ।



■ स्याहार

- रोग लागेको शंका लाग्नासाथ न्युरोलोजिस्ट चिकित्सकसँग परामर्श गर्नुपर्छ । पार्किन्सन्स रोगसँग लक्षण मिल्दोजुल्दो हुने भएकाले चिकित्सकलाई पनि यो रोग पत्ता लगाउन गाह्रो पर्छ । मस्तिष्कको स्क्यान गरेर मात्र यो रोग पत्ता लगाउन सकिन्छ ।
- रोगबारे परिवारको सदस्यले बुझ्ने र बिरामीलाई सहयोग गर्ने । हौसला दिने ।
- भर्‍याङ तल-माथि गर्दा, हिँडडुल गर्दा ध्यान दिने । हेर्न सजिलो होस् भनी चस्मा लगाइदिने ।
- निल्न गाह्रो हुँदा नाकबाट, पेटमा प्वाल पारी पाइप हालेर खान खुवाउन सकिन्छ ।
- न्युरोलोजिस्ट चिकित्सकको परामर्शअनुसार बिरामीलाई आवश्यक स्याहार गर्नुपर्छ ।

मुड अफ हुँदा...



- वातावरण प्रदूषण, शारीरिक दुखाइ, अत्यधिक थकान, मनमुटावलगायत विभिन्न परिस्थितिजन्य कारणले मुड अफ हुन सक्छ । यस्तो वेलामा मानिसहरू तनावमा रहनु स्वाभाविक हो । हामीले केही उपाय लगाएर आफूलाई फ्रेस बनाउने कोसिस गर्न सक्छौं ।
- रमाइलो गीत-संगीत सुन्ने, नाच्ने, गाउने, खुला हावा, फूलबारी वा बगैंचामा घुम्ने गर्नुपर्छ । आफूलाई मन पर्ने रमाइलो कार्यमा संलग्न हुने, कमेडी फिल्म हेर्ने, जोक्स पढ्ने, सुन्ने, घुम्न जाने, मिल्ने साथीभाइसँग भेटघाट गर्ने गर्नुपर्छ । कफी, चकलेटको सेवनले पनि मुडलाई राम्रो बनाउँछ ।
- तनावले पनि हाम्रो मुड अफ हुने हुँदा तनाव कम गर्ने क्रियाकलापमा संलग्न हुने, आराम गर्ने, रिफ्रेस हुने गर्नुपर्छ । पानी प्रशस्त पिउँदा मन शान्त रहन सहयोग मिल्छ । मुड अफ हुँदा आनन्ददायी अभ्यास गर्नुपर्छ, श्वासप्रश्वासको अभ्यास गर्ने, लामो गहिरो श्वास लिने र छोड्ने गर्नुपर्छ । ध्यान वा माइन्ड फुलनेसको अभ्यासले पनि मुड फ्रेस हुन्छ ।
- मन परेका पुस्तक पढ्ने वा सिनेमा हेर्ने, चित्रकला नियाल्नेलगायत सिर्जनात्मक काममा ध्यान दिन सकिन्छ ।

प्रधान र आचार्यलाई हेमबहादुर मल्ल सम्मान



काठमाडौं/ सार्वजनिक प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएबापत गोरक्षबहादुर न्हुच्छें प्रधान र भानुप्रसाद आचार्यलाई 'हेमबहादुर मल्ल सम्मान' प्रदान गरिएको छ । नेपाल जनप्रशासन संघले बुधबार आयोजना गरेको कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादवले प्रधानलाई २०७७ र आचार्यलाई २०७८ सालको सम्मान प्रदान गरे । सम्मानको राशि जनही रु. दुई लाख रहेको छ ।

सम्मानित व्यक्तित्व प्रधानले करिब चार दशक सरकारी सेवामा बिताएका थिए । उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलगायत निकायमा काम गरेका थिए । प्रधान उच्चस्तरीय प्रशासन सुधार अनुगमन समितिको प्रमुखको भूमिकामा पनि थिए ।


अर्का सम्मानित व्यक्तित्व आचार्यले महालेखापरीक्षक, महालेखा नियन्त्रक, अर्थसचिव, उद्योगसचिवलगायत भूमिका निर्वाह गरिसकेका छन् । सम्मान छनोटका लागि पूर्वगभर्नर एवं पूर्वसचिव दीपेन्द्रपुरुष ढकालको संयोजकत्वमा संघका अध्यक्ष कृष्णहरि बाँस्कोटा, साल्ट ट्रेडिङ कर्पोरेसनका तत्कालीन अध्यक्ष कल्याणगोविन्द श्रेष्ठ, पूर्वसचिवद्वय पूर्णचन्द्र भट्टराई र यामकुमारी खतिवडा सदस्य थिए ।

हेमबहादुर मल्ल सम्मानबाट यसअघि केदारभक्त माथेमा, चाँदनी जोशी, डा. भगवान कोइराला, डा. विमल कोइराला, महावीर पुन, भोजराज पोखरेल, दमननाथ ढुंगाना, डा. सुरेशराज शर्मा, खिलराज रेग्मी, उमेश मैनाली, दामोदर गौतम, डा. देवेन्द्रराज पाण्डे, कुलमान घिसिङ, डा. सन्दुक रुइत, डा. गौरीशंकरलाल दास र सूर्यनाथ उपाध्याय सम्मानित भइसकेका छन् ।

संघ र साल्ट ट्रेडिङ कर्पोरेसनको समझदारीमा ०५९ सालमा हेमबहादुर मल्ल सम्मान स्थापना गरिएको थियो ।

साउनमा मेहदीको महत्त्व

धार्मिक दृष्टिकोणले साउन पवित्र महिना हो । यो महिनामा हिन्दू धर्मावलम्बीहरू भगवान् शिवको व्रत बस्दै आराधना गर्छन् । मेहदीले छालालाई पवित्र बनाउँछ भन्ने मान्यता पनि छ । त्यही कारण पनि यस महिनामा महिलाहरू मेहदी लगाउँछन् ।



परापूर्वकालदेखि नै महिलाले मेहदी लगाउने चलन छ । यसलाई सुन्दरताको प्रतीकका रूपमा पनि लिइन्छ । हातखुट्टामा मेहदी लगाउँदा मानिसको छालामा लाग्ने विभिन्न रोगबाट बच्न सकिन्छ भन्ने विश्वास पनि छ । किनकि, मेहदी आफैंमा एन्टिब्याक्टेरियल वनस्पति हो । साउनमा अत्यधिक वर्षा हुने तथा खेतिपातीको काम गर्नुपर्ने भएकाले पनि हातखुट्टामा हिलो लाग्ने, चिलाउने, घाउ हुनेलगायत समस्या धेरैमा देखिन्छ । यस्ता समस्या कम गर्न पनि मेहदीले भूमिका खेल्छ भन्ने मान्यताअनुसार नै प्राचीनकालदेखि विभिन्न वनस्पतिलाई पिसेर त्यसको मिश्रणलाई मेहदीका रूपमा लगाउने गरिएको छ ।

हिजोआज पिसेको पातको धुलो बजारमा किन्न पाइन्छ । मेहदी आर्टिस्टहरूले विभिन्न आकर्षक डिजाइनका चित्रहरू तयार गर्छन् । हात र खुट्टामा कोरिएका मेहदीका रंगीन बुट्टाले महिलालाई स्टाइलिस देखाउँछ ।

'साइबर सुरक्षा' सार्वजनिक

काठमाडौं/ बागमती प्रदेश सञ्चार रजिस्ट्रार कार्यालयद्वारा प्रकाशित साइबर सुरक्षा नामक पुस्तक बुधबार विमोचन गरिएको छ । बागमती प्रदेश सरकारका प्रवक्ता गंगाराम श्रेष्ठले पुस्तक विमोचन गरेका हुन् । कार्यक्रममा बोल्दै उनले बागमती प्रदेशमा सूचना प्रविधि र साइबर सुरक्षासँग सम्बन्धित विषयमा कानुन निर्माण गरी कार्यान्वयन गरिने बताए । सञ्चार रजिस्ट्रार रेवती सापकोटाले कम्प्युटर, मोबाइल फोन, इन्टरनेट र सामाजिक सञ्जालको दैनिक प्रयोग गर्ने सवालमा आउने चुनौती र सुरक्षा उपायहरूका विषयमा जानकारी गराउने उद्देश्यले साइबर सुरक्षा पुस्तक प्रकाशित गरिएको बताए । पुस्तकमा साइबर कानुनको इतिहास, अन्तर्राष्ट्रिय साइबर कानुन, साइबर स्पेस र गोपनीयता, डिजिटल प्रोपर्टी, सामाजिक सञ्जालसम्बन्धी कानुन, आचारसंहिता, नैतिक मूल्य-मान्यतालगायत विषय समावेश छन् । प्रवेश सुवेदीले सम्पादन गरेको पुस्तकलाई बाबुराम अर्याल, गंगालाल चपाई र रविराज बरालले सह-लेखन गरेका हुन् ।

सवारी साधन लिलाम बिक्री सम्बन्धी शीलबन्दी बोलपत्र आह्वानको १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/४/४ गते

यस महालक्ष्मी विकास बैंक लि.को विभिन्न शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको सावाँ, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले सुरक्षण वापत रहेको सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा सुरक्षण रहेका सवारी साधनहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम आवश्यक कारवाही अगाढी बढाईने जानकारी गराइएको छ ।

तपसिल

न्युरोड (पोखरा) शाखा :

१) ऋणी : श्री पोखरा त्रिशक्ति ढुवानी सेवा प्रा.लि.
दर्ता नं. १४९०१/०५७/०५८, मिति : २०५७/१०/२४
पान नं. ३००८७६३१४
ठेगाना : पो.म.न.पा. वडा नं. ८ कास्की
(सञ्चालक श्री नवराज गुरुङ)
बाबु : श्री शम्शेर बहादुर गुरुङ्ग, बाजे : श्री देवान सिंह गुरुङ्ग
ठेगाना : धिताल गा.वि.स. वडा नं. ७ कास्की

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री नरेश गुरुङ्ग, बाबु : श्री नवराज गुरुङ्ग, बाजे : श्री शम्शेर बहादुर गुरुङ्ग
ख) श्री शीव कुमारी क्षेत्री, बाबु : श्री छबीलाल क्षेत्री, ससुरा : श्री शम्शेर बहादुर गुरुङ्ग, पति : श्री नवराज गुरुङ्ग
ग) श्री नवराज गुरुङ्ग, बाबु : श्री शम्शेर बहादुर गुरुङ्ग, बाजे : श्री देवान सिंह गुरुङ्ग
ठेगाना : धिताल गा.वि.स. वडा नं. ७ कास्की

क्र.सं	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
१.१	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 02M63849392 च्यासिस नं. : MAT388116L2R07660 गाडी दर्ता नं. : ग १ क ५४४४ बनेको साल : 2021	थली, काठमाण्डौ
१.२	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 02M63848933 च्यासिस नं. : MAT388116L2R07649 गाडी दर्ता नं. : ग १ क ५४४५ बनेको साल : 2021	थली, काठमाण्डौ
१.३	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 02M63849774 च्यासिस नं. : MAT388116L2R07647 गाडी दर्ता नं. : ग १ क ५४४६ बनेको साल : 2021	थली, काठमाण्डौ
१.४	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 02L63846456 च्यासिस नं. : MAT388116L2R05789 गाडी दर्ता नं. : ग १ क ५४४७ बनेको साल : 2020	
१.५	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 02L63846454 च्यासिस नं. : MAT388116L2R06119 गाडी दर्ता नं. : ग १ क ५४४८ बनेको साल : 2020	थली, काठमाण्डौ
१.६	LPK2518 SRT 10x20 NT	इन्जिन नं. : 02K63842952 च्यासिस नं. : MAT479148L3R10067 गाडी दर्ता नं. : ग १ क ५४४९ बनेको साल : 2021	
१.७	LPK2523 SRT 10x20 NT	इन्जिन नं. : 02A63828936 च्यासिस नं. : MAT479148L3R02474 गाडी दर्ता नं. : ग १ क ५४५० बनेको साल : 2020	
१.८	SK 1613 CRi 6 HYWA TYPE	इन्जिन नं. : CRI675APY101206 च्यासिस नं. : MAT388398K2B02411 गाडी दर्ता नं. : ग १ क ५२३० बनेको साल : 2019	ज्ञानेश्वर, काठमाण्डौ
१.९	SK 1613 CRi 6 HYWA TYPE	इन्जिन नं. : CRI675BPY101416 च्यासिस नं. : MAT388398K2B02453 गाडी दर्ता नं. : ग १ क ५२३१ बनेको साल : 2019	
१.१०	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 91B63766298 च्यासिस नं. : MAT388116K2R01849 गाडी दर्ता नं. : ग १ क ५२३२ बनेको साल : 2019	ज्ञानेश्वर, काठमाण्डौ
१.११	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 91D63784082 च्यासिस नं. : MAT388116K2R06077 गाडी दर्ता नं. : ग १ क ५२३३ बनेको साल : 2019	थली, काठमाण्डौ
१.१२	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 91D63782802 च्यासिस नं. : MAT388116K2R06174 गाडी दर्ता नं. : ग १ क ५२३४ बनेको साल : 2019	
१.१३	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 91E63794820 च्यासिस नं. : MAT388116K2R07850 गाडी दर्ता नं. : ग १ क ५२३५ बनेको साल : 2019	
१.१४	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 91E63794880 च्यासिस नं. : MAT388116K2R07989 गाडी दर्ता नं. : ग १ क ५२३६ बनेको साल : 2019	
१.१५	SK 1613 TC 36 BB HYWA TYPE	इन्जिन नं. : 81K63735380 च्यासिस नं. : MAT388116J2R23755 गाडी दर्ता नं. : ग १ क ५२३७ बनेको साल : 2019	

दरबारमार्ग शाखा :

१) ऋणी : श्री माउन्ट ओलम्पस मन्टेस्वरी हाउस प्रा. लि. (प्रो. सुरेश मरिक यादव र गिता सेढाई)
बाबु : श्री दिनेश्वर यादव/राम कृष्ण सेढाई, बाजे : श्री बुनि मरिक यादव/तोय नाथ सेढाई
ठेगाना : वसुन्धरा-३, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री सुरेश मरिक यादव, बाबु : श्री दिनेश्वर यादव, बाजे : श्री बुनि मरिक यादव
ख) श्रीमती गिता सेढाई, बाबु : श्री राम कृष्ण सेढाई, बाजे : श्री तोय नाथ सेढाई

क्र.सं	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
१.१	WINGER 14 STR	इन्जिन नं. : 483DLTC55PUYJ17886 च्यासिस नं. : MAT460072GUR00079 गाडी दर्ता नं. : बा १४ च ६८७६ बनेको साल : २०१६	दरबारमार्ग शाखा, काठमाण्डौ

२) ऋणी : श्री लिटिल रोज बोर्डिङ हाई स्कुल (प्रो. सिता देवी श्रेष्ठ (थापा)
बाबु : श्री हिरा लाल श्रेष्ठ, ससुरा : श्री मन बहादुर थापा, पति : श्री अशोक कुमार थापा
ठेगाना : महाराजगंज-३, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ता :
(क) श्री अशोक कुमार थापा, बाबु : श्री मन बहादुर थापा, बाजे : श्री राम बहादुर थापा

क्र.सं	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
२.१	MARUTI SUZUKI OMANI VAN	इन्जिन नं. : 4873194 च्यासिस नं. : 1665411 गाडी नं. : बा १४ च ६९९७ बनेको साल : २०१६	टोखा, काठमाण्डौ
२.२	Tata Motors, LCV BUSES, LP407/34 Ex	इन्जिन नं.: 497SP68ATY601377 च्यासिस नं. : MAT455104G8R01461 गाडी नं. : बा २ क ४४९८ बनेको साल : २०१६	नख्खु, ललितपुर

३) ऋणी : श्री इन्द्र बहादुर थापा क्षेत्री
बाबु : श्री प्रेम बहादुर थापा, बाजे : श्री डम्बर बहादुर थापा
ठेगाना : ज्ञानेश्वर-३३, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ता :
(क) श्रीमती उमा थापा, बाबु : श्री रेशम बहादुर कुवर, ससुरा : श्री प्रेम बहादुर थापा, पति : श्री इन्द्र बहादुर थापा क्षेत्री

क्र.सं	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
३.१	TATA Moters Super Ace BS III	इन्जिन नं. : 0.8LTDICRAIL06NTYSC3658 च्यासिस : MAT535002GVN57092 गाडी नं. : बा १७ च ९४३ बनेको साल : २०१७	टोखा, काठमाण्डौ

४) ऋणी : श्री बुलाल श्रेष्ठ
बाबु : श्री मुक्तिमान श्रेष्ठ, बाजे : श्री कालु श्रेष्ठ
ठेगाना : का.जि., गोकर्णेश्वर-५, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री सुन्दर श्रेष्ठ, बाबु : श्री बुलाल श्रेष्ठ, बाजे : श्री मुक्तिमान श्रेष्ठ
(ख) श्री कृष्ण देवी श्रेष्ठ, बाबु : श्री बलराम श्रेष्ठ, ससुरा : श्री मुक्तिमान श्रेष्ठ, पति : श्री बुलाल श्रेष्ठ
(ग) श्री बुलाल श्रेष्ठ, बाबु : श्री मुक्तिमान श्रेष्ठ, बाजे : श्री कालु श्रेष्ठ

क्र.सं	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
४.१	Tata Motors Super Ace BS III	इन्जिन नं. : 475IDT18DUYS34760 च्यासिस : MAT 483139FYD05886 गाडी नं. : बा. १४ च ६९ बनेको साल : २०१५	टोखा, काठमाण्डौ

५) ऋणी : श्री चित्र बहादुर दहाल
बाबु : श्री गौरीकान्त दहाल, बाजे : श्री खडानन्द दहाल
ठेगाना : दोलखा जि., काब्रे-८ हाल का.जि.का.म.न.पा.-३५, पेप्सीकोला, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री राधिका रेग्मी, बाबु : श्री छेत्र लाल रेग्मी, बाजे : श्री दुर्योधन रेग्मी, पति : श्री चित्र ब. दहाल
(ख) श्री चित्र बहादुर दहाल, बाबु : श्री गौरीकान्त दहाल, बाजे : श्री खडानन्द दहाल

क्र.सं	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
५.१	Tata Motors Super Ace BS III	इन्जिन नं. : 475IDT18JUYS81891 च्यासिस : M AT483139FYJ13787 गाडी नं. : बा १४च ९२९ बनेको साल : २०१५	टोखा, काठमाण्डौ

शर्तहरु:

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय, काठमाण्डौ, कर्जा असुली विभागबाट प्रति बोलपत्र फारम रु. ५००/(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. व्यक्ति, फर्म, कम्पनी वा संस्थाले छुट्टा छुट्टै आवेदन दिन पनि सकिनेछ ।
३. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस बैंकको केन्द्रीय कार्यालय स्थित विविध खाता नं.९९९२०४०१०१०२०१ मा धरौटी स्वरुप जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।
४. शीलबन्दी बोलपत्रहरु मिति २०८०/४/१८ गते बिहीबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभागमा दर्ता भई सक्नुपर्नेछ । म्याद नाघी आएका वा रीत नपुगेका वा शर्त सहित प्राप्त बोलपत्र उपर कारवाही गरिने छैन ।
५. प्राप्त बोलपत्रहरु मिति २०८०/४/१९ गते शुक्रवार अपहरान्ह १:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभागमा बोलपत्रदाता वा निजको प्रतिनिधी तथा अन्य पदाधिकारीहरुको रोहबरामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन आकस्मिक सार्वजनिक विदा पर्न गएमा विदा पछि लगत्तै कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु गरिने छ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र यस बैंकमा नगद दाखिला गरी सवारी साधन आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सवारी साधन नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी राजश्व तथा अन्य खर्च सकार गरीलिने बोलपत्रदाताले नै व्योहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभएमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात धरौटी वापत राखेको रकम भुक्तानी गरिनेछ । साथै धरौटी रकममा कुनै व्याज प्रदान गरिने छैन ।
८. लिलाम बिक्री हुने सवारी साधन हेर्न/बुझ्न चाहनेले कार्यालय खुलेको दिन बिहान १०.०० बजे देखि दिनको ३.०० बजेसम्म यस बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी हेर्न/बुझ्न सकिनेछ ।
९. बोलपत्र फारमसाथ बोलपत्रदाताको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म वा कम्पनी भएमा नवीकरण सहितको दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
१०. बैंकको हितमा कुनै पनि बोलपत्र कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
११. यस सम्बन्धमा थप केही जानकारी आवश्यक भएमा यस बैंकको कर्जा असुली विभाग,थापाथलीमा सम्पर्क गर्न सकिनेछ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

अख्तियार, सुशासन र 'पान्डोरा बक्स'

भ्रष्टाचारमा समेत 'अभूतपूर्व दलीय एकता' कायम गरिने र त्यसैलाई आयोगले समेत 'तामेली'मा पठाउने हो भने संघीय लोकतान्त्रिक गणतन्त्रको समेत 'आयु' लामो हुनेछैन



● सुदर्शन आचार्य

अग्रलेख

भ्रष्टाचारका नयाँ-नयाँ शृंखलाका कारण आज प्रशासनिक तहदेखि राजनीतिक तहसम्म पूरै तरंगित बनेको छ । व्यक्तिगत रूपमा हुने गरेका भ्रष्टाचारका घटनालाई छाडेर नीतिगत तहमा भए-गरेका भ्रष्टाचारका घटनाका कारण पछिल्लो समय नेपालको राजनीति थप तरंगित बनेको हो । कानुन निर्माण गर्दा नै मन्त्रिपरिषद्द्वारा गरिने सबै निर्णयलाई नीतिगत मान्दै त्यस्ता निर्णयउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न नमिल्ने प्रावधान राखेर 'कार्यकारी प्रमुख'लाई नै भ्रष्टाचार गर्ने 'राजमार्ग' खुला छाडिएको छ ! भ्रष्टाचारजन्य सबैखाले कार्य रोक्ने प्रमुख दायित्व कार्यकारी प्रमुख अर्थात् प्रधानमन्त्रीको हो । तर, नीतिगत निर्णयका आधारमा 'मन्त्रिपरिषद्'द्वारा लिइएका निर्णयउपर अख्तियारलाई प्रवेश गर्ने बाटो नै बन्द गरेर गरिने भ्रष्टाचारले सरकारप्रतिको जनविश्वास गुम्दै गएको छ । जसका कारण पछिल्लो समय सम्पन्न तीनै तहका निर्वाचनमा मूलधारमा रहेका राजनीतिक दललाई जनताले अपेक्षित रूपमा अनुमोदन गरेनन् ।

मुलुक निर्माणको अभिभारा बोक्ने भनेकै राजनीतिक दल र तिनका नेताले नै हो । उनीहरू स्वयंमा 'पारदर्शिता' कायम रहन सकेन भने दलप्रतिका जनविश्वास गुम्ने मात्र नभई मुलुकमा 'अतिवाद' हाबी हुन पुग्छ । तर, हामीकहाँ त राजनीतिक दलमा बिचौलिया, तस्कर तथा भ्रष्ट प्रवृत्तिका व्यक्ति हाबी मात्र नभई दलका निर्णायक तहमा समेत उनीहरूको प्रतिनिधित्व या प्रभाव विस्तार हुन पुग्यो ! दलभित्रका योग्य व्यक्ति 'पाखा' लगाइने र 'बिचौलिया'ले 'बेडरुम'सम्म 'एक्सेस' पाउने प्रवृत्ति मौलाउन थाल्यो । जसका कारण भ्रष्टाचार न्यूनीकरण गर्ने 'अख्तियार'जस्ता निकायबारे संसद्मा पेस भएको 'विधेयक'मा समेत उल्टै अख्तियारलाई कमजोर बनाउन 'चलखेल' भएको देखिन्छ ।

न्यायिक निकाय, सैनिक सेवा, निजी तथा वित्तीय क्षेत्रलगायत अख्तियारले प्रवेश नै पाउँदैन ! राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरणजस्ता निकाय प्रधानमन्त्री कार्यालयमातहत राखेर ती निकायका प्रमुखलाई प्रधानमन्त्री तथा उनको दलले आफ्नो स्वार्थमा भरपूर उपयोग गर्दै आएको पाइन्छ । ती निकायका प्रमुखले आफ्नो कार्यक्षेत्रको भेउ पाउँदा-नपाउँदै सरुवा-पत्र बुझ्नुपरेका दृष्टान्त खोज्न धेरै अघि जानैपर्दैन । वास्तवमा एकातिर राजस्व अनुसन्धान र सम्पत्ति शुद्धीकरणजस्ता विशाल क्षेत्र ओगट्ने विभागलाई प्रधानमन्त्री कार्यालयमातहत ल्याएर तिनलाई राजनीतिको छायामा पारिएको छ भने अर्कातिर ती विभागका प्रमुखले 'राजनीतिक गोटी' बन्नुपरेकै कारण प्रभावकारी कार्यसम्पादनसमेत गर्न सकेको देखिन्न । तसर्थ, ती विभागलाई प्रधानमन्त्री कार्यालयमातहतबाट बाहिर निकाली अख्तियार दुरुपयोग अनुसन्धान आयोगमातहत लैजाँदा नै भ्रष्टाचार न्यूनीकरणमा मद्दत पुग्ने देखिन्छ । आजका मितिमा त ती निकायको काम भनेको 'उद्योगी, व्यापारी तथा अकुतवाला'लाई 'मिस्ड कल' दिएर शक्तिकेन्द्रमा धाउन बाध्य पार्नु नै हो कि जस्तो देखिन्छ ।

यतिखेर अख्तियारको क्षेत्राधिकारको बहस पनि चर्चामा छ । आयोगको क्षेत्राधिकार नै खुम्च्याउने 'अख्तियार दुरुपयोग अनुसन्धान अयोग ऐन २०४८ को दफा ४ नै खारेज गरेर भ्रष्टाचार नियन्त्रण गर्ने सवालमा राज्यको जुनसुकै तहबाट 'नीतिगत निर्णय लिइएको भए पनि' सीमारहित ढंगले छानबिन गर्न पाउनुपर्ने प्रावधान' राखिँदा नै सुशासन कायम गर्न मद्दत पुग्ने हो । विगतका दिनहरूमा नीतिगत भन्दै निर्णय लिँदै गरिएका अर्बौंका घोटालाका घटना बाहिर आएका छन् । यसरी 'नीतिगत निर्णय'को छिद्र दिएर सरकारलाई उन्मत्त ढंगले निर्णय अधिकार दिएको हुनाले नै 'ललिता निवास'जस्ता घटना घट्न पुगेका हुन् । जुन घटनामा तल्ला तहका सबै नियन्त्रणमा पुग्दा नीतिगत निर्णय लिने तत्कालीन प्रधानमन्त्रीहरू उल्टै 'सुशासनका गफ' लगाउँदै छन् !



आयोगको क्षेत्राधिकार नै खुम्च्याउने 'अख्तियार दुरुपयोग अनुसन्धान अयोग ऐन २०४८ को दफा ४ नै खारेज गरेर भ्रष्टाचार नियन्त्रण गर्ने सवालमा राज्यको जुनसुकै तहबाट 'नीतिगत निर्णय लिइएको भए पनि' सीमारहित ढंगले छानबिन गर्न पाउनुपर्ने प्रावधान' राखिँदा नै सुशासन कायम गर्न मद्दत पुग्छ

नीतिगत निर्णयको 'त्यान्द्रो' समाएर राजनीतिक तहबाट हुने भ्रष्टाचारको छानबिन नहुने अवस्था एकातिर र अर्कातिर निजी, वित्तीय तह तथा न्यायिक र संवैधानिक निकाय हेर्ने दायित्व अख्तियारको क्षेत्राधिकारमै नपर्ने विषयले सुशासन कसरी कायम होला ?

पछिल्ला दिनमा संवैधानिक निकाय तथा न्यायालयसमेतलाई छानबिनको दायरामा ल्याउने निकायको अभाव देखिएको छ हाम्रो देशमा । कतिपय निर्माणको जिम्मा लिएको सैनिक कार्यालयका अधिकारीमाथि समेत घोटालाको विषय सार्वजनिक हुँदा पनि छानबिन भएको देखिएको छैन । यसरी नीतिगत निर्णयको 'त्यान्द्रो' समाएर राजनीतिक तहबाट हुने भ्रष्टाचारको छानबिन नहुने अवस्था एकातिर र अर्कातिर निजी, वित्तीय तह तथा न्यायिक र संवैधानिक निकाय हेर्ने दायित्व अख्तियारको क्षेत्राधिकारमै नपर्ने विषयले सुशासन कसरी कायम होला ? केवल दुई-चार हजारको 'स्टिङ अप्रेसन'ले मात्र कायम गरिने सुशासनले साँच्चै सुशासन कायम होला त ? यसको जवाफ सरकारबाट खोजिनु उपयुक्त हुन्छ । अर्कातर्फ संवैधानिक निकायका अधिकारीको नियुक्ति प्रक्रियामा समेत व्यापक सुधारको खाँचो छ । विज्ञहरूको 'रोस्टर' तयार गरेर विज्ञताका आधारमा नियुक्ति गरी राजनीतिक दाउपेच पूरा नहुनासाथ 'संवैधानिक तथा न्यायिक' निकायका अधिकारीमाथि 'महाअभियोग' नामको अस्त्र प्रयोग गर्ने गलत परिपाटी अन्त्य गर्ने ग्यारेन्टी भएमा मात्र ती निकायले 'न्याय सम्पादन तथा सुशासन' कायम गराउने कार्यमा नतिजा देखाउन सम्भव छ । ग्रिकमा एउटा कथा छ- पान्डोरा बक्सको । ग्रिक पौराणिक कथामा आधारित उक्त बक्स रोग, मृत्यु, भय, निराशा, भोकलगायतले भरिएको हुन्छ । बक्स खुल्दा ती सबै चिज बाहिर आउँछन् । पान्डोराले ती सबै विकृतिले भरिएको बक्स भन्ने थाहा पाउनासाथ बक्स बन्द गर्न त खोज्छिन्, तर त्यो सम्भव हुन्न । यसलाई रोमन पौराणिक कथामा भने केही फरक ढंगले व्याख्या गरेको पाइन्छ । कथाअनुसार पान्डोराले इपिमेथियससँग विवाह गरेकी हुन्छिन्, इपिमेथियसले बाकस उपहार पाउँछन् । जुन बाकस पान्डोराले खोल्न पुग्दा माथि उल्लेख गरिएझैं रोग, मृत्यु, भय र निराशा छरपस्ट हुन्छ । तर, त्यही बाकसभित्रबाट 'होप' अर्थात् 'आशा' को सानो आवाज आउँछ - म पनि छु है, यहाँभित्र । आज भ्रष्टाचार न्यूनीकरण गर्ने सवालमा त्यही होप अर्थात् आशा हो- अख्तियार दुरुपयोग अनुसन्धान आयोग । उक्त निकायलाई यो वा त्यो बहानामा 'विवादको घेरामा तानेर' भ्रष्टाचारलाई बढावा दिन तल्लीन कथित शक्तिकेन्द्रहरू छरपष्ट देखिन्छन् । यी र यस्ता प्रवृत्ति अन्त्यका निम्ति पनि 'ठूला माछा'तिर आँखा लगाउन सक्दा मात्र आयोगको प्रभावकारिता देखिने हो भने जनस्तरको साथ पनि आयोगले प्राप्त गर्न सम्भव हुन्छ ।

प्रजातन्त्र प्राप्तियता धमिजा, पजेरो, मल खरिद, सुत्केरी औषधी, रातो पासपोर्ट बिक्री, मातातीर्थ जग्गा प्रकरण, एनसेल, ३३ किलो सुन प्रकरण, लाउडा, चेज एयर र सुडानजस्ता भ्रष्टाचार प्रकरण अहिले विस्मृतिमा पुगेका छन् । वाइड बडी खरिद, सेक्युरिटी प्रेस, स्वास्थ्य सामग्री खरिद, नेपाल ट्रस्टको जग्गा लिज प्रकरण, अख्तियारकै आयुक्त पाठक प्रकरण, पशुपतिनाथ जलहरी प्रकरण, आयल निगम जग्गा खरिद प्रकरण, ललिता निवास प्रकरण आदि पछिल्लो समयमा चर्चामा छन् । ती अनेकानेक काण्डका अतिरिक्त यती, ओम्नी प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, हायात जग्गा प्रकरण, पुरानो बसपार्कस्थित १२ तल्ले भ्युटावर निर्माण, बुढीगण्डकी जलविद्युत् आयोजना प्रकरण, १९ अर्ब खर्च भएको र ४ अर्ब घोटाला भएको भनिएको लडाकु शिविर घोटाला प्रकरण आदिले एकातिर नेपालका मूलधारका राजनीतिक दलका नेतालाई अछुतो राखेको छैन भने अर्कातिर नक्कली भुटानी शरणार्थी प्रकरणलगायत घटनाले अन्तर्राष्ट्रियस्तरमा नेपालको बदनामी उच्च छ । तसर्थ, पान्डोरा बक्सको 'होप' मानिएको अख्तियारले निष्पक्ष र प्रभावकारी तरिकाले उल्लिखित अनियमितताका घटनाको छानबिन गरेर न्यायिक कठघरामा लैजान सक्दा मात्र जनतामा आशा सञ्चार सम्भव छ । अन्यथा, भ्रष्टाचारमा समेत 'अभूतपूर्व दलीय एकता' कायम गरिने र त्यसैलाई आयोगले समेत 'तामेली'मा पठाउने हो भने संघीय लोकतान्त्रिक गणतन्त्रको समेत 'आयु' लामो हुनेछैन । त्यसपछिको 'अतिवाद'को बाढीले को कसलाई बगाउने हो, त्यो भने हेर्नका निम्ति निश्चित समय कुर्नैपर्ने हुन्छ ।

३ प्रश्न

यातायातविज्ञ **आशिष गजुरेल**लाई



सार्वजनिक यातायात व्यवस्थामा सुधारका लागि के गर्नुपर्ला ?

सहरलाई मानवमैत्री बनाउने कि सवारीमैत्री, सबैभन्दा पहिले यसबारे प्रस्ट हुनुपर्छ । सडकमा सबैभन्दा बढी जोखिममा पैदलयात्रु, अपांगता भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका र साइकलयात्रु हुन्छन् । सहरमा हरेक वर्गका लागि पूर्वाधार बनाउनुपर्छ । ती पूर्वाधार मानवमैत्री हुनुपर्छ । सवारीसाधनमैत्री सहर बनाउने हो भने चौडा सडक र पर्याप्त पार्किङ हुनुपर्छ । मानवमैत्री बनाउने हो भने त्यहाँको सार्वजनिक यातायात सुधार्नुपर्छ । सहरी क्षेत्रमा सार्वजनिक सवारीमा सुधार गरियो भने सबैभन्दा प्रभावकारी त्यही हुन्छ ।

सहरी क्षेत्रको पार्किङलाई सहज व्यवस्थापन गर्ने उपाय के हुन सक्छ ?

घना बस्ती भएका सहरी क्षेत्रमा खाली जमिन कम हुन्छ । त्यहाँ पार्किङ व्यवस्थापनको उत्तम उपाय भनेको 'मल्टी लेयर पार्किङ' र 'मल्टी स्टोर पार्किङ सिस्टम' नै हो । नेपालका सहर पनि अब यो सिस्टममा जानुपर्छ । यसो गर्दा थोरै जग्गामा पनि धेरै पार्किङ व्यवस्थापन गर्न सकिन्छ । सबैतिर पार्किङ बनाउँदा सहर अस्तव्यस्त हुन्छ ।


पार्किङका सम्बन्धमा काठमाडौं महानगरका मेयर बालेन्द्र साहले गरेको निर्णय कस्तो लाग्यो ?

उहाँले निजी सवारीसाधन पार्किङलाई सहज बनाउने निर्णय गर्नुभएको छ । यसले सार्वजनिक यातायातलाई निरुत्साहित र निजी यातायातलाई उत्साहित गर्छ । किनभने, पाइलैपिच्छे र सपिङ सेन्टरमा पनि पार्किङ सहज बनाउँदा निजी सवारीसाधनमा आकर्षण बढ्छ । त्यसैले, निजी सवारीसाधनलाई सीमित क्षेत्रमा मात्र निःशुल्क गर्नु उचित हुन्छ । सपिङ सेन्टरहरूमा निश्चित शुल्क लिएर पार्किङ गर्ने नियम लगाइयो भने सार्वजनिक सवारीसाधन चढ्नुपर्छ भन्ने सोच बढ्न सक्छ ।

प्रेरक प्रसंग

खसी र गाईको संवाद

एउटा ठूलो खर्क थियो । त्यहाँ केही गोठालाले आआफ्ना गाईवस्तु चराउन लगेका थिए । गाईवस्तु खर्कमा चर्न व्यस्त थिए । गोठालाहरू आपसमा रमाइलो गर्दै थिए । चौरमा चरिरहेका पशुचौपायामा केही गाई, गोरु र खसीबोका थिए । चौरमा चरिरहेको एउटा गाईको नजिकै खसी पनि चरिरहेको थियो । गाईलाई नजिकै देखेपछि खसीले अनकनाउँदै गाईसित गुनासो गऱ्यो । गौमाता, हामी दुवैले मान्छेलाई केही न केही दिन्छौं । तर, तपाईंले भन्दा त मैले नै बढी दिन्छु । किनकि, तपाईं मान्छेलाई थोरै दूध मात्र दिनुहुन्छ । तर, म त आफ्नो जीवन नै दिन्छु । मेरो पूरै शरीर काटेर मान्छेहरू स्वाद लिई-लिई खान्छन् । तैपनि, उनीहरू मलाई पूजा या सम्मान गर्नुको साटो मौका मिल्दा लात्ताले समेत हिर्काउँछन् । तर, तपाईंलाई भने उनीहरू 'गौमाता' भन्दै पूजा गर्छन्, ढोग्छन्, सम्मान गर्छन् । मिठो-मिठो खान दिन्छन् । विशेष स्याहारसुसार गर्छन् । यस्तो भेदभाव किन हुन्छ गौमाता ?



खसीको गुनासो सुनेपछि गाईले यसो टाउको उचालेर खसीतिर पुलुक्क हेऱ्यो र केहीबेर सोचेर भन्यो– कुरा त तिमीले ठिकै गरेका हौ, खसी भाइ ! म थोरै दूध दिन्छु र तिमी पूरै शरीर नै दिन्छौ । तर, हामी दुईको दिनुमा ठुलो अन्तर छ । म जे दिन्छु, जति दिन्छु, त्यो आफू जिउँदो छँदै दिन्छु । तर, तिमी भने पूरै शरीर दिए पनि जिउँदो छँदै होइन, मरेपछि मात्र दिन्छौ । त्यसैले, आफूले अरूलाई जे दिनु छ, जिउँदो छँदै दिन सक्नुपर्छ । मरेपछि केही दिनुको अर्थ छैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बन्धक नेपालीको उद्धार गर

'करिब हजार नेपाली म्यानमारमा बन्धक' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । राम्रो रोजगारीको आशामा महँगो रकम दलाललाई बुझाएर बिदेसिएका नेपाली युवा यसरी अनाहकमा बन्धक बनेको खबर आउँदा पनि राज्यले कुनै चासो दिएन भने राज्यप्रति जनताको विश्वास समाप्त हुनेछ । आखिर राज्यले रोजगारी दिन नसकेकै कारण त उनीहरू बिदेसिएका हुन् । उनीहरूले पनि राज्यलाई रेमिटेन्स त केही न केही पठाएकै थिए होलान् । अनि, तिनै नागरिक अलपत्र पर्दा तिनको सकुशल उद्धार गरी तिनलाई स्वदेश फर्काउनु राज्यको दायित्व होइन र ? यस विषयमा सरकारको अविलम्ब ध्यान जाओस् ।

● **शुभम कक्षपति**, जावलाखेल, ललितपुर

कांग्रेसलाई सच्याउने अवसर

लामो समयपछि कांग्रेस केन्द्रीय समितिको बैठक सुरु भएको छ । यो बैठक पार्टी विधानअनुसार उहिल्यै बसिसक्नुपर्ने थियो । तर, विधानलाई कुल्चिने नेतृत्वको गलत प्रवृत्तिका कारण यसरी लामो समयसम्म बैठक बस्न सकेको थिएन । यतिखेर कांग्रेसका भ्रातृ संगठनहरू लथालिंग अवस्थामा छन् । विभाग गठनको सुरुवात नै भएको छैन । त्यसैले, यो बैठकबाट पार्टीलाई सच्याउने प्रस्ट खाका आउनुपर्छ । अन्यथा यो पार्टी प्रजा परिषद् बन्ने निश्चित छ ।

● **समृद्धि दुवाडी**
फैका, काठमाडौं

फोहोरमा अवरोध नगरौं

पछिल्ला केही दिनयता काठमाडौंबाट बन्चरेडाँडा जाने फोहोर रोकिएको छ । उता फोहोर विसर्जनमा रोक लागेपछि यता राजधानीका सडक र घरघरमा फोहोर थुप्रिन सुरु भइसकेको छ । बर्खाको समयमा यसरी फोहोर रोकिँदा त्यसबाट राजधानीवासीमा स्वास्थ्य समस्या बढ्न सक्छ । काठमाडौं महानगरलगायत सरोकारवाला निकायले यसअघि गरेको सहमतिअनुसार काम गर्न बाँकी छ भने तत्काल त्यसलाई पूरा गर्नुपर्छ । अन्यथा, यो वा त्यो बहानामा फोहोर विसर्जनमा अवरोध गर्न मिल्दैन ।

● **गम्भीर विक**
क्षेत्रपाटी, काठमाडौं

किन कमजोर बन्दै छन् दलहरू ?

हामी किन कमजोर बन्दै गएका छौं भनेर दलका शीर्ष नेताहरूले सोच्न ढिलो भइसकेको छ । सधैं पद र पावरमै बस्नुपर्छ, मबाहेक कोही योग्य छैन भनेर सोच्नु नेतृत्व तहमा बस्नेको गलत सोच हो । एक व्यक्तिले एक कार्यकालभन्दा बढी नेतृत्व तहमा बस्न नपाउने विधान बनाउनुपर्छ । साथै, एउटा व्यक्ति कतिपटक प्रधानमन्त्री बन्न पाउने, एउटा व्यक्ति पार्टी सभापति कतिपटक बन्न पाउनेजस्ता पक्षमा प्रस्ट नीति कोर्न सकियो भने मात्र केही सुधार हुन सक्ला । नाउँको मात्र परिवर्तनले केही हुँदैन । जनतामा परिवर्तनको आभास हुनपऱ्यो ।

जेल बसेको वर्षलाई आधार बनाएर सधैं पार्टीको नेतृत्व तहमा बस्नु अधिनायकवादी सोच हो । कांग्रेस सभापति शेरबहादुर देउवासँग पार्टीलाई अघि बढाउने भिजन के छ ? मसँग ८० प्रतिशत केन्द्रीय सदस्य छन् भन्ने दाबी गर्दैमा पार्टी बलियो हुन्छ ? अधिवेशन सकिएको ६ महिनाभित्र गर्नपर्ने काम डेढ वर्षसम्म गर्न नसक्ने अनि उल्टो मजत्तिको सक्षम कोही छैन भन्नु लाजमर्दो होइन र ?

नेपालको राजनीतिको अहिलेको मूल समस्या भनेकै परिवारवाद हाबी हुनु हो । अहिले यसको असर नदेखिए पनि यसले दूरगामी असर पार्छ । आजीवन पार्टीका लागि होमिएका व्यक्तिले अवसर नपाउने, तर परिवारभित्रको मान्छेले धमाधम नियुक्ति पाउने भएपछि कार्यकर्तामा निराशा छाउनु स्वाभाविक हो । जसले नेतृत्वको चाकडी गर्न सक्यो, उही अगाडि आउने परिपाटीले पार्टीमा त्याग, लगनशीलता, इमानदारी र नैतिकताको हत्या हुनु स्वाभाविक हो ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

समान नागरिक संहिताको प्रस्ताव कसका लागि ?

समान नागरिक संहिता प्रस्ताव मुसलमान महिलाको हितका लागि नभई हिन्दू पुरुषको समर्थन जुटाउने उद्देश्यले ल्याइएको हो



देश / विदेश

● डी. राजा

करिब एक शताब्दीअघि बाबासाहेब अम्बेडकरले कुनै पनि समुदायको प्रगतिलाई त्यहाँका महिलाको प्रगतिबाट नाप्नुपर्नेमा जोड दिएका थिए । तीन तलाक उन्मूलन गरेर मुसलमान महिलालाई लैंगिक न्याय प्रदान गर्ने पार्टीको प्रयासलाई उद्धृत गर्दै हालै प्रधानमन्त्री नरेन्द्र मोदीले 'भारतीय मुसलमान दिदीबहिनी र छोरी'सामु भाजपालाई समर्थन गर्न अपिल गरेका छन् । उनले एउटै परिवारमा फरक-फरक समुदायका लागि फरक-फरक कानुन हुन नसक्ने भन्दै समान नागरिक संहिता (युसिसी)को वकालत पनि गरे । अल्पसंख्यक विशेषतः मुसलमान महिलाविरुद्ध भेदभावबारे व्यापक समाचार आइरहँदा यी अल्पसंख्यकको कल्याणका लागि प्रधानमन्त्रीको चासो अस्वाभाविक छ । यसरी चासो देखाइरहेका मोदीलाई राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)लाई अल्पसंख्यकमाथि हमला बन्द गर्न भनेर निर्देशन दिनबाट कसले रोकेको छ र ? प्रधानमन्त्रीको भोपालमा दिएको भाषणले युसिसी, व्यक्तिगत कानुन र लैंगिक न्यायबारे थुप्रै प्रश्न खडा गरेको छ ।

युसिसी सन् १९८९ देखि हरेक भाजपाको चुनावी घोषणापत्रमा दोहोरिँदै आएको वाचा हो । सन् १९८४को आमचुनावमा पार्टीको ठूलो पराजयपछि भाजपाले तुलनात्मक मध्यपन्थी राजनीतिलाई हिन्दुत्वको एजेन्डातर्फ लग्यो । भाजपाको अगुवाइमा भएको रामजन्मभूमि आन्दोलनले समाजलाई थप विभाजित बनायो र देशभर दंगा फैलायो । त्यसैबेला युसिसी पनि विभाजनकारी रणनीति बन्यो । सन् १९८९को घोषणापत्रमा भाजपाले युसिसी सहमति हुने गरी विधेयकको मस्यौदा गर्ने वाचा गरेको थियो । त्यसपछि राजनीतिक शक्ति हासिल गर्न अल्पसंख्यकको दानवीकरण गर्दै विभाजन र शासन गर्ने भाजपाको रणनीतिको हिस्सामा युसिसी पनि पऱ्यो । त्यसवेलादेखि भाजपाको नजरमा अल्पसंख्यकको राष्ट्रियता सन्देहको घेरामा पऱ्यो र तिनलाई विदेशीका रूपमा चित्रण गरिँदै आयो । भाजपाको यो विरासत 'मुसलमान दिदीबहिनी र छोरी'लाई प्रधानमन्त्रीको सल्लाहको नियतमाथि जोडिन आइपुग्छ ।

अम्बेडकरले हिन्दू कानुन संहिताबद्ध गर्न र महिलालाई समान पैतृक सम्पत्तिको अधिकार र पुरुषजत्तिकै हकका लागि वकालत गर्न अथक प्रयास गरेका थिए । यद्यपि, आरएसएस प्रणालीले यी प्रयासको विरोध गरेको थियो । यो प्रणालीले हिन्दू संहितालाई 'अणु बम' र 'रोलेट एक्ट' जस्ता दमनकारी कानुनसँग तुलनासमेत गर्छ । भारतीय जनसंघका सांसदले संसद्भित्र र आरएसएसका कार्यकर्ताले सडकमा हिन्दू संहिताविरुद्ध प्रदर्शन गरेका थिए । युसिसीको प्रस्ताव प्रस्ट रूपमा सन् २०२४को आमचुनावका लागि ल्याइएको हो । यो प्रस्ताव मुसलमान महिलाका हितका लागि नभई हिन्दू पुरुषको समर्थन जुटाउने उद्देश्यले ल्याइएको हो, जहाँ अल्पसंख्यकलाई केही दिनुको सट्टा केही खोसिँदै छ भन्ने देखाउनु छ । त्यसैगरी प्रस्ताव 'डिमोनिटाइजेसन', बेरोजगारी, मुद्रास्फीति र मणिपुर हिंसाजस्ता हालैका संकटलगायत शासकीय असफलताबाट ध्यान विचलित गर्ने रणनीति हो । केही भाजपा नेताले युसिसी कानुनमा उत्तरपूर्वी र आदिवासी समुदायलाई संलग्न नगराउन अनुरोध गरिरहेका छन् ।

प्रधानमन्त्रीले युसिसीसम्बन्धी प्रतिपक्षको चासोको गलत ढंगले व्याख्या गरिरहेका छन् । उनले युसिसीमाथि प्रश्न गर्नेलाई मुसलमान पुरुषको विशेषाधिकारको समर्थक र हिन्दूविरोधीको रूपमा चित्रण गर्न खोजिरहेका छन् । वास्तवमा यो मुद्दामा थप सूक्ष्म बहस आवश्यक छ । संविधानको मस्यौदाको धारा ३५ (अहिलेको धारा ४४) मा संविधानसभाको छलफलका क्रममा अम्बेडकरले संविधान निर्माणकर्ताको अडान स्पष्ट गरेका थिए । उनले व्यक्तिगत कानुनको इतिहासलाई



तस्बिरः इन्डियन एक्सप्रेस

स्वीकार गरेका थिए र सुरुमा संहिताको स्वेच्छिक प्रयोग अर्थात् यसलाई लागू गर्नुको सट्टा स्वाभाविक रूपमा विकसित हुन दिन सुझाएका थिए । महिलाको न्यायको वकालतमा वामपन्थी शक्ति अग्रपंक्तिमा छ । संसद्मा हिन्दू संहितामाथिको छलफलका क्रममा भारतीय कम्युनिस्ट पार्टी (भाकपा) नेता हिरेन मुखर्जीले छोरी, विधवा र छोराका लागि समान पैतृक अधिकार लागू गर्नुपर्ने भन्दै पैरवी गरे । यसलाई महिला मात्र नभई समाजका प्रगतिशील र लोकतान्त्रिक वर्गले पनि समर्थन गरे । तर, हिन्दू दक्षिणपन्थी समूहले यसको विरोध गरे । संसद्ले शाह बानो मामिलामा आएको फैसलालाई मुसलमान महिलालाई अप्ठ्यारो पार्ने गरी उल्ट्याएको थियो । त्यतिवेला भाकपाका गुरुदास दासगुप्ताले धर्मलाई कानुनको मापदण्डका रूपमा प्रयोग गर्ने प्रवृत्ति भारतीय गणराज्यको आधार र संविधानविपरीत जाने भन्दै मुखर भएर बोलेका थिए । धर्मलाई आधार बनाउने कानुन प्रायः महिलाका लागि हितकारी हुने गर्दैन । तसर्थ, हाम्रो धर्मनिरपेक्ष गणतन्त्रमा कानुन पनि धर्मनिरपेक्ष प्रकृतिको हुनुपर्छ । विभिन्न धर्म र समुदायका महिलालाई असर गर्ने भेदभावपूर्ण कानुन र अभ्यासलाई सम्बोधन गर्न सहमतिमा पुग्न आवश्यक छ । तर यी सहमतिलाई बाध्यकारी बनाउनुको साटो अम्बेडकरले प्रस्ताव गरेझैं संगठित रूपमा विकास गर्नुपर्छ ।

भाकपा सांसद गीता मुखर्जीले संसद् र राज्यसभामा महिला प्रतिनिधित्वका लागि महिला आरक्षण विधेयकको समर्थन गरेकी थिइन् । सन् २०१०मा राज्यसभाबाट पारित भए पनि मोदी प्रधानमन्त्रीका रूपमा नौ वर्ष रहँदा पनि विधेयक लागू हुन सकेको छैन । महिला कुस्तीबाजले यौन उत्पीडनको आरोप लगाउँदै भाजपा सांसदविरुद्ध विरोध प्रदर्शन गर्दा दिल्ली पुलिसद्वारा गरिएको दमन जनमानसले अझै बिर्सेको छैन ।

संविधानको चौथो परिच्छेदले न्यायपूर्ण एवं सामाजिक र आर्थिक एवं राजनीतिक रूपमा सन्तुलित समाज स्थापना गर्ने दायित्व राज्यलाई दिएको छ । राज्य नीतिका निर्देशक सिद्धान्तले आय असमानता उन्मूलन गर्न, उद्योग व्यवस्थापनमा श्रमिकलाई संलग्न गराउन र रोजगारीको अधिकार सुनिश्चित गर्न पनि वकालत गर्छ । दुर्भाग्य, प्रधानमन्त्रीले यी प्रगतिशील पहललाई बेवास्ता गरेका छन् । बरु प्रधानमन्त्री मोदीको रणनीतिले सामाजिक ध्रुवीकरण बढाएको, मुठीभरका केही मानिसको सम्पत्तिमा अथाह बढोत्तरी गराएको छ भने जातीय उच-नीचलाई बलियो बनाएको छ र महिला थप सीमान्तकृत भएका छन् ।

(राजा भाकपाका महासचिव हुन्)
द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चीनको अर्थतन्त्रमा देखिन थाल्यो एक सन्तान नीतिको प्रभाव

चीन-अमेरिकाको असन्तुलित आर्थिक सम्बन्ध तनावको एउटा प्रमुख स्रोत बनेको छ, यसको जड पनि एक सन्तान नीतिमै छ



• यी फुक्सियन

(विस्कन्सिन मेडिसन विश्वविद्यालयका स्त्री एवं बालरोग वैज्ञानिक फुक्सियन 'बिग कन्टी विथ एन एम्प्टी नेस्ट'का लेखक हुन्।)



चीनको जनसंख्या निकै छिटो बुढो भइरहेको छ। त्यसबाहेक उसले गम्भिर आर्थिक अवरोधको सामना गर्न थालेका छ। तर पनि ऊ चाँडै 'मध्यम-आयको पासो'बाट उम्कने संघारमा छ। यसका बावजुद दशकौंसम्म अमेरिकासँगको असन्तुलित एवं आत्मघाती आर्थिक सम्बन्धलाई मलजल गरेको एक-सन्तान नीतिको दुष्परिणाम भने जारी नै रहनेछ।

द्विपक्षीय व्यापार असन्तुलन र चिनियाँ राजनीतिप्रति अमेरिकाको असन्तोष अमेरिका-चीन सम्बन्ध बिग्रनुमा जिम्मेवार छन्। यी दुवैलाई सन् १९८० देखि सुरु भएर सन् २०१६ सम्म कायम रहेको चीनको एक सन्तान नीतिसँग जोडेर हेर्न सकिन्छ।

जब पश्चिमा नेताहरूले सन् २००१ मा चीनलाई विश्व व्यापार संगठन (डब्लुटीओ)मा स्वागत गरे, अधिकांशले उनीहरूले लोकतन्त्रीकरणका लागि परिस्थिति सिर्जना गरेको ठानेका थिए। उनीहरूले यसले चिनियाँ मध्यम वर्गको संख्या बढ्ने र तिनले सरकारबाट अझ बढी जवाफदेहिताको माग गर्नेछन् र अन्ततः यति धेरै दबाब सिर्जना गर्नेछन् कि उसले लोकतान्त्रिक संक्रमणका लागि मार्ग-प्रशस्त गरिदिनेछ भन्ने ठाने। यो राजनीतिक स्वैरकल्पनाबाट दशकौं चीन-अमेरिका सम्बन्ध डोरियो। तर, त्यस्तो भएन।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)ले सबै मोर्चामा प्रतिगमन गरिरहेको छ। उसले अर्थव्यवस्थामा माथिबाट तलको नियन्त्रणलाई थप कडा बनाइरेको छ भने सेन्सरसिप र सामाजिक एवं राजनीतिक नियन्त्रणका अन्य उपायलाई पनि कस्दै लगिरहेको छ। एक सन्तान नीतिको विरासतले यसमा काम गरेको छ। त्यो नीतिले आधारभूत रूपमा नै चीनको जनसांख्यिकी र अर्थव्यवस्थालाई नयाँ आकार दिएको छ।

बलियो सरकार, कमजोर समाज

सबै आमाबाबु आफ्ना सन्तानका लागि सबैभन्दा राम्रा कुरा चाहन्छन्, त्यसैले बच्चाहरूको उपभोगले स्वाभाविक रूपले नै व्यापक औद्योगिक मूल्यशृंखला सिर्जना गर्छ। जनसंख्याको यो तप्काले भावी आर्थिक अपेक्षालाई मूर्त रूप दिँदै उपभोक्ता आत्मविश्वासका साथै धेरैखाले लगानीलाई अभिवृद्धि गर्छ। तर, जब जनसंख्यामा तिनको हिस्सा घट्छ, तब उपभोगमा कमी, श्रमअभावलगायत अन्य थुप्रै समस्या देखा पर्छन्।

सामान्यतः कुनै पनि देशको कुल गार्हस्थ उत्पादनको ६० प्रतिशत हिस्सा घरायसी उपभोगले ओगटेको हुन्छ। सन् २०११-२० को अवधिमा अमेरिकामा घरायसी उपभोग ६८ प्रतिशत, भारतमा ५९ प्रतिशत र चीनबाहेकका मध्यम आय भएका अन्य देशमा ६१ प्रतिशत थियो, जबकि चीनमा यो केवल ३७ प्रतिशत थियो। सन् २०१७-२०२१ को बीचमा विश्वको कुल गार्हस्थ उत्पादनमा चीनको हिस्सा १६.७ प्रतिशत र विश्वव्यापी घरायसी उपभोगमा चीनको हिस्सा केवल ११.५ प्रतिशत मात्र रहेको देखिन्छ। यसको कारण के हो भने उसको जनसंख्यामा १५-६४ वर्ष उमेर समूहको हिस्सा ७५ प्रतिशत रहेको छ, जुन अन्य देशको ६४-६६ प्रतिशतको बीचमा छ। १४ वर्षमुनिको जनसंख्या सन् १९८२ मा ३३ प्रतिशत रहेकोमा सन् २०२३ मा आइपुग्दा १३ प्रतिशतमा झरेको छ। चीनको खुम्चिँदो परिवारिक आकारले घरपरिवारको आधारभूत मागलाई समग्रमा घटाएको छ, भने स्वेच्छाचारी शासन र उच्च आय असमानतातर्फ अघि बढाएको छ।

सन् १९९० को दशकमा चीनको केन्द्रीय सरकारले कर बाँडफाँड सुधार ल्यायो। त्यसले स्थानीय सरकारको वित्तीय अवस्थालाई थप दबायो भने घरपरिवारको खाता सन्तुलन थप कमजोर बनायो। सन् १९८३ मा कुल गार्हस्थ उत्पादनको ६२ प्रतिशत रहेको चिनियाँ घरायसी खर्चयोग्य आय सन् २००५-२०२२ का बीचमा ४०-४४ प्रतिशतमा झऱ्यो, अन्य देशमा यो प्रतिशत ६०-७० को बीचमा छ। चिनियाँ समाज थप असमान र खण्डित हुँदै गएकाले राजनीतिक संक्रमण त परै जाओस्, ऊ सत्ताको ज्यादतीमा समेत लगाम लगाउन अक्षम बन्दै भएको छ।

भ्रमको अन्त

चार दशकको तीव्र आर्थिक वृद्धिपछि चीन अब मध्यम आयको पासोबाट उम्कने संघारमा पुगेको छ। गत वर्ष उसको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १२ हजार आठ सय ५० अमेरिकी डलर रहेको थियो। यो वर्ष विश्व बैंकको उच्च आय सीमा १३ हजार आठ सय ४५ अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ। अहिले चीनको अर्थतन्त्र अमेरिकापछिको दोस्रो ठूलो अर्थतन्त्र हो। यसैले अमेरिकाको प्रतिनिधिसभाले हालैमा चीनलाई 'विकासशील देश'को सौविध्यपूर्ण दर्जाबाट हटाउने कानुन पारित गरेको छ।

तर, बाह्य पर्यवेक्षकहरू चीनको मध्यमवर्ग अझै पनि सानो नै रहेकाले जिडिपीमा प्रतिव्यक्ति आयको अनुपात निकै कम भएको तथ्यलाई बुझ्न असफल छन्। देशको सम्पत्ति असमान रूपमा सरकार र धनाढ्यहरूको हातमा सीमित छ। यसले चीनलाई विश्वको सबैभन्दा ठूलो विलासी वस्तुहरूको बजार बनाएको छ भने सामाजिक बुद्यौलीले अर्थतन्त्रलाई सुस्त बनाउँदै लान थालेको छ। यस्तोमा चीनमा संरचनात्मक राजनीतिक सुधार हासिल गर्न सक्ने गरी मध्यम वर्गको विकास कहिल्यै नहुने सम्भावना बढ्दै गएको छ।

यसबाहेक, सामान्यतया १५-२९ वर्ष उमेर समूहका युवाहरू नै लोकतान्त्रीकरणको अग्रपंक्तिमा हुन्छन्, तर चीनको पूर्ववर्ती एक सन्तान नीतिले यस समूहको आकारलाई उल्लेख्य रूपमा नै सानो बनाइदिएको छ। ताइवान र दक्षिण कोरियामा सन् १९८० को दशकको सुरुवाततिर युवाको हिस्सा ३१ प्रतिशत थियो, जसले लोकतन्त्रीकरणका लागि उत्साहप्रद आधार तयार पारेको थियो। सन् १९८७ मा लोकतान्त्रिक मुलुक बन्दा यी दुवै देशको मेडियन (मध्यम) उमेर २६ वर्ष मात्र थियो। यसैगरी, व्यापक लोकतन्त्रवादी आन्दोलन चर्कंदा चीनको जनसंख्यामा युवाको हिस्सा ३१ प्रतिशत (२५ वर्षको मेडियन उमेरका साथ) थियो, जुन १९८९ को तियानमेन स्क्वायर प्रदर्शनमा परिणत भयो। तर, त्यो आन्दोलनलाई सरकारले निर्ममतापूर्वक दबायो।

चीनले गत नोभेम्बरमा सरकारको शून्य-कोभिड नीतिको व्यापक विरोध प्रदर्शन सामना गऱ्यो, त्यसवेला थुप्रै अन्तर्राष्ट्रिय पर्यवेक्षक चीनमा सन् १९८९ शैलीकै लोकतान्त्रिक आन्दोलनको उभार आउन थालेको हो कि भनेर विस्मय प्रकट गर्दै थिए। तर, ग्रासरुटको परिचालन आधा महिना मात्र टिक्यो। सरकारले शून्य-कोभिड नीति खारेज गरेपछि राजनीतिक विरोध प्रदर्शनको मुद्दा नै सकियो। मेडियन उमेर ४२ वर्ष भएको र युवाको अनुपात १७ प्रतिशतमा झरेको देशमा यति नै अपेक्षा गर्न सकिन्छ।

धेरैले चीनको राजनीतिक प्रतिगमनको दोष व्यक्तिगत नेताहरूलाई दिन्छन्। वास्तवमा, लोकतान्त्रिक संक्रमणका लागि चीनको झ्याल सम्भवतः २००८ मा बेइजिङ ग्रीष्मकालीन ओलम्पिकको समयमा नै बन्द भइसकेको हो। सन् २०१२ सम्म आइपुग्दा जनसंख्यामा युवाको हिस्सा २३ प्रतिशतमा खुम्चिसकेको थियो भने मेडियन उमेर बढेर ३७ पुगेको थियो, जसका कारण घरायसी खर्चयोग्य आय कुल गार्हस्थ उत्पादनको ४२ प्रतिशतमा झऱ्यो। यसले उतिवेलै घरेलु अधिनायकवाद र भूराजनीतिक संशोधनवादको जनसांख्यिकीय र आर्थिक जग बसिसकेको संकेत गर्छ। तैपनि पश्चिमी र चिनियाँ नेताहरू चीनको लोकतान्त्रीकरणको सम्भावनामा विश्वास गर्दै थिए। पश्चिमा नेताहरू लोकतान्त्रिक आन्दोलनलाई बढावा दिन खोज्थे भने चिनियाँ नेताहरूचाहिँ आत्तिँदै यसलाई दबाउँथे। अब यो खेल पनि सकिएको छ।

> चिनियाँ बजार अर्को दशक पनि अमेरिकी कम्पनीका लागि महत्त्वपूर्ण नै रहनेछन्, किन कि वृद्धिमा सुस्तीका बाबजुद विश्व अर्थव्यवस्थामा चीनको हिस्सा बढ्ने नै छ, जब कि अमेरिका र उसका सहयोगीको हिस्सा घट्नेछ

पश्चिम आफ्ना भ्रमहरूबाट मुक्त हुँदै गएको छ भने तीन वर्षसम्म कठोर कोभिड नियन्त्रणलाई सहजै स्वीकार गरेर अधिकांश चिनियाँले सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र सुरक्षाका लागि शक्तिशाली केन्द्रीय सरकारमा भरोसा जनाइसकेका छन्। उत्तरपूर्वी चीनमा सबैभन्दा धेरै बूढो जनसंख्या छ। यो क्षेत्रमा आर्थिक जीवन्तताको त अभाव छ, तर वर्तमान सत्तालाई दृढतापूर्वक समर्थन गर्छ। भोलि देशको बाँकी भागको आर्थिक एवं राजनीतिक परिदृश्य पनि यही हुनेछ। बुद्यौलीले सामाजिक अशान्तिका ससाना स्वरूप प्रशस्तै उत्पादन गर्ने भए पनि त्यहाँ कुनै ठूलो उथलपुथल भने हुनेछैन। यदि चीनले सन् १९९० को दशकको रुसले जस्तो उथलपुथल साक्षात्कार गऱ्यो नै भने पनि उसको विशाल वृद्ध जनसंख्याले भ्लादिमिर पुटिन शैलीका कठोर कदमबाट सामाजिक व्यवस्था बनाइराख्न सक्ने कुनै शक्तिशाली व्यक्ति खोज्नेछ।

चिनियाँ अधिकारीको डरको सबैभन्दा ठूलो स्रोत शासन सुरक्षाको घरेलु खतरा होइन, बरु सबलता र जीवन्तता गुमाउँदै गएको समाज हो। युवाहरूको कमी अनि कडा सेन्सरसिप र दमनमा बढ्दो निर्भरताले चीनलाई थप गतिहीन बनाउनेछ।

व्यापार असन्तुलन

चीन-अमेरिकाको असन्तुलित आर्थिक सम्बन्ध विशेषगरी विगत एक दशकमा तनावको एउटा प्रमुख स्रोत बनेको छ। यसको जड पनि एक सन्तान नीतिमै छ। किनकि चिनियाँ अविभावक एक मात्र सन्तानले बुढेसकालमा आफूलाई पर्याप्त सहारा दिन नसक्ने चिन्ताले ग्रस्त भए, जसका कारण उनीहरूले उपभोग घटाए र आफ्नो सेवानिवृत्तिपछिका लागि बचत बढाउने प्रवृत्तिमा वृद्धि गरेछन्। चिनियाँ सरकार, व्यावसायिक प्रतिष्ठान र धनाढ्यहरूले पनि उच्च बचत दर कायम राखेका छन्, जसका कारण सन् २००५-२०२० को अवधिमा चीनको औसत बचत दर ४७ प्रतिशत रह्यो भने बाँकी विश्वमा यो औसतमा दर २४ प्रतिशत र अमेरिकामा १८ प्रतिशत थियो।

अर्थव्यवस्थाहरू मुख्यतया उपभोगद्वारा सञ्चालित हुन्छ। तर, अन्य देशहरूको विपरीत चीनको अर्थतन्त्र निर्यात, रियल इस्टेट तथा पूर्वाधार (जस्तै उच्च गतिको रेल)मा लगानीबाट चलेको छ। यी क्षेत्रमा सन् २००५-२०२० बीचमा चीनको औसत लगानी दर ४४ प्रतिशत थियो, जबकि बाँकी विश्वको २३ र अमेरिकाको २१ प्रतिशत थियो। तर, अत्यधिक लगानीले घरजग्गा मूल्य फोका र स्थानीय-सरकारको ऋण संकटलाई नै बढावा दिएको छ। चीनको रियलस्टेट क्षेत्रको मूल्य देशको कुल गार्हस्थ उत्पादनको चार गुणा ठूलो भइसकेको छ, जबकि अमेरिकामा जिडिपीको १.६ गुणा र जापानमा जिडिपीको २.१ गुणा मात्रै छ। चिनियाँ हाउजिङले पूरै अमेरिकी बन्ड बजारलाई समेत उछिनिसकेको छ। केन्द्रीय सरकारले यो मूल्य फोकालाई फुट्नबाट रोक्न प्रयास गरे पनि घट्दो जनसंख्याले त्यसलाई अवश्यंभावी बनाउने सम्भावना बढ्दै छ (जसले विश्वव्यापी वित्तीय संकट निम्त्याउन सक्छ)।

चीनले सधैं व्यापार अधिशेषको अनुसरण गर्दै आएको छ। चीनले अमेरिकालाई ठूलो परिमाणमा निर्यात गर्छ। विश्वको प्राथमिक रिजर्भ मुद्राको रूपमा डलरको भूमिकाका कारण मात्रै अमेरिकाले यो व्यापार घाटालाई धेरै हदसम्म सामना गर्न सकिरहेको हो। सन् २००१-२०१८ को बीचमा अमेरिकाले जति सामान चीनबाट आयात गऱ्यो चीन निर्यात त्यसको केवल २२ प्रतिशत मात्र थियो भने बाँकी विश्वसँग अमेरिकाले आयातको ७२ प्रतिशत निर्यात पनि गरेको थियो। सन् २०१८ मा मात्रै पनि चीनले अमेरिकालाई पाँच खर्ब ३९ अर्ब डलरको निर्यात गरेको थियो, तर अमेरिकाबाट आयात एक खर्ब २० अर्ब डलरको मात्रै गऱ्यो। यसबाहेक, चीनले लामो समय त्यस बचतलाई अमेरिकी ऋणपत्र र धितोपत्रहरू खरिद गर्न प्रयोग गऱ्यो। यो असन्तुलनले अमेरिकाको रियलस्टेट मूल्य फोकालाई प्रोत्साहित गरेर सन् २००८ को वित्तीय संकटलाई बढावा दिन भूमिका खेल्यो। 'सामान्यतः धनी देशले गरिबहरूलाई ऋण दिन्छन् तर यसपालि गरिब देशले धनीलाई ऋण दिइरहेका छन्,' इतिहासकार नेल फर्गुसनले त्यतिवेला टिप्पणी गरेका थिए।

यद्यपि यो अत्यधिक असन्तुलित व्यापारले अमेरिकी ऋणपत्र बजार र अमेरिकीलाई फाइदा पुऱ्यायो। उनीहरूले न्यून मूल्य र न्यून मुद्रास्फीतिबाट फाइदा उठाए। तर, अमेरिकाको औपचारिक क्षेत्र विशेषगरी म्यानुफ्याक्चरिङ क्षेत्रलाई भने कमजोर बनायो। सन् १९७१-२००१ को बीचमा विश्वव्यापी म्यानुफ्याक्चरिङको निर्यातमा अमेरिकाको हिस्सा १३ प्रतिशतमा स्थिर रहेकोमा विश्व व्यापार संगठनमा चीनको प्रवेशपछि सन् २०१८ मा आइपुग्दा भने सात प्रतिशतमा झरेको थियो। नतिजा के भयो- सन् २००१ पछि आर्थिक रूपले जर्जर हुँदै गएका रस्ट बेल्ट काउन्टीहरूले सन् २०१६ को निर्वाचनमा डोनाल्ड ट्रम्पलाई राष्ट्रपतिमा विजयी गराइदिए। यसकारण, चीनको एक सन्तान नीतिको दोस्रो ठूलो सिकार अमेरिका हो।

अब के हुन्छ ?

विगत दुई दशकदेखि मैले चीनको विकास मोडेल अनुपयुक्त छ भनेर चेतावनी दिँदै आएको छु। किनकि यसले विश्व व्यापार र अधिकांश देशको घरेलु अर्थव्यवस्थामा विकृत प्रभाव पारेको छ। सन् २००९ को एक प्रतिवेदनमा मैले अब अमेरिकाले आफ्नो म्यानुफ्याक्चरिङ आधारलाई पुनर्जीवित गर्न खोज्नेछ र अमेरिकाले नयाँ व्यापार अवरोध खडा गर्नुभन्दा र उच्च प्रविधि निर्यातमा प्रतिबन्ध लगाउनुअघि नै चिनियाँ अधिकारीले एक सन्तान नीति परित्याग गर्नेछन् भनेर भविष्यवाणी नै गरेको थिएँ।

चीनले सन् २०१६ मा यो नीति अन्त्य गऱ्यो। तर, ट्रम्प सोही वर्ष निर्वाचित हुन पुगे र सन् २०१८ मा अमेरिका-चीन व्यापार युद्ध पूर्ण रूपमा सुरु भयो। फलस्वरूप, सन् २०१८ मा अमेरिकाको कुल आयातमा चिनियाँ सामानको हिस्सा २१ प्रतिशत रहेकोमा त्यसमा घटेर यो वर्षको पहिलो चार महिनामा १३ प्रतिशतमा संकुचित भएको छ। तर, अमेरिकाको व्यापार घाटा भने अझै पनि बढ्दो नै छ, किनकि उसले आसियान (दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन)का सदस्य देशहरूबाट आयात बढाएको छ, जबकि निर्यात बढाउन सकेको छैन।

विशेषगरी, यी परिवर्तन चिनियाँ युवा (१६-१४ वर्ष उमेरका) बेरोजगारीमा वृद्धिसँग मेल खान्छन्। चीनको युवा बेरोजगारी सन् २०१८ को ११ प्रतिशतबाट बढेर यो वर्षको मेमा २१ प्रतिशत पुगेको छ। तर, म्यानुफ्याक्चरिङ क्षेत्र पुनर्स्थापनाको अमेरिकी प्रयासले अझै सार्थकता पाउन सकेका छैनन्। विश्वको म्यानुफ्याक्चरिङ निर्यातमा अमेरिकाको हिस्सा निरन्तर घट्दै गएको छ र सन् २०२२ मा आइपुग्दा ६ प्रतिशतमा सीमित भएको छ।

अझ खराब त के भने यो व्यापार युद्ध अनावश्यक छ। सन् १९६२-१९९० सम्म प्रतिवर्ष औसत दुई करोड ३४ लाख बच्चाको जन्मले चीनलाई 'विश्वको कारखान' बनाउँदै म्यानुफ्याक्चरिङमा निर्णायक लाभ दियो। तर, गत वर्ष चीनको आधिकारिक तथ्यांकले पनि ९५ लाख ६० हजार मात्रै बच्चा जन्मिएको देखाउँछ। बच्चा जन्माउने उमेरका महिलाको संख्या र प्रजनन दरमा तीव्र गिरावटका कारण यो संख्या केही वर्षमा ६० लाखमा झर्ने अनुमान गरिएको छ। तसर्थ, व्यापार युद्ध नहुँदो हो त चीनको म्यानुफ्याक्चरिङ क्षेत्र र अमेरिकी आयातमा चिनियाँ सामानको हिस्सा सन् १९९० को दशकको जापानको झैं तीव्र गतिमा खुम्चिने निश्चित छ।

यसबाहेक, चिनियाँ बजार अर्को दशक पनि अमेरिकी कम्पनीका लागि महत्त्वपूर्ण नै रहनेछन्, किनकि वृद्धिमा सुस्तीका बाबजुद विश्व अर्थव्यवस्थामा चीनको हिस्सा बढ्ने नै छ, जबकि अमेरिका र उसका सहयोगीको हिस्सा घट्नेछ। हुन त भारतको आर्थिक वृद्धि स्वस्थ गतिमा छ, तर उसको प्रतिव्यक्ति जिडिपी यति कम छ कि ऊ छोटो अवधिमा अमेरिकाको एक प्रमुख आयातकर्ताको रूपमा उदाउन सक्दैन। व्यापार युद्धको दबाबका कारण चीनले घरेलु उपभोग बढाउँदै लगेर विदेशी बजारमाथिको निर्भरता कम गर्न 'डुअल सर्कुलेसन' र 'साझा समृद्धि'को रणनीति अपनाएको छ। तर, यसले द्विविधाको सामना गरिरहेको छ। जबसम्म कुल गार्हस्थ उत्पादनमा पारिवारको खर्चयोग्य आयको हिस्सा विश्वव्यापी औसतमा पुग्दैन, घरेलु खपत बढाउन सम्भव छैन। कसैगरी घरेलु खपत बढ्यो भने पनि पश्चिमा रणनीतिकाहरूले अपेक्षा गरेअनुरूप सिपिसीले अन्ततः शक्तिशाली मध्यमवर्गसँग संघर्ष गर्नुपर्ने हुन सक्छ।

अन्तमा, यस प्रकारका सुधारले चीनको अर्थतन्त्र, समाज र राजनीतिलाई हितकारी रूपमा नै नयाँ आकार दिनेछन्। साथै अमेरिका-चीन व्यापारमा केही सन्तुलन कायम पनि हुनेछ। तर, ती सुधारले सन् १९७८ को आर्थिक सुधारभन्दा पनि ठूलो प्रतिरोधको सामना गर्नुपर्नेछ। यदि सी यस्तो आमूल परिवर्तनलाई पछ्याउने हिम्मत गर्छन् भने पश्चिमले त्यसलाई स्वागत गर्नुपर्छ।

- प्रोजेक्ट सिन्डिकेटबाट

विश्व संक्षेप

पुटिन ब्रिक्स सम्मेलनमा सहभागी नहुने

प्रिटोरिया/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी महिना दक्षिण अफ्रिकामा हुने ब्रिक्स शिखर सम्मेलनमा भाग नलिने भएका छन्। पुटिनको सम्भावित भ्रमण दक्षिण अफ्रिकाका लागि एउटा जटिल कूटनीतिक मुद्दा बनेको छ। रुसी नेतालाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) सदस्यको रूपमा प्रिटोरियाले पुटिनले देशमा पाइला टेकेको खण्डमा कार्यान्वयन गर्ने अपेक्षा गरिएको थियो।

दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाका प्रवक्ता भिन्सेन्ट माग्वेन्याले पुटिन नआउनेबारे जानकारी गराउँदै भने, 'आपसी सहमतिअनुसार रुसी महासंघका राष्ट्रपति भ्लादिमिर पुटिन शिखर सम्मेलनमा सहभागी हुनेछैनन्। अब रुसी महासंघको प्रतिनिधित्व विदेशमन्त्री सर्गेई लाभरोभले गर्नेछन्।'

ट्रान्सफर्मर पड्किँदा १५ जनाको मृत्यु

नयाँदिल्ली/ भारतको उत्तराखण्डमा ट्रान्सफर्मर पड्किँदा करेन्ट लागेर १५ जनाको मृत्यु भएको छ। भारतको उत्तराखण्ड राज्यमा बुधबार विद्युत् ट्रान्सफर्मर विस्फोट हुँदा एक प्रहरी अधिकारी र तीन होमगार्डसहित कम्तीमा १५ जनाको मृत्यु भएको हो। घटनामा अन्य ६ जना गम्भीर घाइते भएका भारतीय प्रहरीले बताएको छ। उत्तराखण्डको राजधानी देहरादुनबाट करिब २६६ किलोमिटर पूर्वमा पर्ने चमोली जिल्लाको अलकनन्दा नदीमा रहेको पुलमा विद्युत् आपूर्ति गर्न आयोजनास्थलमा राखिएको ट्रान्सफर्मर विस्फोट भएको हो। उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले घटनाप्रति दुःख व्यक्त गर्दै यसबारे छानबिन गर्न आदेश दिएका छन्।

फ्रान्समा सात सयभन्दा बढीलाई जेल सजाय

पेरिस/ फ्रान्समा गत महिनाको अन्त्यमा भएका दंगामा संलग्न सात सयभन्दा बढीलाई जेल सजाय सुनाइएको छ। अदालते द्रुत गतिमा सुनुवाइ गरेर यस्तो निर्णय सुनाएको हो। यस कार्यप्रति न्यायमन्त्रीले अदालतको प्रशंसा गरेका छन्। बुधबारसम्म एक हजार दुई सय ७८ निर्णय सुनाइएकामा ९५ प्रतिशतभन्दा बढी प्रतिवादी तोडफोड, चोरी, आगजनी वा प्रहरी अधिकारीलाई आक्रमण गरेको अभियोगमा दोषी ठहरिएका छन्। न्यायमन्त्री एरिक डुपोन्ड मोरेट्टीका अनुसार करिब ६ सय जनालाई पहिले नै जेल पठाइएको छ। देशमा शान्ति-सुव्यवस्था कायम गर्न त्यसो गर्नुको विकल्प नरहेको उनले बताए। सन् २००५ पछि फ्रान्समा यति विशाल हुलदंगा एवम् हिंसात्मक झडप भएका थिएनन्। गत जुन २७ मा एकजना प्रहरी अधिकारीले १७ वर्षका फ्रान्सेली-अल्जेरियन किशोरलाई गोली हानेपछि देशभर हिंसा भड्किएको थियो। सुरक्षाकर्मी र प्रदर्शनकारीबीच चार दिन चार रात गम्भीर झडपपछि स्थिति नियन्त्रणमा आएको थियो। स्थितिलाई नियन्त्रणमा लिन ४५ हजार सुरक्षाकर्मी सशस्त्र सवारी साधनका साथ परिचालन भएका थिए।

प्रधानमन्त्रीको दौडमा रहेका थाई नेताको सांसद पद निलम्बन

बैंकक/ थाइल्यान्डका सुधारवादी नेता पिता लिम्जारोएनरतको प्रधानमन्त्री बन्ने प्रयास बुधबार समाप्त भएको छ। ४२ वर्षीय पिता उनको उम्मेदवारीबारे छलफलमा रहेका वेला नाटकीय रूपमा संसद्बाट निलम्बित गरिएको थियो। पिताको निलम्बनपछि संसद्मा उनको दोस्रो मतदानका लागि विचार गर्न सकिने वा नसकिने पक्षमा मतदान भएको थियो। थाई कानुनअनुसार सांसद नभएका व्यक्ति पनि प्रधानमन्त्री हुन सक्छन्। तर, मतदानमा पिता दोस्रोपटक उम्मेदवार हुन नपाउने पक्षमा बहुमत सांसदले मत दिए। यससँगै उनको सरकारको नेतृत्व गर्ने प्रयास तत्कालका लागि अन्त्य भएको देखिन्छ।



थाइल्यान्डको राजावादी संवैधानिक अदालतले सञ्चार कम्पनीमा सेयर भएको भन्दै पितालाई संसद्बाट पूर्ण रूपमा अयोग्य ठहऱ्याउन सक्ने गरी मुद्दा अघि बढाउने बताएपछि उनलाई निलम्बन गरिएको हो। थाइल्यान्डको संविधानअनुसार सांसदलाई सञ्चारमाध्यमको स्वामित्व लिन निषेध गरिएको छ। यद्यपि पिताले उनीसँग रहेको टेलिभिजन स्टेसनको सेयर सन् २००७ देखि प्रसारण सेवा बन्द भएको बताएका छन्। पिता लिम्जारोएनरतले नेतृत्व गरिरहेको मुभ फरवार्ड पार्टी (एमएफपी)ले गत मे महिनामा भएको चुनावमा सबैभन्दा बढी मत प्राप्त गरेको थियो, तथापि उसले बहुमत भने हासिल गर्न सकेको थिएन। गठबन्धनमार्फत सरकार गठनको प्रयास पनि अहिलेका लागि असफल भएको छ।

पिता मुठी उठाएर अभिवादन गर्दै संसद् भवनबाट बाहिरिएका थिए। 'हामी फेरि भेट्नेछौं। त्यतिवेलासम्म म सांसदका रूपमा बिदाइ हुन चाहन्छु,' पिताले भने। उनी बाहिरिरहँदा विधानसभाको हलबाट सहयोगी दलहरूका सांसदले उनीप्रति सम्मान देखाएका थिए। हारवार्ड विश्वविद्यालय पढेका र परिवारले चलाएको एग्रिफुड व्यवसायबाट धनी बनेका पिताले सञ्चारमाध्यमको सेयर आफ्नो बुबाबाट विरासतमा पाएको बताएका छन्। उनलाई सेयरबारे १५ दिनभित्र जवाफ दिन समय दिइएको छ। उनले संसद् छाडेपछि भएको मतदानमा सांसदहरूले ठूलो मतान्तरले उहाँलाई दोस्रोपटक प्रधानमन्त्रीका लागि विचार गर्न नमिल्ने पक्षमा बहुमत दिएका थिए। मतदान नतिजा सुनाउँदै सभामुख वान मोहम्मद नुर माथाले भने, 'यो संसद्को अधिवेशनमा पितालाई दोस्रोपटक निर्वाचनमा सहभागी गराउन सकिँदैन।'

पिताको निलम्बनको खबर सार्वजनिक भएपछि संसद्को गेटमा बसिरहेका दर्जनौं समर्थक रोएका थिए। पछि प्रदर्शनकारी बैंककको 'प्रजातान्त्रिक स्तम्भ'नजिकै सार्वजनिक च्यालीका लागि जम्मा भए। प्रहरीहरू सम्भावित झडप रोक्न सुरक्षार्थ तयार रहेका थिए। पिता गत हप्ता थाई संसद्को संयुक्त बैठकमा प्रधानमन्त्री पदका लागि भएको निर्वाचनका एकल उम्मेदवार थिए। उनले जितका लागि आवश्यक मत पाएनन्। थाइल्यान्डको सिनेटमा सेनामा नियुक्त भएका २४९ सिनेटरमध्ये १३ जनाले मात्र पिताको पक्षमा मतदान गरेका थिए।

सञ्चारमाध्यमको सेयरसम्बन्धी मुद्दाबाहेक पनि पितामाथि अर्को एक गम्भीर मुद्दा छ। थाइल्यान्डको शाही मानहानि कानुनलाई संशोधन गर्ने एमएफपीको चुनावी वाचा संवैधानिक राजतन्त्रलाई 'अपदस्थ' गर्ने योजनासरह भएको आरोप लगाउँदै मुद्दा दायर गरिएको छ। पिताको पार्टीले चुनावमा राजसंस्थाको आलोचना गर्नेहरूलाई १५ वर्षसम्म जेल सजाय हुने एक कानुन संशोधन गर्ने वाचा गरेको थियो। विभिन्न दबाबबीच मुभ फरवार्ड पार्टीले यस प्रतिबद्धतामा सम्झौता गर्ने अस्वीकार गरेको छ। एमएफपीले देशको एकाधिकार तोड्ने पनि बताएकाले कैयौं व्यापारिक घराना आत्तिएको बताइएको छ।

इतिहासमा आज

जुलाई २०



सन् १९६९ : एपोलो ११ को चन्द्रमामा अवतरण। निल आर्मस्ट्रङ र बज एल्ड्रिनलाई बोकेर यो यान सुरक्षित रूपमा चन्द्रमाको शान्ति सागरमा अवतरण भयो।

सन् १९१९ : सर एडमन्ड हिलारीको जन्मदिन। न्युजिल्यान्डको अकल्यान्डमा जन्मिएका हिलारीको मृत्यु सन् २००८ जनवरी ११ मा ८८ वर्षको उमेरमा भएको थियो। उनले सन् १९५३ मा तेन्जिङ नोर्गे शेर्पासँगै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए।

सन् १९४४ : दोस्रो विश्वयुद्धको समयमा जर्मनीका सैन्य नेताहरूले एडोफ हिटलरको हत्या गर्ने प्रयास गरे।

सन् १९७४ : साइप्रसमाथि टर्कीको आक्रमण। उक्त आक्रमण साइप्रसमा भएको विद्रोहको जवाफ थियो।

सन् १९७६ : मंगल ग्रहमा भाइकिङ प्रथमको अवतरण। भाइकिङ कार्यक्रम अंशअन्तर्गत अमेरिकी अन्तरिक्षयान भाइकिङ मंगल ग्रहमा सफलतापूर्वक अवतरण गर्ने यान हो।

सन् २०१२ : अमेरिकाको कोलोराडोमा डार्क नाइट राइज इन औरोराको प्रिमियरका क्रममा एउटा नाट्यशालामा गोली चल्दा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै ५८ जना घाइते।

मौद्रिक नीतिलाई ६ सुझाव

कुनै पनि उद्योगमा ऋण जुटाउन पूरा गर्नुपर्ने प्रक्रिया राष्ट्र बैंकले एकद्वारबाट हुने व्यवस्था गरिदिनुपर्छ



अर्थ संवाद

• विष्णु न्यौपाने

सरकारको नेतृत्वमा पुग्नेहरू जहिल्यै आन्तरिक उत्पादन बढाउने भन्छन्। बढ्दो व्यापार घाटा कम गर्न पनि आन्तरिक उत्पादन बढाउनैपर्छ। तर, सरकारले व्यवहारमा भने उद्योग चलाउन होइन, व्यापार गर्न प्रोत्साहन गरिरहेको छ। भारतले आन्तरिक उत्पादन बढाउन 'मेक इन इन्डिया' अभियान चलाइरहेको छ। नेपालमा पनि 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियान अगाडि बढाइएको छ। निजी क्षेत्रले अगाडि बढाएको अभियानलाई सरकारले पनि नीति तथा कार्यक्रम र बजेटमा समेट्दै आएको देखिन्छ।

आन्तरिक उत्पादन बढाउन सरकारी तहबाटै प्रोत्साहन हुनुपर्छ। नीति पनि त्यस्तै बनाइनुपर्छ। उद्योग चलाउन ठूलो लगानी चाहिन्छ। विदेशबाट सामान ल्याएर बिक्री गर्नजस्तो उद्योग चलाउन सहज छैन। 'ट्रेडिङ बिजनेस' चलेन भने बन्द गर्न वा सिफ्ट हुन सकिन्छ, तर ठूलो लगानी भइसकेका उद्योग यत्तिकै छाड्न सकिँदैन। कुनै उद्योग चलेन भने अर्बौं मूल्यका मेसिनरी कबाड हुन्छन्।

नेपाल राष्ट्र बैंक मौद्रिक नीति ल्याउने अन्तिम गृहकार्यमा छ। यदि देशभित्र उत्पादन बढाउन सॉच्चिकै खोजिएको हो भने मौद्रिक नीतिमा देहायका व्यवस्था हुनु जरुरी छ :

एक : उद्योग र व्यापारलाई ब्याजमा भिन्नता – उत्पादनमूलक उद्योग र व्यापारिक क्षेत्रमा बैंकले प्रवाह गर्ने कर्जा (ऋण)को ब्याजदर भिन्न हुनुपर्छ। यो अन्तरले देशभित्र उत्पादनमूलक उद्योग खोल्न प्रोत्साहन गर्छ। नयाँ मौद्रिक नीतिमा राष्ट्र बैंकले उत्पादनमूलक उद्योगलाई बेसरेट (आधार दर)मा बढीमा दुई प्रतिशत मात्रै प्रिमियम लिन पाउने व्यस्था गर्नुपर्छ। ताकि, व्यापार गर्नेहरू पनि उद्योग खोल्न आकर्षित होऊन्। उत्पादनमूलकबाहेकका अन्य क्षेत्रमा जाने कर्जाबाट बैंकहरूले ब्याज 'मेकअप' गर्न सक्छन्।

अनुत्पादक क्षेत्रमा जाने कर्जाको ब्याजदर बढी हुनुपर्छ। उदाहरणका लागि, यदि कसैले स्वदेशमै गाडी एसेम्बल गर्न खोज्छ भने सस्तो ब्याजमै कर्जा पाउनुपर्छ। तर, गाडी आयात गरेर बिक्री गर्नेलाई अलि बढी प्रिमियम जोडेर ब्याज तोक्न सकिन्छ। बैंक तथा वित्तीय संस्थाले यत्तिकै ब्याज अन्तर गर्दैनन्। यो व्यवस्था नियामक निकाय राष्ट्र बैंकले नै गर्नुपर्छ। उद्योगलाई ब्याज अनुदान दिएर सम्भव हुँदैन। कर्जामा ब्याजदर अन्तरको व्यवस्था मौद्रिक नीतिमै गरिनुपर्छ।

दुई : फाइनान्सिडमा एकद्वार प्रणाली – उद्योग चलाउन लाइसेन्स दिने काम उद्योग विभागको हो। प्रभावकारी कार्यान्वयन नभए पनि उद्योग विभागले एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याएको छ। तर, उद्योग खोल्न बैंकले फाइनान्सिङ गर्नुपर्छ। ठूला उद्योगमा कन्सोर्टियम लोन लिँदा धेरै बैंकसँग डिल गर्नुपर्ने हुन्छ। अर्थात्, एउटै उद्योगमा दुई-तीनवटासम्म बैंकबाट ऋण जुटाउनुपर्ने हुन्छ। एउटै प्रोजेक्टका लागि फरक-फरक बैंकबाट ऋण जुटाउन राष्ट्र बैंकले एकद्वार प्रणालीको व्यवस्था गरिदिनुपर्छ। यसले लगानीकर्तालाई सहज र झन्झटमुक्त फाइनान्सियल सुविधा उपलब्ध हुनेछ। आगामी मौद्रिक नीतिमार्फत कन्सोर्टियम सिस्टममा सहजता गरिदिनुपर्छ। अहिले उद्योगीले बैंकबाट स्वीकृत भइसकेको ऋण पनि पाइरहेका छैनन्। स्वीकृत भइसकेको ऋण पनि बैंकले अहिले पैसा छैन भनेर दिन खोज्दैनन्। यदि कुनै एक बैंकले पैसा छैन भनेर नदिए प्रोजेक्ट नै रोक्नुपर्ने हुन्छ। कि बैंकले ऋण स्वीकृत नै गर्नुभएन, स्वीकृत गरेपछि ऋण दिनुपर्छ। कुनै पनि उद्योगमा ऋण जुटाउन जति पनि प्रक्रिया पूरा गर्नुपर्छ, त्यो प्रक्रिया राष्ट्र बैंकले एउटै द्वारबाट हुने व्यवस्था गरिदिनुपर्छ।

तीन : तीन-तीन महिनामा नगद अनुदान – सरकारले विभिन्न वस्तुको निर्यातमा नगद प्रोत्साहन दिँदै आइरहेको छ। नगद अनुदानकै कारण सिमेन्ट र डन्डी भारत निर्यात सुरु भइसक्यो। यो अत्यन्तै सकारात्मक छ। तर, नगद अनुदान लिन दुई वर्षभन्दा बढी समय लाग्छ। हाम्रै स्पिनिङ मिलले नगद अनुदान दुई/अढाई वर्षदेखिको लिन बाँकी छ। सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत निर्यातमा दिँदै आएको अनुदान तीन-तीन महिनामा भुक्तानी गर्ने गरिएको छ। नीति तथा कार्यक्रम र बजेटमा मात्र समावेश गरेर हुँदैन, प्रभावकारी कार्यान्वयन पनि हुनुपर्छ। सरकारले एकातिर तीन-तीन महिनामा नगद अनुदान भुक्तानी गर्ने घोषणा गर्छ, अर्कोतिर नगद अनुदान भुक्तानीका लागि पर्याप्त बजेट विनियोजन गर्दैन। अनुदान रकम तीन-तीन महिनामा भुक्तानी गर्ने व्यवस्था भएमा उत्पादनमूलक उद्योगमा लगानीकर्ता आकर्षित हुन्छन्, नत्र लगानीकर्ता निरुत्साहित हुनेछन्। यदि समयमै भुक्तानी दिइँदैन भने जतिसुकै अनुदानको व्यवस्था गरे पनि त्यसको अर्थ रहँदैन।

> उत्पादनमूलक उद्योग र व्यापारिक क्षेत्रमा बैंकले प्रवाह गर्ने कर्जा (ऋण)को ब्याजदर भिन्न हुनुपर्छ। यो अन्तरले देशभित्र उत्पादनमूलक उद्योग खोल्न प्रोत्साहन गर्छ।

चार : वैदेशिक लगानी – कतिपय एसियन मुलुकमा विदेशी लगानीका कम्पनीहरूले मुनाफाबाट लैजाने 'रिप्याट्रियसन'बर ाबरको वैदेशिक मुद्राको स्रोत आफैं जुटाउनुपर्ने व्यवस्था छ। अब हामीले पनि सोही व्यवस्था गर्नुपर्छ। विदेशी लगानीका कम्पनीले आर्जन गरेको नाफाबाट लैजाने रकमको स्रोत आफैं जुटाउनुपर्ने व्यवस्था गर्नुपर्छ। भोलि नेपालमा ठुल्ठूला विदेशी लगानीका उद्योगहरू आए भने भारु वा डलरमा रिप्याट्रियसन लैजान स्वीकृति दिँदा सरकारले कहाँबाट पैसा ल्याएर दिने ? यदि कुनै विदेशी लगानीको उद्योगले वर्षमा १० अर्बको कारोबार गऱ्यो, उसले नाफाबाट एक अर्ब 'रिप्याट्रियसन' लैजान चाहेमा नौ अर्बको माल नेपालमै बिक्री गर्न पायो। एक अर्बको माल विदेश निर्यात गरेर विदेशी मुद्रा भित्र्याउनुपऱ्यो। यो व्यवस्थाले देशमा विदेशी मुद्रा सञ्चिति कहिल्यै घट्न पाउँदैन। विदेशी कम्पनीलाई कमाएको जति पनि पैसा विदेशी मुद्रामा फिर्ता लैजान दिइन्छ। जति रिप्याट्रियसन लैजाने हो, त्यति वस्तु तथा सेवा विदेशमा बिक्री गर्ने व्यवस्था गरिनुपर्छ। नेपाली रुपैयाँमा माल बिक्री गर्न दिने, तर मुनाफा रेमिट्यान्सको पैसा साटेर दिने कसरी सम्भव हुन्छ ? अर्को कुरा, विदेशी कम्पनीलाई कुल लगानीको ५-१० प्रतिशत मात्र नेपाली बैंकले ऋण दिन पाउने व्यवस्था हुनुपर्छ। नत्र, यहाँ ३ अर्बको उद्योगमा ६० करोड विदेशी लगानी ल्याउँछन्, अरू यहींको बैंकबाट ऋण लिन्छन्। वैदेशिक लगानी भनेपछि उतैका बैंकबाट स्रोत जुटाउनुपऱ्यो नि।

कुनै पनि विदेशी कम्पनीलाई १० प्रतिशतभन्दा बढी विदेशी कर्मचारी राख्न दिनुहुँदैन। नेपालमा सहुलियत पाएपछि यहीं रोजगारी सिर्जना गर्नुपर्छ। नेपाली लगानीका उद्योग नेपालकै कर्मचारीले चलाएका छन् भने विदेशीमा किन विदेशी कर्मचारी चाहिने ?

पाँच : उधारो संरक्षणमा कडा नीति – धेरै देशमा उद्योगी व्यवसायीको उधारो संरक्षणको व्यवस्था छ। राज्यले नै उधारो संरक्षणको प्रत्याभूति गरेको छ। तर, नेपालमा उधारो उठाउन व्यवसायी मात्र लडिरहनुपरेको छ। नेपालमा उधारोमा सामान बिक्री गरेर पैसा उठेन भने व्यवसायी डुब्यौं। यहाँ उधारोको संरक्षण गर्ने कुनै नीति छैन। चेक बाउन्स हुँदा ब्ल्याक लिस्टेट गर्ने व्यवस्था छ। तर, पैसा उठ्ने होइन, न कुनै किसिमको कारबाही नै हुन्छ।

यदि उधारोको संरक्षण हुँदैन भने चेकमा सामान बिक्री गर्नुहुँदैन। कति धेरै चेक बाउन्स भएर बसेका छन्, खै कसलाई भयो कारबाही ? उही ब्ल्याक लिस्टेट मात्र भएको छ। राज्यले उधारो संरक्षण गर्ने कडा पोलिसी ल्याउनुपर्छ। यस्तै, नेपालमा दुई-तीन महिना लगाएर ब्ल्याक लिस्टमा राखेपछि मुद्दामा जानुपर्छ। मुद्दा लड्दालड्दै कति वर्ष बित्ने हो ? फेरि कतिजनासँग मुद्दा लड्ने ? मुद्दा जितेर रिपोर्ट गरे पनि पक्राउ गर्न पुलिसले त्यति जाँगर गर्दैन। कारबाही गर्नुपर्ने मान्छे भागिसकेको हुन्छ। केस यत्तिकै थन्किन्छ। उधारो पचाउन खोज्नेलाई ब्ल्याक लिस्टेड गर्नेभन्दा ठूलो कारबाही हुँदैन। ब्ल्याक लिस्टेड भएपछि पुलिसमा रिपोर्ट गरेर सीधै कारबाही हुनुपर्ने होइन ? यहाँ उल्टै बैंकले तपाईंको धेरै उधारो रहेछ भनेर ऋण दिन हिचकिचाउन थालेका छन्।

कुनै पनि कम्पनीको वार्षिक कारोबारभन्दा बढीको चेकलाई मान्यता नदिने नीतिगत व्यवस्था गरिनुपर्छ। वर्षभरिमा मुस्किलले २५ लाखको कारोबार हुँदैन, तर उसलाई पाँच करोडको चेक काट्ने सुविधा दिइएको छ। बैंकले कुल कारोबारको २५ प्रतिशतभन्दा बढी ऋण दिन्न्। तर, चेकचाहिँ जतिको पनि काट्न पाउने भन्ने त हुनुभएन।

राष्ट्र बैंकले ल्याएको चालू पुँजी कर्जा निर्देशिका उत्पादनमूलक उद्योगहरूका हकमा लागू नहुने व्यवस्था गर्नुपर्छ। वा, लगानीको सीमा ५० प्रतिशत पुऱ्याउनुपर्छ। अहिले निर्माण व्यवसायीलाई सरकारले नै पेमेन्ट गर्न सकिरहेको छैन। उधारो ६ महिनाभन्दा पहिला उठ्ने देखिन्न। यो अवस्थामा चालू पुँजी कर्जा लिन अप्ठेरो स्थिति छ।

छ : बैंक ग्यारेन्टीमा सहजीकरण – नेपालमा बैंक ग्यारेन्टी र इन्स्योरेन्सको कमिसन शुल्क अत्यन्तै धेरै छ। इन्स्योरेन्सको प्रिमियम भारतको तुलनामा १० गुना बढी छ। बैंक ग्यारेन्टीको करिब ५ गुना बढी छ। बैंक ग्यारेन्टी बनाउँदा लाग्ने खर्च घटाउँदै लैजानुपर्छ। बैंकले २ देखि ३.५ प्रतिशतसम्म बैंक ग्यारेन्टी कमिसन (सर्भिस चार्ज) दिन्छन्। र, फेरि बैंकमा १० प्रतिशत धरौटीका रूपमा नगद मार्जिन ग्यारेन्टी पनि राख्नुपर्छ। यदि एक करोडको बैंक ग्यारेन्टी बनाउन गएमा साढे तीन लाखसम्म बैंकलाई कमिसन शुल्क बुझाउनुपर्छ। साथै, १० प्रतिशतका दरले १० लाख रुपैयाँ धरौटीका रूपमा जम्मा गर्नुपर्छ। बैंकले धरौटी रकमको हामीलाई एक रुपैयाँ ब्याज दिँदैन। तर, उनीहरूले धरौटीमा राखेको रकम ब्याजमा लगाउन पाउँछन्। बैंक ग्यारेन्टीको कमिसन शुल्क र नगद धरौटी धेरै भयो। कम्तीमा उत्पादनमूलक उद्योगहरूलाई बैंक ग्यारेन्टी बनाउँदा कमिसन शुल्क र धरौटी रकम कम गरिदिनुपर्छ।

(व्यावसायिक घराना सौरभ ग्रुपका अध्यक्ष न्यौपानेसँग गरिएको कुराकानीमा आधारित)

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.


गैर बैंकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण

१. यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेका कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ रु (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०८९ र २८७ को क्षेत्रफल क्रमशः०-२-१५-२ र ०-६-१०-० (बिगाह) को घरजग्गा ।
२. यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेका कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ रु (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४४७ को क्षेत्रफल ०-०-३-२ (बिगाह) को जग्गा ।
३. यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेका कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मी) को घरजग्गा ।
४. यस बैंकको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलबस्तुको लगतमा दर्ता कायम रहेका कपिलबस्तु जिल्ला, गजेहडा गा.वि.स वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६८६ र २३८ को क्षेत्रफल क्रमशः ०-१२-१२-० र ०-३-३-० (बिगाह) को जग्गा ।
५. यस बैंकको नाममा मालपोत कार्यालय राजापुर, बर्दियाको लगतमा दर्ता कायम रहेका बर्दिया जिल्ला, नयाँगाउँ गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. ५५ र ५६ को क्षेत्रफल क्रमशः १-१२-०-० र ४-३-१०-० (बिगाह) को जग्गा ।
६. यस बैंकको नाममा मालपोत कार्यालय गुल्मीको लगतमा दर्ता कायम रहेका गुल्मी जिल्ला, तम्घास गा.वि.स. वडा नं. ५ (हाल रेसुङ्गा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ५४१ र १३९ को क्षेत्रफल क्रमशः १५५.०१ र ८०८.८२ (व.मी) को जग्गा ।
७. यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिराहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं. ६ ङ (हाल धनगढीमाई न.पा. वडा नं. ८) स्थित कित्ता नं. १०६८, ८३८, १०६९, १०७०, ८३९, १०६५, १०६४ र १०६३ को क्षेत्रफल क्रमशः ०-५-१५.५-०, ०-३-०-०, ०-५-१५.५-०, ०-०-१६-०, ०-१०-१२-०, ०-४-१५.७५-०, ०-५-०-० र ०-५-०-० (बिगाह) को जग्गा ।
८. यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ (डिल्लीबजार) स्थित कित्ता नं. ९५ को क्षेत्रफल ०-३-२-२ (रोपनी) को घरजग्गा ।
९. यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्घौ गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
१०. यस बैंकको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (बिगाह) को जग्गा।
११. यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ८ ख स्थित कित्ता नं. ४००, ३६३, ४०२, ३९७, ४२७ को क्षेत्रफल क्रमशः ३-११-१७.५०, ०-७-०, ०-०-१४.७५, ०-६-१५ र २-१९-१.७५ (बिगाह) को जग्गा ।
१२. यस बैंकको नाममा मालपोत कार्यालय लहान, सिरहाको लागतमा दर्ता कायम रहेको सिरहा जिल्ला, लहान गोठ गा.वि.स. वडा नं. ६ (हाल लहान न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल क्रमशः ०-८-३.७५ (बिगाह) को जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति	तपसिल नं. २ मा उल्लेखित सम्पति	तपसिल नं. ३ मा उल्लेखित सम्पति	तपसिल नं. ४ मा उल्लेखित सम्पति
तपसिल नं. ५ मा उल्लेखित सम्पति	तपसिल नं. ६ मा उल्लेखित सम्पति	तपसिल नं. ७ मा उल्लेखित सम्पति	तपसिल नं. ८ मा उल्लेखित सम्पति
तपसिल नं. ९ मा उल्लेखित सम्पति	तपसिल नं. १० मा उल्लेखित सम्पति	तपसिल नं. ११ मा उल्लेखित सम्पति	तपसिल नं. १२ मा उल्लेखित सम्पति

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
शाखा कार्यालय: वालिङ्ग, स्याङ्गजा, फोन: ०६३-४४१२०७
को

शाखा कार्यालय वालिङ्ग, स्याङ्गजाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०४/०४ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय वालिङ्ग, स्याङ्गजाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरतावकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०१/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरतावकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धी सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

चण्डी प्रसाद तिवारीको नाति, भविश्वर तिवारीको छोरा, स्याङ्गजा जिल्ला, वालिङ गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **गोविन्द तिवारी (ना.प्र.प.नं. ५२४४४, स्याङ्गजा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

भविश्वर तिवारीको बुहारी, गोविन्द तिवारीको पत्नी, स्याङ्गजा जिल्ला, वालिङ गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **उमादेवी तिवारी (ना.प्र.प.नं. १६१५, स्याङ्गजा)**

धितोमा रहेको सम्पतिको विवरण

१ **गोविन्द तिवारीको** नाममा मालपोत कार्यालय स्याङ्गजाको लगतमा दर्ता श्रेस्ता कायम रहेको स्याङ्गजा जिल्ला, वालिङ्ग गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३४३१ को क्षेत्रफल १-११-०-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत ।

नोट : माथि उल्लेखित धितोमा रहेको सम्पति ऋणी जि.पि.आर.एस.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.को लागि समेत धितोमा रहेको ।

२. **साविक कैलाश विकास बैंक लिमिटेड हाल प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा चाताचात व्यवस्था कार्यालय पर्सा, विरगञ्जमा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :**

क्र.स.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	Tata Motors HCV TIPPER 2019	91E63791224	MAT448137K3R14238	ना ८ ख ७२७८
२.	Tata Motors HCV TIPPER 2019	91D63784901	MAT448137K3R13843	ना ८ ख ७२६७
३.	Tata Motors HCV TIPPER 2019	91E63790523	MAT448137K3R13976	ना ८ ख ७२६८

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०४/०४ गते बिहीवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय वालिङ्ग, स्याङ्गजाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्थित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०४/१८ गते बिहीवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय वालिङ्ग, स्याङ्गजामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०४/१९ गते शुक्रवार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय वालिङ्ग, स्याङ्गजामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय वालिङ्ग, स्याङ्गजाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय वालिङ्ग, स्याङ्गजामा सम्पर्क राखी बुझ्न सकिनेछ ।
</antoc

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ४ साउन ०८०

‘आलाकार्टा’ लागू गर्नबाट पछि हट्यो विभाग

मुना कुँवर/नयाँ पत्रिका

नेपालमा प्रसारण हुने सशुल्क विदेशी च्यानलका लागि आलाकार्टा प्रणाली लागू गर्ने निर्णयबाट सरकार पछि हटेको छ। सूचना तथा प्रसारण विभागले १ साउनदेखि आलाकार्टा प्रणाली लागू गर्ने योजना बनाएको थियो। जसअनुसार विभागले नेपालका सबै अपरेटर र विदेशी च्यानललाई पत्रमार्फत जानकारी गराएको थियो। विभागले पहिलोपटक १७ वैशाखमा सबै अपरेटर र वितरकलाई पत्राचार गरी च्यानल र प्याकेजको शुल्क विवरण विभागका पेस गर्न आग्रह गरेको थियो। तर, अपरेटर र वितरकले विभागको आग्रहलाई बेवास्ता गरेपछि ३१ वैशाखमा दोस्रोपटक पत्राचार गरी पुनः दररेट पेस गर्न आग्रह गरेको हो। विभागले सबै अपरेटर र वितरकलाई १ साउनबाट आलाकार्ट शुल्क प्रणाली पूर्ण रूपमा लागू हुने बताएको थियो। २८ असारभित्र सशुल्क विदेशी च्यानलहरूको शुल्क र प्याकेजको शुल्क विवरण विभागलाई उपलब्ध गराउन भनिएको थियो। तर, अपरेटर र वितरकले विवरण बुझाउन ढिलाइ गरेपछि विभाग आलाकार्टा प्रणाली लागू गर्ने प्रक्रियाबाट पछाडि हटेको छ। आलाकार्टा लागू नगर्ने च्यानलहरू १ साउनबाट बन्द हुने भने पनि कुनै पनि अपरेटर र वितरकले च्यानल र प्याकेजको शुल्क पेस नगरेपछि विभागले आफ्नो योजना पछि सारेको हो। अहिले भने विवरण पेस गर्ने क्रम सुरु भएकाले च्यानल नै बन्द गर्नेतर्फ नसोचेको सूचना तथा प्रसारण विभागका निर्देशक एवं प्रवक्ता भरत गौतमले बताए। उनले भने, ‘हामीले सबैलाई साउन १ गतेको लक्ष्य दिएका थियौं। तर, पहिलोपटक भएर पनि अपरेटर र वितरकलाई विवरण बुझाउन अलमल भयो। यद्यपि, अहिले भने विवरण पेस गर्न आउने क्रम सुरु भएको छ।’ आलाकार्टा प्रणालीअनुसार टेलिभिजन उपभोक्ताले आफूले हेर्ने च्यानलको मात्रै शुल्क बुझाउन पाउँछन्। नहेर्ने च्यानलको शुल्क भुक्तानी गर्नु विभागका निर्देशक एवं प्रवक्ता गौतमले बताए। ‘हालको व्यवस्थाअनुसार उपभोक्ताले केबल टेलिभिजन तथा इन्टरनेट टेलिभिजन च्यानल अपरेटर तथा वितरकबाट लिइएको च्यानल सेवाको एकमुस्ट शुल्क बुझाउँदै आएका छन्। अधिकांश टेलिभिजन च्यानल अपरेटर तथा वितरकले पनि प्याकेजमा च्यानल उपलब्ध गराइरहेका छन्। जसमा कतिपय च्यानल उपभोक्ता कहिल्यै पनि हेर्दैनन्। तर, शुल्क भने बुझाउँदै आएका छन्,’ उनले भने। तर, आलाकार्टा प्रणाली लागू भएपछि भने उपभोक्ता आफूले नहेर्ने च्यानलको शुल्क बुझाउनुपर्नेछैन।

आलाकार्टा प्रणालीले उपभोक्तालाई आर्थिक भार कम गराउने विभागको भनाइ छ। विभागका अनुसार अन्य मुलुकमा पनि यस्तो खालको अभ्यास छ। त्यसैले नेपालमा पनि यसलाई कार्यान्वयन गर्न लागिएको विभागका प्रवक्ता एवं निर्देशक गौतमले बताए।

■ दररेट बुझाउन थाले अपरेटरले

आलाकार्टा प्रणाली कार्यान्वयनमा लागि टेलिभिजन च्यानल अपरेटरहरूले च्यानल तथा प्याकेजको दररेट बुझाउन थालेको सूचना तथा प्रसारण विभागका निर्देशक एवं प्रवक्ता भरत गौतमले बताए। विभागमा तीनवटा अपरेटरले दररेट बुझाएको उनले जानकारी दिए।

उनका अनुसार डिएसएन (डिजिटल सिस्टम अफ नेपाल), जी च्यानल, डिएमबी होल्डिङले च्यानल र प्याकेजको दररेट विभागका बुझाएका छन्। अन्य केबल अपरेटर पनि पाइपलाइनमा रहेको उनको भनाइ छ। त्यस्तै, केही अपरेटरले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा समेत दररेट बुझाएको जानकारी आएको उनले बताएका छन्।

बुढीगण्डकी जलविद्युत्मा सञ्चय कोषदेखि बिमा संस्थानसम्मबाट लगानी जुटाइने

आयोजना निर्माणको शिलान्यास पनि मेरै कार्यकालमा हुन्छ : प्रधानमन्त्री

काठमाडौंमा **मिलन विश्वकर्मा**, गोरखामा **केशव गुरुङ**

राष्ट्रिय गौरवको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनामा कर्मचारी सञ्चष कोष, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान, एचआईडिसिएललगायका धेरै पुँजी खेलाउने संस्थाबाट लगानी जुटाउने पहल गरिएको छ। तीन खर्ब ३१ अर्ब लागत अनुमान गरिएको आयोजनाका लागि सरकारले ठूलो पुँजी परिचालन गर्दै आएका सरकारी स्वामित्वकै संस्थाहरूसँग छलफल अघि बढाएको हो।

स्वदेशी लगानीमै आयोजना बनाउन १७ भदौ ०७९ मा बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड स्थापना गरेको सरकारले स्वदेशी बैंक, ठूला संस्थागत लगानीकर्ता, विभिन्न कोष तथा कम्पनीबाट ऋण संकलन गर्ने अवधारणा अघि बढाएको छ। सोहीअनुसार सरकारले ठूला संस्थागत लगानीकर्ताको रूपमा स्थापित कोष, सिआइटी, बिमा संस्थानलगायतका निकायसँग पहल गरेको हो। उनीहरूले यसअघि ४५६ मेगावाटको माथिल्लो तामाकोसीलगायतका जलविद्युत् आयोजना तथा विभिन्न कम्पनीमा ऋण लगानी गर्दै आएका छन्। बुढीगण्डकी आयोजनामा पनि उनीहरूले लगानी गर्न सक्ने अपेक्षा सरकारले गरेको छ।

बुधबार गोरखाको गण्डकी गाउँपालिकास्थित सिउरेनिटारमा स्थापना गरिएको कम्पनीको फिल्ड कार्यालय उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आयोजना जुटाउन सञ्चय कोष, सिआइटी, संस्थानलगातका संस्थासँग छलफल भएको बताए। ‘कम्पनीको फिल्ड कार्यालय उद्घाटन गरेर मात्रै बस्दैनौं। लगानी जुटाएर कुनै पनि हालतमा आयोजनाको निर्माण अघि बढाउँछौं,’ उनले भने, ‘लगानी जुटाउने विषयमा पनि हामी गम्भीर छौं। त्यसका लागि नेपाल विद्युत् प्राधिकरण, सञ्चय कोष, नागरिक लगानी कोष, बिमा संस्थानसँग छलफल भएको छ। त्यसमा केही सम्मको सुनिश्चता पनि देखिएको छ।’

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अधिकारीहरू पनि लगानी जुटाउन ठूला संस्थागत लगानीकर्ताहरूसँग छलफल भइरहेको बताउँछन्। कम्पनीको सञ्चालकसमेत रहेका मन्त्रालयका सहसचिव सुनील पौडेलले लगानी जुटाउन पहल गरेको बताए। ‘सञ्चय कोषलगायतका संस्थानले माथिल्लो तामाकोसीमा ठूलो लगानी गरेका थिए। उक्त आयोजना सञ्चालनमा आएसँगै उनीहरूको ऋणको साँवा तथा ब्याज पनि भुक्तानी हुन थालेको छ,’ नयाँ पत्रिकासँग उनले भने, ‘त्यसरी माथिल्लो तामाकोसीबाट आएको रकम पुनः बुढीगण्डकी जलविद्युत् आयोजना गर्नुस् भन्ने हाम्रो प्रस्ताव छ। त्यसका लागि छलफल अघि बढेको छ।’



गोरखाको गण्डकी गाउँपालिकास्थित सिउरेनिटारमा स्थापित बुढीगण्डकी जलविद्युत् कम्पनीको फिल्ड कार्यालय बुधबार उद्घाटन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’। तस्बिर : **केशव गुरुङ**/गोरखा नयाँ पत्रिका

हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)का प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतमले पनि बुढीगण्डकीमा लगानी गर्ने प्रस्ताव आएको बताए। ‘सरकारबाट बुढीगण्डकी जलविद्युत् आयोजनामा ऋण लगानी गर्ने प्रस्ताव आएको छ। त्यसमा छलफल भइरहेको छ, टुंगो लागिसकेको छैन,’ उनले भने, ‘हामीले कर्मसियल कर्जा दिने हो। यदि, यो आर्थिक रूपमा फिजिबल देखियो भने हामी लगानी गर्न तयार हुन सक्छौं। यद्यपि, यसको लगानी मोडेल कस्तो हुन्छ, त्यसमा पनि भर पर्छ।’

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले आयोजना निर्माणको शिलान्यास पनि आफ्नै कार्यकाल गर्ने घोषणा गरे।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

‘कार्यालयको उद्घाटन, उद्घाटनकै लागि मात्रै गरिएको होइन। यसका लागि आवश्यक प्रक्रिया पूरा गरेर गरेको हो। अन्य आयोजनामा जस्तो उद्घाटन गरेर काम नगर्ने प्रवृत्ति यसमा देखिँदैन,’ उनले भने, ‘आयोजना रेडी टु गो (निर्माणमा जान सक्ने) अवस्थामा छ। छिट्टै लगानी सुनिश्चित गरेर यसको निर्माण सुरु गर्छौं। आयोजना निर्माणको शिलान्यास पनि मेरै कार्याकालमा म आफैंले गर्ने गरी अघि बढेको छु।’ यो आयोजना बनेपछि अर्थतन्त्रको विकासमा ठूलो योगदान पुग्ने उनको भनाइ छ।

यस्तै, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले पनि अब आयोजना कुनै पनि हालतमा बनाउनुपर्ने बताए। यो आयोजनासहित समग्र बुढीगण्डकी क्षेत्रकै विकास गर्न छुट्टै प्राधिकरण बनाउनुपर्ने उनको भनाइ छ। ‘कम्पनी मोडेलमा बुढीगण्डकी आयोजना बनाउने विषयमा मेरो असहमत छैन। तर, यो आयोजना विद्युत् उत्पादनमा मात्रै सीमित गर्न हुँदैन। यसकै माध्यमबाट अन्य विभिन्न आयोजना बुढीगण्डकी करिडोरमा बनाउन सकिन्छ,’ उनले भने, ‘त्यसका लागि छुट्टै स्वायत्त बुढीगण्डकी करिडोर विकास प्राधिकरण स्थापना गरेर अघि बढ्नुपर्छ।’ यस्तै, कम्पनीका अध्यक्षसमेत रहेका ऊर्जासचिव दिनेश घिमिरेले मुआब्जासम्बन्धी विवाद, स्थानीय मागको उचित सम्बोधन गरेर आयोजना निर्माण अघि बढाउने बताए।

पछिल्लोपटक चीनको गेजुवा ग्रुप अफ कम्पनिज (सिजिजिसी)लाई बनाउन दिने निर्णय भएको थियो। तर, चैत ०७८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले स्वदेशी लगानीमै उक्त आयोजना बनाउने भनेर गेजुवालाई दिने निर्णय खारेज गरिएको थियो। त्यसपछि अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणको स्वामित्व हुने गत भदौमा २० अर्ब रुपैयाँ चुक्ता पुँजीको कम्पनी स्थापना गरिएको थियो। सोही कम्पनीको फिल्ड कार्यालय बुधबार उद्घाटन गरिएको हो। मन्त्रालयको पछिल्लो अध्ययनअनुसार आयोजना बनाउन तीन खर्ब ३१ अर्ब लाग्ने देखिएको छ। हालसम्म यसको डिपिआर बनाउने, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गर्ने काम सकिएको छ। यस्तै, मुआब्जा वितरणको कामसमेत अन्तिम चरणमा पुगेको छ। लगानी जुटेको अवस्थामा तत्काल उक्त आयोजनाको निर्माण सुरु गर्न सकिन्छ। आयोजनालाई चाहिनेमध्ये ४९ हजार रोपनी जग्गा खरिद भइसकेको छ। अझै १० हजार रोपनी जग्गा भने प्राप्ति गर्न बाँकी छ।

ऋण लिएको साढे एक खर्ब रुपैयाँ तलबभत्तादेखि ऋणको साँवा-ब्याज तिर्नमै खर्च

आर्थिक वर्ष ०७९/८० मा सरकारले पौने चार खर्ब ऋण परिचालन गरेको छ, तर पुँजीगततर्फ भने दुई खर्ब ३३ अर्ब मात्रै खर्च भयो, साँवा-ब्याजमा हुने सरकारी खर्च दोब्बरले बढेर दुई खर्ब २२ अर्ब पुगेको छ

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले आर्थिक वर्ष ०७९/८० मा ऋण उठाएको पौने चार खर्ब रकममध्ये साढे एक खर्ब रुपैयाँ साधारण कार्यमा खर्च गरेको छ। अर्थात्, विकास गर्न भन्दै उठाएको सार्वजनिक ऋणको साढे ३७ प्रतिशत रकम तलबभत्तादेखि ऋणको साँवा-ब्याज भुक्तानीमै खर्च गरेको हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त तथ्यांकअनुसार आव ०७९/८० मा सरकारले तीन खर्ब ७३ अर्ब हाराहारी सार्वजनिक ऋण परिचालन गरेको छ। तर, सो वर्ष सरकारले दुई खर्ब ३३ अर्ब पुँजीगत खर्च गरेको छ। ऋण उठाएको रकम पुँजी निर्माण हुने क्षेत्रमा मात्रै खर्च गरिने सरकारको नीति छ। तर, सरकारले कुल पुँजीगत खर्चभन्दा एक खर्ब ४० अर्ब रुपैयाँ बढी ऋण परिचालन गरेको देखिन्छ। प्राप्त तथ्यांकबाट यसपटक पनि सरकारले ऋण गरेर ल्याएको पैसालाई साधारण खर्चमा समेत प्रयोग गरेको देखिने महालेखा नियन्त्रक कार्यालयका एक अधिकारीले बताए।

‘आव ०७९/८० मा पौने चार खर्ब ऋण परिचालन गरेको सरकारले पुँजीगततर्फ दुई खर्ब ३३ अर्ब मात्रै खर्च गरेको देखिन्छ,’ ती अधिकारीले भने, ‘ऋणबाट प्राप्त साढे एक खर्ब तलबभत्तादेखि ऋणकै साँवा-ब्याज तिर्नमा खर्च भएको देखिन्छ।’ ऋण लिएर साधारण खर्च गर्ने प्रवृत्ति अझ मौलाउँदै गएको भन्दै उनले यसलाई नियन्त्रण गर्नेपर्ने बताए।

ऋण तिर्न ऋण नै लिनुपर्ने अवस्था गम्भीर हो



● **नरबहादुर थापा**, अर्थविद्

सरकारले जति ऋण परिचालन गरेको छ त्योभन्दा निकै कम मात्रै पुँजीगत खर्च भएको छ। अर्थात्, ऋणबाट प्राप्त स्रोतसमेत पुँजी निर्माण नहुने साधारण कार्यमा खर्च भएको छ। पछिल्लो समय सरकारको राजस्वले चालू खर्चसमेत धान्न सकेको देखिँदैन। पुँजी निर्माणमा राजस्व परिचालन त परको कुरा भयो। अहिले त चालू खर्च धान्नसमेत ऋण उठाउनुपर्ने अवस्था आएको छ। ऋणको साँवा-ब्याज भुक्तानी गर्नसमेत ऋणको स्रोत परिचालन गर्नुपरेको छ, यो गम्भीर विषय हो। ऋण ल्याएर तलबभत्ता खुवाउनु, ऋण सेवामै खर्च गर्नुले हाम्रो बजेटरी व्यवस्था राम्रो नभएको, वित्तीय अनुशासन नभएको देखाउँछ।

■ ६ वर्षमा सरकारले ऋणको साँवा-ब्याज तिर्न गरेको खर्च

आर्थिक वर्ष	साँवा फिर्ता	ब्याज भुक्तानी	कुल ऋण भुक्तानी
०७४/७५	५५ अर्ब ६७ करोड	१६ अर्ब २४ करोड	७१ अर्ब ९२ करोड
०७५/७६	५४ अर्ब ३५ करोड	२० अर्ब ७१ करोड	७५ अर्ब ६ करोड
०७६/७७	५७ अर्ब ५३ करोड	२६ अर्ब ६ करोड	८३ अर्ब ५९ करोड
०७७/७८	६० अर्ब १६ करोड	३४ अर्ब ६३ करोड	९४ अर्ब ८० करोड
०७८/७९	७६ अर्ब ७५ करोड	४५ अर्ब २ करोड	१ खर्ब २१ अर्ब ७८ करोड
०७९/८०	१ खर्ब ४९ अर्ब	७३ अर्ब ११ करोड	२ खर्ब २२ अर्ब १९ करोड

‘अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६’ मा अन्तर्राष्ट्रिय विकासको सहुलियतपूर्ण ऋण सहायता परिचालन गर्दा आर्थिक वृद्धि हासिल गर्ने, उत्पादकत्व बढाउने, सीप विकास, रोजगारीका अवसर सिर्जना गर्ने, आयात प्रतिस्थापन गर्ने, व्यापार असन्तुलन कम गर्ने, भौतिक पूर्वाधार निर्माणजस्ता क्रियाकलापमा खर्च गर्नुपर्ने उल्लेख छ। अर्थात्, पुँजी निर्माण हुने कार्यमा मात्रै ऋण रकम परिचालन गर्ने सरकारको सार्वजनिक नीति छ। तर, आफ्नै नीति र सिद्धान्तविपरीत सरकारले दीर्घकालीन दायित्व थप्ने ऋण लिएर साधारण कार्यमा खर्च गर्दै आएको छ।

विदेशी वा स्वदेशी ऋणको परिचालन पुँजी निर्माणमा मात्रै गर्नुपर्ने नीतिगत व्यवस्था एवं कानुनी अवधारणा भए पनि सरकारले साधारण कार्यमा समेत खर्च गरिरहेको अर्थविद् नरबहादुर थापा बताउँछन्। ‘परियोजनमा आधारित ऋण सहायता हुँदा त त्यही खर्च हुन्छ, तर बजेटरी सहायता सरकारको तजबिजमा खर्च हुन्छ,’ उनले भने, ‘पछिल्लो समय बजेटरी सहायतामा ऋण ल्याउने अनि तलबभत्तादेखि सामाजिक सुरक्षाजस्ता साधारण शीर्षक र ऋणकै साँवा-ब्याज भुक्तानीमा समेत खर्च भइरहेको छ जुन ठीक होइन।’ राज्यले राजस्वको दायरा बढाएर चालू प्रकृतिका खर्च धान्नुपर्ने र ऋणलाई पुँजी निर्माणमा मात्रै लगाउनुपर्ने उनको भनाइ छ।

■ ऋणको साँवा-ब्याज भुक्तानीमा हुने खर्च दोब्बरले बढ्यो

ऋणको साँवा-ब्याज भुक्तानीमा हुने सरकारी खर्च झन्डै दोब्बरले बढेको छ। आर्थिक वर्ष ०७९/८० मा सरकारले सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा दुई खर्ब २२ अर्ब खर्चिएको छ। जुन अघिल्लो आव ०७८/७९ को भन्दा करीब ८३ प्रतिशतले बढी हो। उक्त आवमा सरकारले ऋणको साँवा-ब्याज भुक्तानीमा एक खर्ब २१ अर्ब ७८ करोड खर्चिएको थियो।

आव ०७९/८० मा सरकारले आन्तरिकतर्फ एक खर्ब १५ अर्ब र बाह्यतर्फ ६४ अर्ब २८ करोड गरी साँवा फिर्तामा कुल एक खर्ब ४९ अर्ब आठ करोड खर्चिएको हो। त्यस्तै, आन्तरिकतर्फ ३४ अर्ब ८ करोड र बाह्यतर्फ ८ अर्ब ८३ करोड गरी ब्याज भुक्तानीमा ७३ अर्ब ११ करोड खर्चिएको हो।

सरकारी टेन्डरको सूचना अखबारमा छाप्न नपर्ने व्यवस्थाप्रति मिडिया सञ्चालकको आपत्ति

काठमाडौं/ सरकारी खरिद प्रक्रियामा अनिवार्य बोलपत्रको सार्वजनिक सूचना प्रकाशनमा पत्रपत्रिकामा छाप्न नपर्ने व्यवस्थाप्रति सञ्चारमाध्यमका सञ्चालक तथा विज्ञापन एजेन्सीहरूले विरोध जनाएका छन्। यस्तो व्यवस्था गर्दै विद्युतीय खरिद प्रणाली निर्देशिका २०८० जारी गरेकोमा उनीहरूले विरोध गरेका हुन्। नेपाल मिडिया सोसाइटी, मिडिया एलायन्स नेपाल र नेपाल विज्ञापन संघले एक विज्ञप्तिमार्फत यसमा आपत्ति जनाएका हुन्।

सरकारबाट स्वीकृत गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको विद्युतीय खरिद प्रणाली निर्देशिका २०८० ले नागरिक एवं उपभोक्ताको सूचनाको अधिकारलाई कुण्ठित गरेको उनीहरूको आरोप छ। यसले कर्मचारीतन्त्र र ठेकेदारबीचको सिन्डिकेट खडा गर्ने दुष्प्रयास गरिएको उनीहरूको तर्क छ। विज्ञप्तिमा भनिएको छ, ‘सूचना प्रणाली कमजोर तथा इन्टरनेट इमेलको राष्ट्रभर पहुँच हुन नसकेको परिप्रेक्ष्यमा सार्वजनिक निर्माणका बोलपत्र टेन्डर सूचना केवल सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाडौंको वेबसाइटमा राख्ने र प्रचलित कानुनअनुसार राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकाहरूमा प्रकाशित गर्ने प्रचलनलाई रोक लगाउने काम गरेर यो प्रचलित कानुन र नागरिकको सूचना पाउने संवैधानिक हकविरोधी हर्कत हो।’

एकलौटी रूपमा केही फर्म र व्यक्तिलाई फाइदा हुने गरी आएको निर्देशिकाप्रति नेपाल मिडिया सोसाइटी, मिडिया एलायन्स नेपाल, र नेपाल विज्ञापन संघ (आन)ले आपत्ति जनाएको हो। निर्देशिकामा सार्वजनिक निर्माण तथा खरिद, आशयपत्र, बोलपत्र, टेन्डरसम्बन्धी जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयका सूचना तथा जानकारीहरूलाई कुनै सरकारी कार्यालयको वेबसाइटमा मात्र राख्ने व्यवस्था उल्लेख छ। ‘नेपालका सातै प्रदेशमा बसोवास गर्ने आमनागरिकलाई कसरी सूचनाको पहुँच हुन्छ ? र नेपालको संविधान २०७२ ले नागरिकहरूलाई प्रदान गरेको सूचनाको मौलिक हकको ग्यारेन्टी कसरी हुन्छ ?,’ विज्ञप्तिमा उल्लेख छ, ‘सरकारले लहड, अपरिपक्क, अव्यावहारिक तवरबाट ल्याएको यो निर्देशिकाले सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहमा कति दूरगामी असर तथा प्रभाव पार्छ भन्ने कुरा पुनर्विचार गर्न जरुरी छ।’

वेबसाइटमा राखेका सूचना तथा जानकारी छोटो वा लामो समयसम्म हेर्न नसकिने, एकपटक राखेको जानकारीमा पछि कुनै पनि समयमा फेरबदल गर्नेजस्ता आपराधिक काम बारम्बार हुने उल्लेख छ। विज्ञप्तिमा भनिएको छ, ‘कम्प्युटर साक्षरतादर अति न्यून रहेको तथा इन्टरनेटको पहुँच पनि कम रहेको मुलुकमा सार्वजनिक निर्माण तथा खरिद आशयपत्र, बोलपत्र, टेन्डरसम्बन्धी जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयका सूचना तथा जानकारीहरूलाई कुनै कार्यालयको वेबसाइटमा मात्र राखेर कर्मकान्डी ढंगबाट कुनै अमुक संस्थालाई फाइदा पुऱ्याउने षड्यन्त्रको घोर भर्त्सना गर्दछौं।’

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०४/०४

यस फाइनान्सको शाखा कार्यालय नारायणगढ, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने बक्यौता साँवा-ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चल/अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ। तपाई ऋणीबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको विवरण

कालिका नगरपालिका, ६ नं.वडा कार्यालय, खोलेसिमल, चितवनमा मिति २०७८/१०/१७ मा दर्ता नं. ८६ भई नेपाल सरकार, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुरबाट स्थायी लेखा नं. ६०३२८८७५७ को प्रमाणपत्र प्राप्त सुवि किराना पसल।
व्यवसायीको नाम : सुशिला रेग्मी
ठेगाना : कालिका वडा नं. ६, गोर्खाली टोल।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : सुशिला रेग्मी
बुवा : भिम बहादुर सिलवाल
पति : विदुर रेग्मी
ससुरा : लिला प्रसाद रेग्मी
ना.प्र.नं : ४१८८/०५९
मिति : २०५९/०७/२७, जि.प्र.का. चितवन
ठेगाना : जुटपानी वडा नं. २, चितवन
हाल : कालिका न.पा.वडा न.६, चितवन।

ख) नाम : विदुर रेग्मी
बुवा : लिला प्रसाद रेग्मी
बाजे : कुल प्रसाद रेग्मी
ना. प्र. नं : ३७३८/०५५
मिति : २०५५/०९/२२, जि.प्र.का. चितवन
ठेगाना : जुटपानी वडा नं., ५, चितवन
हाल : कालिका न.पा. वडा न.६, चितवन।

ग) नाम : बिबश रेग्मी
बुवा : विदुर रेग्मी
बाजे : लिला प्रसाद रेग्मी
ना.प्र.नं : ३५-०१-७५-०२९३५
मिति : २०७५/०२/२७, जि.प्र.का. चितवन
ठेगाना : कालिका न. पा.वडा नं. ६, चितवन

घ) नाम : दिवस रेग्मी
बुवा : विदुर रेग्मी
बाजे : लिला प्रसाद रेग्मी
ना.प्र.नं : ३५-०१-७६-०५१५५
मिति : २०७६/०४/१६, जि.प्र.का. चितवन
ठेगाना : कालिका न. पा. वडा नं. ६, चितवन

धितो सुरक्षण विवरण

मालपोत कार्यालय भरतपुर, चितवनमा सुशिला रेग्मीको नाममा दर्ता रहेको नारायणी अञ्चल, चितवन जिल्ला, साविक जुटपानी वडा नं. ५ क स्थित कि.नं. २०२८ क्षेत्रफल ९६५.११ व.मी.को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु लिगलगापात समेत।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

नबिलले खोल्यो एसएसईअन्तर्गत फेलोसिपको तेस्रो ब्याचको आवेदन

नयाँ पत्रिका

'नबिल सामाजिक उद्यमशीलता' नबिल एसएसईअन्तर्गत फेलोसिप कार्यक्रमको तेस्रो ब्याचका लागि आवेदन खुलेको छ। कार्यक्रमको दोस्रो ब्याचको सफलतापछि बैंकले तेस्रो ब्याचका लागि आवेदन खोलेको हो।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायअन्तर्गतको स्कुल अफ म्यानेजमेन्टसँगको सहकार्यमा सञ्चालित यस कार्यक्रमले समाजमा सकारात्मक परिवर्तन ल्याई दिगो विकासका लक्ष्य हासिल गर्न मद्दत गर्ने विश्वासका साथ बैंकले कार्यक्रमलाई निरन्तरता दिएको जनाएको छ।

कार्यक्रममा कृषि, पर्यटन, ऊर्जा, वातावरण संरक्षण, सूचना प्रविधिलगायत जुनसुकै क्षेत्रमा नवीनतम सोच भएका १८ वर्षदेखि माथिका



नेपाली नागरिकहरूले आवेदन दिन सक्ने जनाइएको छ। नबिल एसएसईको फेसबुक पेजमा रहेको लिंकमा गई गुगल फारामबाट आवेदन दिन सकिने बैंकले जनाएको छ।

त्यस्तै, बैंकको वेबसाइटमा नबिल एसएसईको पेजबाट पनि भदौ ३ गतेसम्ममा फाराम भर्न सकिने जनाइएको छ। सामाजिक उद्यमशीलतालाई प्रवर्द्धन गर्ने लक्ष्य बोकेको यो कार्यक्रम ६ महिना चल्नेछ।

साथै, हरेक महिना तीन दिन आवासीय छलफल र बाँकी दिन आफ्नै कार्यस्थलमा प्रयोगात्मक अभ्यास गर्ने ढाँचामा तयार पारिएको जनाइएको छ। तालिम अवधिभर तथा बाँकी ६ महिना गरी एक वर्षका लागि सबै सहभागीहरूलाई मेन्टरको व्यवस्था गरेर व्यवसाय गर्दा आइपर्ने व्यावहारिक कठिनाइको समाधानका लागि सहयोग गर्ने नबिलले जनाएको छ।

फेलोसिप कार्यक्रमबाट ३६ जनाले उद्यमशीलताको तालिम प्राप्त गरिसकेको उल्लेख छ। विभिन्न पृष्ठभूमिबाट आएका सहभागीहरूले सामाजिक उद्यम सञ्चालनका निम्ति आवश्यक कानुनी तथा करसम्बन्धी ज्ञान, व्यवसायको ब्रान्डिङ, बजारीकरण आदिजस्ता विभिन्न विषयमा तालिम प्राप्त गरेका थिए।

विकास बैंकहरूले हरित निक्षेप तथा कर्जा योजना ल्याउने



नयाँ पत्रिका

विकास बैंकहरूले दिगो विकासमा योगदान दिने उद्देश्यले 'हरित निक्षेप योजना' र 'हरित कर्जा योजना' ल्याउने भएका छन्। विकास बैंकहरूको संगठन डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालको कार्यसमितिले हाललाई निम्न उत्पादनमूलक क्षेत्रमा गरिने लगानीलाई हरित कर्जा योजनाअन्तर्गत समेट्ने निर्णय गरेको हो।

हरित कर्जा योजनाअन्तर्गत कृषिजन्य उद्यम, वनजन्य उद्यम, जल ऊर्जा, सौर्य ऊर्जा, जैविक ऊर्जा, वायु ऊर्जा, केवलकार/रोपवे, विद्युतीय सवारीसाधन, फोहोरपानी प्रशोधनलगायतका क्षेत्रलाई हरित कर्जा योजनाअन्तर्गत समेटिने एसोसिएसनले जनाएको छ। बैंक तथा वित्तीय संस्थाहरूको लगानी तुलनात्मक रूपमा कम उत्पादनशील क्षेत्रमा बढ्दै गएकाले उत्पादनमूलक र दिगो विकासमा टेवा दिने क्षेत्रमा कर्जा बढाउने उद्देश्यले हरित कर्जा योजना ल्याउने निर्णय गरेको एसोसिएसनले जनाएको छ।

हरित कर्जा योजनामा गरिने लगानीका लागि बिस्तारै स्रोतको सुनिश्चितता पनि गर्दै जाने उद्देश्यले हरित निक्षेप योजना पनि ल्याइने जनाइएको छ।

हरित निक्षेप योजनामा अन्य बचत र मुद्दती निक्षेपमा भन्दा शून्य दशमलव दुई पाँच प्रतिशत अंकले बढी ब्याज प्रदान गर्ने र हरित कर्जा योजनामा अन्य सोही प्रकृतिको कर्जा योजनामा भन्दा शून्य दशमलव दुई पाँच प्रतिशत अंकले कम ब्याजमा कर्जा प्रवाह गर्ने गरी कर्जा योजनाको प्रडक्ट पेपर विकास गरिने एसोसिएनले जनाएको छ।

सदस्य बैंकहरूले आ-आफ्ना बैंकको व्यावसायिक रणनीतिअनुसार अझ बढी सुविधा दिने गरी प्रडक्ट पेपरलाई विकास गर्न सक्ने निर्णय पनि एसोसिएसनले गरेको उल्लेख छ। कार्बन उत्सर्जन गर्ने र जलवायु परिवर्तनलाई असर गर्ने कुनै पनि उद्योग/व्यवसायले हरित कर्जा सुविधा लिन नपाउने एसोसिएसनले जनाएको छ। आ-आफ्ना बैंकका सञ्चालक समितिबाट प्रडक्ट पेपर स्वीकृत गराई हरित निक्षेप योजना र हरित कर्जा योजना बजारमा ल्याउनका लागि एसोसिएसनले आफ्ना सदस्य बैंकहरूलाई परिपत्र जारी गरिसकेको जनाएको छ।

सूर्योदय वोमीको एफपिओ बिक्री प्रबन्धकमा कुमारी क्यापिटल

काठमाडौं/ सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणले एफपिओ (फर्दर पब्लिक अफरिङ)का लागि कुमारी क्यापिटललाई धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ। लघुवित्तले प्रतिकित्ता १०० रुपैयाँको दरमा ४६ हजार सात सय २९ कित्ता सेयर निष्कासन गर्न लागेको हो।

कुल ४६ लाख ७३ हजार रुपैयाँको उक्त सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गरेको सम्झौतामा दुवै पक्षको हस्ताक्षर भएको जनाइएको छ। सम्झौतामा लघुवित्तका प्रमुख कार्यकारी अधिकृत मोक्षप्रसाद पंगेनी र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेको उल्लेख छ।

सूर्योदय वोमी लघुवित्तको अधिकृत पुँजी एक अर्ब रुपैयाँ, जारी पुँजी ९१ करोड ५४ लाख ५५ हजार रुपैयाँ र चुक्ता पुँजी ९१ करोड सात लाख ८२ हजार



रुपैयाँ रहेको कम्पनीले जनाएको छ। हाल एक लाख ७१ हजारभन्दा बढी सदस्यलाई एक सय ९२ शाखामार्फत सेवा दिँदै आएको जनाइएको छ।

एनआइसी एसियाको कर्जा अनलाइनबाटै

काठमाडौं/ एनआइसी एसिया बैंकले 'मुद्दती खातामा आधारित अनलाइन कर्जा' नामको योजना ल्याएको छ। बैंकले मुद्दती निक्षेप खाता भएका ग्राहकले बैंकको मोबाइल बैंकिङ (मोबैंक) एप वा वेबसाइटबाट आवेदन दिई निक्षेपको ९० प्रतिशतसम्म वा अधिकतम दुई लाख रुपैयाँसम्मको कर्जा तुरुन्तै प्राप्त गर्न सक्ने सुविधा ल्याएको हो।

'डिजिटल फर्स्ट बैंक' बन्ने दीर्घकालीन लक्ष्यसहित डिजिटल बैंकिङको प्रवर्द्धन गरिरहेको उल्लेख गर्दै बैंकले ल्याएको यस कर्जाको लाभ लिन योग्य ग्राहक सबैले सहजै कर्जा पाउने जनाएको छ। दुई लाख रुपैयाँभन्दा बढी कर्जाको हकमा भने ग्राहकले डिजिटल फर्म भरेर बैंकको शाखा कार्यालयमा गई आवश्यक प्रक्रिया पूरा गरेपछि मात्र पाउने उल्लेख छ। यसरी मुद्दती खाता कर्जा प्राप्त गर्ने ग्राहकले हरेक त्रैमासको अन्तसम्ममा ब्याज भुक्तानी गर्नुपर्ने नियम रहेको जनाइएको छ। कर्जा लिएको एक वर्ष वा मुद्दती खाता परिपक्व हुने दिनको अघिल्लो दिनसम्ममा साँवा भुक्तानी गर्नुपर्ने बैंकले जनाएको छ।

न्यूनतम पाँच हजार रुपैयाँ कर्जा सीमा उपलब्ध हुने यस योजनामा ग्राहकले प्राप्त गर्ने कर्जाको अधिकतम सीमा, ब्याजदर, प्रक्रिया शुल्क, कर्जा भुक्तानी सुविधा, पुनर्तालिकीकरण, सर्तका बारेमा कर्जा लिने प्रक्रियाको क्रममा जानकारी प्राप्त गर्न सक्ने जनाइएको छ।

बैंकले हाल देशभरमा तीन सय ६० शाखा, पाँच सय १९ एटिएम, एक सय ११ विस्तारित काउन्टर एवं ६५ वटा शाखारहित बैंकिङ एकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

ट्राफिक प्रहरीलाई सांग्रिला डेभलपमेन्ट बैंकको सहयोग

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले काठमाडौंको मालीगाउँ ट्राफिक प्रहरी वृत्तलाई फ्लोरसेन्ट ज्याकेट सहयोगस्वरूप हस्तान्तरण गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत त्यस क्षेत्रमा चल्ने सवारीसाधनलाई व्यवस्थापनलगायत चुस्तदुरुस्त ट्राफिक व्यवस्थापन गर्न सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहयोग प्रदान गरिएको हो।



ट्राफिक प्रहरीको टोलीलाई बैंकका प्रमुख सञ्चालन अधिकृत अपूर्वप्रसाद जोशीले फ्लोरोसेन्ट ज्याकेट हस्तान्तरण गरेका थिए। ट्राफिक प्रहरी वृत्त मालीगाउँका प्रहरी निरीक्षक सागर घलेले यस किसिमको सहयोगले ट्राफिक प्रहरीलाई मद्दत पुगेको धारणा व्यक्त गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिन बैंकलाई आग्रह गरेका थिए। बैंकले हाल देशभर आफ्ना एक सय १२ शाखामार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय महेन्द्रनगर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय महेन्द्रनगर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनावाट जानकारी गराइएको छ।

तपसिल

१. ऋणीको विवरण

फौदार महतोको नातिनी, सुख देव महतो/फुल देवी महतोको छोरी, जामुन महतो कोइरी/विल्टी देवीको बुहारी, हिरालाल महतोको पत्नी, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०३) वस्ने **अनिता कुमारी देवी** (ना.प्र.नं. १७३१००/३७५, जारी मिति २०६३/११/२६, जिल्ला प्रशासन कार्यालय धनुषा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. सुवध महतो कोईरी/दुखी देवीको नाति, जामुन महतो कोईरी/विल्टी देवीको छोरा, अनिता कुमारी देवीको पति, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०३) वस्ने **हिरा लाल महतो** (ना.प्र.नं. ६४४०२१६९, जारी मिति २०५८/०४/०२, जिल्ला प्रशासन कार्यालय धनुषा)।
२. ज्ञानी महतोको नाति, सुवध महतो कोइरी/दुखी देवीको छोरा, विल्टी देवीको पति, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०३) वस्ने **जामुन महतो कोइरी** (ना.प्र.नं. ६४४००४५९, जारी मिति २०३४/१२/१०, जिल्ला प्रशासन कार्यालय धनुषा)।

धितो सुरक्षणको विवरण :

१. **जामुन महतो कोइरी**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०९) स्थित कित्ता नं. ७०७ र ७०३ को क्षेत्रफल क्रमश: ०-४-० र ०-०-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **जामुन महतो कोइरी**को नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, पशुपत्नीगर गा.वि.स/न.पा., वडा नं. ६ स्थित कित्ता नं. १०८ को क्षेत्रफल ०-२-१६-० को जग्गा र ऐ.ऐ. भगहा गा.वि.स/न.पा., वडा नं. ४/ज स्थित कित्ता नं. ३७४ र ६२२ को क्षेत्रफल क्रमश:, ०-१०-८-० र ०-३-९-० (वि.क.धु.क) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा मिति २०६९/०६/२५ मा प्रा.फ.र.नं. ४६१६/३६३/०६९/७० स्था.व्या. कायम भई दर्ता रहेको धनुषा जिल्ला, क्षिरेश्वरनाथ न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **हिरा इलेक्टोनिक्स** (प्रोप्राइटर सुवध महतो कोईरी/दुखी देवीको नाति, जामुन महतो कोईरी/विल्टी देवीको छोरा, अनिता कुमारी देवीको पति, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०३) वस्ने **हिरा लाल महतो** (ना.प्र.नं. ६४४०२१६९, जारी मिति २०५८/०४/०२, जिल्ला प्रशासन कार्यालय धनुषा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. फौदार महतोको नातिनी, सुख देव महतो/फुल देवी महतोको छोरी, जामुन महतो कोइरी/विल्टी देवीको बुहारी, हिरालाल महतोको पत्नी, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०३) वस्ने **अनिता कुमारी देवी** (ना.प्र.नं. १७३१००/३७५, जारी मिति २०६३/११/२६, जिल्ला प्रशासन कार्यालय धनुषा)।
२. ज्ञानी महतोको नाति, सुवध महतो कोइरी/दुखी देवीको छोरा, विल्टी देवीको पति, धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला नकटाझिज गा.वि.स वडा नं.०३) वस्ने **जामुन महतो कोइरी** (ना.प्र.नं. ६४४००४५९, जारी मिति २०३४/१२/१०, जिल्ला प्रशासन कार्यालय धनुषा)

धितो सुरक्षणको विवरण :

१. **हिरा लाल महतो**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ०२ (साविक धनुषा जिल्ला, नकटाझिज गा.वि.स वडा नं. ०३) स्थित कित्ता नं. ८३१ को क्षेत्रफल २८३.०८ (व.मी) जग्गा र ऐ.ऐ. वडा नं. ०१ स्थित कित्ता नं. ९०३९ को क्षेत्रफल ६९४.२१ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **जामुन महतो कोइरी**को नाममा मालपोत कार्यालय, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स/न.पा., वडा नं. ९/ख स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-११-४-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. ऋणी **हिरा इलेक्टोनिक्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय महेन्द्रनगर, धनुषा फोन नं. ०४१-५४०४५१

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/०४/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८०/०४/१० गते/स्थान : सम्बन्धित शाखा कार्यालय — २०८०/०४/११ गते, बिहीबार दिनको ३ बजे

क्र.स.	शाखा कार्यालय : न्यूरोड, काठमाडौं	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : बिजय श्रेष्ठ** ना.प्र.नं. १३४४१, जि.प्र.का. काठमाडौं जारी मिति : २०४२/११/२० बाबुको नाम : बाबु काजी श्रेष्ठ बाजेको नाम : बलदेव श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९	**नाम : सुनिता श्रेष्ठ** ना.प्र.नं. २९८/१२६३, इ.प्र.शा. उर्लाबारी, मोरङ्ग जारी मिति : २०५१/०२/२२ पतिको नाम : बिजय श्रेष्ठ, ससुराको नाम : बाबु काजी श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ४ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९
	जमानतकर्ता	**धितोको विवरण**
	नाम : मैया श्रेष्ठ ना.प्र.नं. १९३१, जि.प्र.का. काठमाडौं जारी मिति : २०४२/०४/२४ पतिको नाम : बाबु काजी श्रेष्ठ, ससुराको नाम : बलदेव श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९	मैया श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित कित्ता नं. ११९ को क्षेत्रफल १५८.४० ब.मी. भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
क्र.स.	**शाखा कार्यालय : सितापाइला, काठमाडौं**	
	ऋणीको नाम, ठेगाना	**धितोको विवरण**
१.	**नाम : दिपक कुमार खनाल** ना.प्र.नं. २६१०२-१६४-५१९६२, जि.प्र.का. काठमाडौं जारी मिति : २०४७/०५/१७ बाबुको नाम : श्याम कुमार खनाल, बाजेको नाम : बल बहादुर खनाल ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६	दिपक कुमार खनालको नाममा मालपोत कार्यालय धादिडमा दर्ता श्रेष्ठा कायम रहेको धादिड जिल्ला, जिवनपुर गा.वि.स. वडा नं. ८ ग स्थित कित्ता नं. ३३० को क्षेत्रफल ४-०-०-० रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	जमानतकर्ता	
	१. नाम : स्वाती राणा ना.प्र.नं. ९३९७, जि.प्र.का. काठमाडौं जारी मिति : २०५३/१२/३० पतिको नाम : दिपक कुमार खनाल ससुराको नाम : श्याम कुमार खनाल ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११	**२. नाम : दिनेश खनाल** ना.प्र.नं. ४६२८६, जि.प्र.का. नुवाकोट जारी मिति : २०५३/०८/१० बाबुको नाम : श्याम कुमार खनाल बाजेको नाम : बल बहादुर खनाल ठेगाना : नुवाकोट जिल्ला, बिदुर न.पा. वडा नं. ५
क्र.स.	**शाखा कार्यालय : टोखा, काठमाडौं**	
	ऋणीको नाम, ठेगाना	**जमानतकर्ता**
१.	**नाम : दीपा तामाङ्ग** ना.प्र.नं. २७३०२९/३७३५, जि.प्र.का. काठमाडौं जारी मितिः २०६३/११/०४ पतिको नाम : मनोज तामाङ्ग ससुराको नाम : कान्छा तामाङ्ग ठेगाना : काठमाडौं जिल्ला, साङ्गला वडा नं. २ हाल : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. १	**नाम : मनोज तामाङ्ग** ना.प्र.न. ५१८४/१३४३६, जि.प्र.का. काठमाडौं जारी मिति : २०५७/०३/२० बाबुको नाम : कान्छा तामाङ्ग बाजेको नाम : मेन बहादुर तामाङ्ग ठेगाना : काठमाडौं जिल्ला, साङ्गला वडा नं. २ हालः काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. १
	धितोको विवरण	
	दीपा तामाङ्गको नाममा मालपोत कार्यालय टोखा, काठमाडौंमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, साङ्गला वडा नं. २ स्थित कित्ता नं. ४८६ को क्षेत्रफल १४७.०४ ब.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : न्यूरोड, काठमाडौं, फोन नं. ०१ ५३४४५७८
सितापाइला, काठमाडौं, फोन नं. ०१-४१६८६०५
टोखा, काठमाडौं, फोन नं. ०१-५११०४९०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०४/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय कोहलपुर, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८०/०४/१८ गते/स्थान : शाखा कार्यालय कोहलपुर, बाँके — २०८०/०४/१९ गते, शुक्रबार दिनको १ बजे

क्र.स.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१.	**नाम : अनमोल काठ फर्निचर उद्योग** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय, बाँके प्रा.फ.र.नं. २४३/५१३८/०७१/०७२, दर्ता मिति : २०७१/०९/२७<

म्यानमारका नेपाली उद्धारका लागि परराष्ट्रको चासो

नयाँ पत्रिका

म्यानमारमा चिनियाँ आपराधिक समूहबाट बन्धक बनेका नेपालीको उद्धारका लागि परराष्ट्र मन्त्रालयले पहल थालेको छ। मन्त्रालयले बुधबार म्यानमारस्थित नेपाली दूतावासलाई त्यहाँको अवस्था बुझ्दै उद्धारका लागि पहल गर्न निर्देशन दिएको छ।

आइटीसम्बन्धी रोजगारको प्रलोभनमा थाइल्यान्ड हुँदै म्यानमार पुगेका सयौँ नेपालीलाई चिनियाँ समूहले बन्धक बनाएर अनलाइनसम्बन्धी ठगीमा लगाएका छन्। नेपाल फर्कन खोज्दा पनि यातना दिँदै लाखौँ फिरौती माग्ने गरिएकाले पीडितहरूले उद्धारका लागि हारगुहार गर्दै आएका छन्। केही व्यक्ति फिरौती बुझाएर फर्किएका छन् भने बुझाउन नसक्नेहरू यातना खेपेर त्यहाँ रहेका छन्। हालै फर्किएका नेपालीले हजारभन्दा धेरै नेपाली म्यानमारको म्याओद्दीमा रहेको बताएका छन्। समस्यामा परेका नेपालीको उद्धारका लागि पहल भइरहेको म्यानमारस्थित नेपाली दूतावासले जनाएको छ। 'हामीले पहिलेदेखि नै उद्धारका लागि यहाँको सरकारसँग पहल गर्दै आएका छौँ,' नेपाली दूतावासका तृतीय सचिव प्रशान्त ठाकुरले भने, 'परराष्ट्र मन्त्रालयबाट पनि थप चासो व्यक्त भएको छ, हामीले यहाँ आफ्नोतर्फबाट अधिकतम समन्वय गरिरहेका छौँ।' केही पीडित आफूहरूको सम्पर्कमा रहेको उनले जानकारी दिए।

नेपाली राजदूत हरिश्चन्द्र घिमिरेले विगतमा मन्त्रीहरूलाई भेटेर उद्धारका लागि आग्रह गर्दै आएका छन्। तर, नेपाली रहेको क्षेत्रमा विद्रोहीको प्रभाव भएकाले आफूहरूले समेत उद्धार गर्न नसक्ने जवाफ त्यहाँका सरकारी अधिकारीले दिने गरेका छन्। उद्धार हुन नसक्दा नेपालबाट फिरौती पठाएर मात्र केही मुक्त भएका छन्। तर, भारत सरकारले भने हालै त्यहाँबाट आफ्ना नागरिकको उद्धार गरेको थियो। नेपाल सरकारले यसे विषयमा गम्भीरता नदेखाएको पीडितको भनाइ छ।

यसरी नेपाल फर्किएकाले धमाधम प्रहरीमा उजुरी दिएका छन्। कतिपयलाई नेपालमै रहेका चिनियाँले त्यहाँ पठाएका छन्। हालसम्म यस्तो धन्दमा संलग्न तीनजना चिनियाँ नेपालमा पक्राउ परिसकेको मानव बेचबिखन अनुसन्धान ब्युरोका एसएसपी जीवनकुमार श्रेष्ठ बताउँछन्।

उनीहरूले चिनियाँ भाषा अनुवादकमा प्रयोग गरी नेपालीलाई थाइल्यान्डमा आइटीसम्बन्धी काममा लगाउने भन्दै गोप्य क्याम्पमा लगाएर बन्धक बनाई अनलाइनमार्फत हुने ठगीमा लगाउने गरेका छन्। लक्ष्यअनुसार ठगी गर्न नसके खान नदिने तथा यातना दिने गरेका छन्। करेन्टसमेत लगाएर यातना दिने गरिएको हालै नेपाल फर्किएका पीडितले बताए।

पछिल्लो एक हप्तामा मात्र १३ जना पीडितका परिवारले उद्धारका लागि निवेदन दिएका छन्। पैसा माग्दै चरम यातना दिन थालेपछि परिवारहरू प्रहरी र परराष्ट्र मन्त्रालय पुगेका छन्। गत फागुनमा पनि यस्तै १३ जनाको निवेदन परेकोमा उद्धार हुन नसकेपछि पीडितहरू फिरौती बुझाएर फर्किएका थिए।

फर्किएका व्यक्तिहरूको उजुरीका आधारमा एक चिनियाँ नागरिक र एजेन्ट सुनिता नेपालीलाई थुनामा राखी मानव बेचबिखन अनुसन्धान ब्युरोले अनुसन्धान गरिरहेको छ। उजुरी आउने क्रम बढेको ब्युरोका एसएसपी श्रेष्ठ बताउँछन्।

प्रधानमन्त्री प्रचण्ड शनिबार रोम जाँदै

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसंघीय खाद्य प्रणालीसम्बन्धी शिखर सम्मेलन २०२३ मा सहभागी हुन शनिबार (६ साउन)मा रोम जाने तय भएको छ। सम्मेलन आगामी साता सोमबारदेखि बुधबार (साउन ८ देखि १०) सम्म इटलीको राजधानी रोममा आयोजना हुँदै छ।

बुधबार मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको रोम भ्रमण तय गरेको सरकारकी प्रवक्ता सञ्चार तथा प्रविधिमन्त्री रेखा शर्माले बताइन्। प्रधानमन्त्री प्रचण्डसँग छोरी गंगा दाहाल, कृषिमन्त्री डा. बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतलगायत सहभागी हुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

प्रधानमन्त्री प्रचण्डले खाद्य प्रणालीसम्बन्धी उद्घाटन सत्रलाई सोमबार सम्बोधन गर्ने कार्यक्रम छ। उनले कम विकसित मुलुकहरूको समूह (एलडिसी ग्रुप)को अध्यक्षका हैसियतमा सम्बोधन गर्नेछन्। उनले प्लेनरी सेसनमा पनि त्यही दिन सम्बोधन गर्ने कार्यक्रम छ। प्रधानमन्त्रीले मंगलबार आयोजना हुने खाद्य प्रणाली रूपान्तरण शीर्षकको सत्रलाई सम्बोधन गर्ने कार्यक्रम छ।

१० अर्ब...

पृष्ठ १ बाट क्रमशः

सवाल १० अर्ब २१ करोड ८० लाख रुपैयाँको थियो। राणाको दिमागमा रकम कुनै हालतमा प्राप्त गर्ने लोभ जाग्यो। उनले अपरिचितको अफरबारे परिवारका सदस्यलाई पनि भनिन्। परिवारका सदस्यले अपरिचितको अफरलाई शंकाको नजरले हेरे। युवतीले अपरिचितसँग पुनः इनबक्स च्याट गरिन्। सोधिन्, 'यति ठूलो रकम तिमीले किन मलाई नै ट्रान्सफर गर्न खोजिरहेका छौ ?'

अपरिचितले जवाफ फर्कायो, 'मृतकको 'सर नेम' राणा हो। तिमी पनि राणा नै रहेछौ। हकदाबी गर्न कोही नभएका मृतकको सम्पत्ति बैंकमा राख्न मिल्दैन। त्यस्तो सम्पत्ति नजिकको नातेदारलाई दिनुपर्ने हुन्छ। मृतक र तिम्रो 'सर नेम' एउटै भएको हुँदा यो अफर तिमीलाई गरेको हुँ।'

राणाले अपरिचितको भनाइमा विश्वास गरिन्। उक्त रकम जसरी पनि हात पर्ने मनस्थितिमा उनी पुगिन्। अब उनले रकम ट्रान्सफरका लागि आवश्यक प्रक्रिया बुझ्न अपरिचितसँग संवाद अघि बढाइन्। अपरिचितले होसियारीपूर्वक पहिलो चरणमा राणाको नागरिकतासहितको व्यक्तिगत कागजात सबै लिए। उक्त कागजात बैंकमा पेस गरेको फोटो खिचेर ह्याट्सएपमार्फत राणालाई पठाए। केही दिनपछि अपरिचितले कागजातमा केही गडबड भएको र त्यसका लागि अधिवक्ता प्रयोग गर्नुपर्ने भन्दै रकम मागे। १० अर्ब २१ करोड प्राप्त गर्ने लोभमा फसेकी राणाले मागेजति रकम अपरिचितले पठाएको बैंक खातामा हालिदिइन्। अपरिचितले विभिन्न बहानामा पुनः थप रकम मागे, राणाले भुक्तानी गर्दै गइन्। करिब वर्ष दिनको बीचमा उनले नेपालकै फरक-फरक ११ वटा बैंकमा खातामा ९३ लाख पाँच हजार ६२ रुपैयाँ दाखिला गरिदिइन्।

तर, अफरमा भनिएजस्तो १० अर्ब २१ करोड ८० लाख रुपैयाँ हात लागेन। बरु नयाँ-नयाँ बहानामा थप रकम माग्ने क्रम अझ बढ्यो। अनि मात्र राणाको मनमा अपरिचितप्रति शंका जाग्यो। उजुरी दिन प्रहरी कार्यालय पुगिन्, तर त्यसवेलासम्म ढिलो भइसकेको थियो। किनकि उनले आफूसँग भएको सबै सम्पत्ति गुमाइसकेकी थिइन्।

प्रहरीले घटनाको अनुसन्धान गऱ्यो। नभन्दै अपरिचित र अपरिचितको ट्विटर अकाउन्ट नक्कली रहेको खुल्यो। सँगै मृतक भनिएका 'माइक क्लर्क राणा' पनि नक्कली रहेको खुल्यो। ठगिएको पुष्टि भएपछि युवती छाँगाबाट खसेझैं भइन्। ब्युरोका प्रवक्ता रायले अपरिचित व्यक्तिले दिएको विभिन्न नेपालकै ११ बैंक खातमा ३० जेठ ०७९ देखि गत १९ फुगनसम्म ९३ लाख रुपैयाँभन्दा धेरै रकम जम्मा भएको देखिएको बताए।

पीडित राणाले गत २५ फागुनमा ब्युरोमा जाहेरी दिएकी थिइन्। विभिन्न मुलुकमा रहेका आपराधिक समूह घटनमा संलग्न रहेकाले ब्युरोले यस अवधिमा उनीहरूका दुई नेपाल एजेन्टलाई मात्रै पक्राउ गर्न सकेको छ। घटनाका 'मास्टर माइन्ड' फरार रहेका प्रवक्ता एसपी रायले बताए। उनले भने, 'यसमा अन्तर्राष्ट्रिय गिरोह संलग्न छ। उनीहरूकै योजनामा घटना भएको देखिन्छ। उनीहरूका नेपाल एजेन्ट भने पक्राउ परेका छन्। विदेशमा रहेको हुँदा 'मास्टर माइन्ड' पक्राउ गर्न सकिएको छैन। प्रयत्न जारी छ।'

युवतीले वर्ष दिनमा नेपालकै विभिन्न ११ बैंकको खातामा रकम पठाएको देखिन्छ

• एसपी पशुपति राय, **प्रवक्ता, साइबर ब्युरो**

काठमाडौंकी एक धनाढ्य राणा परिवारकी युवतीलाई क्यानडाको एक बैंकमा रहेको अपुतालीको ७८ मिलियन अमेरिकी डलर दिने भनेर कसैले प्रलोभन देखायो। त्यसबापत कागजात मिलाउनुपर्ने भन्दै युवतीबाट उनीहरूले ९३ लाख रुपैयाँ असुल गरे। युवतीले एक वर्षको बीचमा नेपालकै विभिन्न ११ बैंकका खातामा यो रकम जम्मा गरेको देखिन्छ। त्यसपछि उनीहरू सम्पर्कविहीन भए।



घटनामा सामाजिक सञ्जाल प्रयोग भएको छ। यसमा अन्तर्राष्ट्रिय गिरोह संलग्न छ। उनीहरूका नेपाल एजेन्ट पक्राउ परेका छन्। विदेशमा रहेकाले मुख्य योजनाकारलाई पक्राउ गर्न सकिएको छैन।

राहदानी हरायो

मिति २०८०/३/९ गते माकलबारीबाट बसुन्धरासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरीचौकी अथवा निम्न ठेगानामा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

नाम : सुजन तामाङ
ठेगाना : सिन्धुपाल्चोक, मेलम्ची
राहदानी नं. : ०९१८२७६७
सम्पर्क : ९८५११०१०३०

भन्सार जाँचपास...

पृष्ठ १ बाट क्रमशः

बयानका आधारमा रामकुमार पक्राउ परेका हुन्। रामकुमार दिलीपका मामा हुन्। 'मैले मामाले भनेअनुसार सो सामान पास गराएको हुँ,' उनले बयानमा भनेका छन्। मामा-भान्जा बुधबार पक्राउ परेका हुन् भने अन्य दुई मंगलबार नै पक्राउ परेका थिए।

विमानस्थल भन्सार कार्यालयअगाडिबाट बा.२च २३२४ नम्बरको ट्याक्सीमा राखेर सुन लैजान लागिएको थियो। यो तस्करीमा ठूलै व्यापारीको संलग्नताको आशंका गरिएको छ। मंगलबार साँझ नै सुन बरामद भए पनि गोप्य राखेर बुधबार दिनभरि विभागले अप्रेसन चलाएको हो।

क्याथे प्यासिफिकको विमानबाट आएको सुन मंगलबार दिउँसो करिब २ बजे नै भन्सार पास भएको थियो। त्यसको तीन घन्टापछि बरामद भएको हो। रामकुमारको बयानबाट यसमा संलग्न ठूलै अर्थात् मुख्य व्यापारीसम्म पुग्न सकिने विभागका अधिकारीको भनाइ छ। 'यसमा विगतदेखि नै सुन कारोबारमा संलग्न नाम चलेकै व्यवसायी संलग्न छन् भन्ने प्रारम्भिक बयानबाट देखिन्छ, अहिले अनुसन्धानकै क्रममा रहेकाले धेरै बोल्न मिल्दैन,' ती अधिकारीले भने। तिनै व्यवसायीले यसअघि पनि पटक-पटक यसरी नै सुन ल्याएको सुराकसमेत मिलेको उनको भनाइ छ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुंगानाले अनुसन्धान भर्खरै सुरु भएकाले धेरै पाटा खुल्न बाँकी रहेको बताए। उनले भने, 'सुन बरामद गरिएको छ। केही मानिस पक्राउ परेका छन्। यसअघि पनि यसरी सुन आएको आशंका छ। यद्यपि, अहिले अनुसन्धानकै क्रममा छौं। अब यो विषयमा गम्भीर रूपले अनुसन्धान हुन्छ। अनुसन्धानबाट धेरै कुरा थाहा हुँदै जालान्।'

भन्सार जाँचपासबाट बाहिरिएको सुन भएकाले यसमा भन्सारका कर्मचारी पनि छानबिनमा छन्। अन्य सामानमा सुन मोरेर ल्याइएकाले भन्सार जाँचपासमा पत्ता नलागेको हुन सक्ने भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेलले बताए। 'पुराना मेसिन भएकाले त्यसले सुन डिटेक्ट नगरेको पनि हुन सक्छ,' उनले भने।

स्रोतका अनुसार विभागले सामान आयात गर्ने नाम चलेका ती व्यवसायीको पहिचान गरिसकेको छ। 'विभागको इन्टेलिजेन्सका आधारमा महानिर्देशकज्यूकै नेतृत्वमा यो अप्रेसन भएको हो,' विभागका एक अधिकृतले भने, 'सुनमा लगानी गर्ने व्यक्तिहरू अनुसन्धानको केन्द्रमा छन्, सुन कारोबारमा विगतदेखि नै नाम मुछिने व्यवसायी छन्।' यस विषयमा व्यवसायी दीपक मलहोत्रासँग कुरा गर्न खोज्दा सम्पर्क हुन सकेन।

कांग्रेस बैठकमा...

पृष्ठ १ बाट क्रमशः

'२००७ वा २०१७ सालमा हामीले यस्तो गरेका थियौं भनेर अहिलेको पुस्ताले पत्याउँदैन, सुन्दैन। नयाँ पुस्ताले हामीलाई के भयो, मेरो बाटो बन्यो कि बनेन, खानेपानी आयो कि आएन, केन्द्रमा भएको कुरा मैले सुन्न पाएँ कि पाइनँ, मेरो भावना सुन्न पाएँ कि पाइनँ भन्छ,' उनले भने, 'एकले अर्कालाई दोष दिएर कांग्रेस बलियो बन्दैन, विधिसम्मत चलौं। भित्र एउटा बोल्ने र बाहिर अर्को बोल्ने नगरौं। कांग्रेस एक ठाउँमा छ भन्ने सन्देश दिऔं।'

अर्का केन्द्रीय सदस्य बहादुरसिंह लामाले खल्तीबाट पद बाँड्ने काम भएको भन्दै कांग्रेसलाई अघि बढाउन युवा पुस्तालाई आकर्षण गर्ने कार्यक्रम चाहिने बताए। 'अब युवा पुस्ता कसरी आकर्षित गर्ने ? युवालाई कसरी तान्ने ? यो महत्त्वपूर्ण छ। आफ्नो विचारले खल्तीबाट झिकेर युवालाई पद दिने होइन। पद दिँदा विधान छ, कार्यान्वयन गर्नुपर्छ भन्छौं। तर, खल्तीबाट झिकेर बनाउनेतिर जाँदै छौं,' उनले भने, 'सबैले खल्तीबाट दिँदा निषेध हुन्छ। म भए ठीक छ, अरू भए ठीक हुँदैन भन्ने मान्यता बढ्दै गएको छ,' उनले भने।

अर्का केन्द्रीय सदस्य नैनसिंह महरले कांग्रेस केन्द्रीय समिति, संसदीय दल र सरकार-प्रदेश समिति तथा स्थानीय तहबीच ठूलो खाडल देखिएको बताए। 'संसद्ले पास गर्ने विधेयकप्रति केन्द्रीय समिति बेखबर छ, यो अवस्थाको अन्त्य हुनुपर्छ। सरकार सञ्चालन थप प्रभावकारी बनाउन पार्टीको घोषणापत्रको बाटोमा काम गर्ने गरी सहयोग गर्न मन्त्रालयअनुसारको विज्ञ टोली गठन गर्नुपर्छ,' उनले भने, 'सरकारका मन्त्रीहरूको कार्यमूल्यांकन, प्रगति र आवश्यक सहयोगमा पार्टी लाग्नुपर्छ। हाम्रो काँधमा देशप्रति ठूलो जिम्मेवारी छ। देशलाई सही मार्गमा लैजान हामी सशक्त बन्नुपर्छ।'

अर्का केन्द्रीय सदस्य एवं गण्डकीका पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नयाँ पुस्तालाई समेट्ने कार्यक्रम चाहिएको बताए। 'बिपी पनि नचिनेको पुस्तालाई के गरेर चित्त बुझाउने हो ? महामन्त्रीको प्रतिवेदन आएको अभियानमा त्यो पुस्तालाई छुने कार्यक्रम पनि आओस्,' उनले भने। उनले गठबन्धनमा सही तालमेल भएका ठाउँमा चुनाव जितिएको र नभएको ठाउँमा हार खानुपरेको सुनाए। 'जुन जिल्लामा गठबन्धनका दलले समझदारीपूर्वक आफ्नो हैसियतअनुसार काम गरे त्यहाँ सफल भएको छ। जहाँ भएन त्यहाँ हाम्रो पक्षमा नतिजा आएको छैन,' उनले थपे, 'कांग्रेसबाटै खत्तम भो, मुलुक डुब्न लाग्यो भन्दै सामाजिक सञ्जालमा प्रचार भइरहेको छ। यो ठीक होइन।'

केन्द्रीय सदस्य रामहरि खतिवडाले दुई महामन्त्रीको संसदीय भूमिकामाथि प्रश्न उठाए। 'संसद्मा सभापति यदाकदा जाने, उपसभापति दुईजनै मन्त्री भएर उपस्थिति कम हुने तथा महामन्त्रीहरू छिनछिनमा देखापर्ने अवस्था छ। तर, प्रतिपक्षले कसरी हल्लाउँछन् देख्नुभा छ ? प्रत्येक दिन छलफल गरेर संसद्मा जाने पद्धति भयो भने कांग्रेस त्यहाँ पनि अझ दह्रो भएर प्रस्तुत हुनेछ,' उनले भने, 'दुईजना महामन्त्रीलाई विनम्रतापूर्वक आग्रह छ- कांग्रेस बलियो बनाउन एकढिक्का बनाएर सही रोडम्याममा लैजाने उद्देश्यका साथ तपाईंहरू हामी सबैको नेतृत्व लिने गरी अगाडि बढ्नुहोला। तपाईंहरूले दायरा फराकिलो बनाउनुभएन भने जसरी तपाईंहरू अरू कसैको विकल्प खोज्छौं भन्दै हुनुहुन्छ, तपाईंहरूको विकल्प पनि हामीहरूले खोज्ने दिन नआओस्।'

लक्ष्मी खतिवडाले महामन्त्रीको विकल्प खोज्ने अवस्था नआओस् भनिन्। 'महामन्त्रीज्यूहरू कांग्रेसलाई सुधार्ने गरी अभियान चलाउनुहोला, दायरा फराकिलो बनाउनुहोला सभापतिको विकल्प मात्र खोजी गर्दा तपाईंहरूकै विकल्प खोज्नु नपरोस्,' उनले भनिन्।

केन्द्रीय सदस्य राधा घलेले पार्टीका नेताहरू पूर्वगृहमन्त्री बालकृष्ण खाणको पक्षमा नउभिएकोमा असन्तुष्टि जनाइन्। 'आज एउटा नेतालाई, साथीलाई विनाकारण समातेर लग्दै गर्दा आफूनै पार्टीका साथीहरू संवेदनशील नहुनु, गृहमन्त्रीलाई बधाई दिन जानु कति उपयुक्त हुन्छ ? एउटा साथीलाई दुःख पर्दा काँध हाल्न सक्दैनौं,' उनले भनिन्, 'आरोप लाग्दैमा कोही पनि दोषी हुँदैन। जबसम्म दोषी साबित हुँदैन तबसम्म कमसेकम एउटालाई पर्दा हामी साथ दिँदैनौं भने एउटालाई खाने बाघले अरूलाई पनि खान्छ।'

अर्का केन्द्रीय सदस्य हरिशरण नेपालीले कांग्रेस इतिहासकै आलोचित अवस्थामा पुगेको बताए। 'हामी वाकयुद्धमा रमायौं। एकाइसम्म गुटको बीजारोपण गरेका छौं। तल्लो तहमा पनि एउटा गुटले अर्को गुटलाई बोलाउँदैनन्, यसले डरलाग्दो अवस्था निम्तिएको छ जुन कांग्रेसको भविष्यका लागि चिन्ताको विषय हो,' उनले भने, 'मैले दश महिनादेखि मलाई काम दिनुस्, म काम गर्न चाहन्छु भनेको छु। यो समयमा कांग्रेस जनमानसमा इतिहासकै सबैभन्दा बढी आलोचित बनेको छ।'

केन्द्रीय सदस्य सीतादेवी देवकोटाले गोपालमान श्रेष्ठलाई वरिष्ठ नेता बनाउन माग गरिन्। 'गोपालमान श्रेष्ठलाई पार्टीको वरिष्ठ नेता बनाइयोस्। उहाँले पार्टी बनाउन धेरै दुःख गर्नुभएको छ। पार्टीमा धेरै संघर्ष गरेको व्यक्ति हुनुहुन्छ, वरिष्ठ नेता बनाउन उपयुक्त हुन्छ,' उनले भनिन्। अर्का केन्द्रीय सदस्य नारायणबहादुर कार्कीले गुटबन्दी अन्त्य घोषणाले पार्टी संगठन बलियो हुने बताए। 'नेताहरूले गुट अन्त्य भएको घोषणा गरे आधा संगठन बन्छ,' उनले भने।

जाबेदा खातुन जागाले कमजोरी एक-अर्कालाई थोपर्ने प्रवृत्तिले पार्टी कमजोर हुने बताइन्। 'कमी-कमजोरी एउटैलाई थोपर्ने प्रवृत्ति देखिएको छ। यसले पार्टी र संगठन बलियो हुन सक्दैन,' उनको भनाइ थियो, 'सभापति मात्रलाई दोष देखाउँदा पार्टीलाई कमजोर बनाउने आधार सिर्जना भएको छ। यो सोचले कसैको भलो गर्दैन। पार्टी कमजोर भए सबै जिम्मेवार हुन्छौं। यस्तो संस्कारले कमजोर बनाउँछ।'

कुन्दनराज काफ्लेले समस्याहरूलाई बुझ्ने मामलामा कांग्रेस चुकेको र कांग्रेस आन्तरिक समस्यामा फस्न नहुने धारणा राखे। 'समस्याहरूलाई हेर्ने दृष्टिकोणमा कांग्रेस चुकेको छ। विधान र विधिसम्मत कांग्रेस तल्लो तहबाटै सुधारमा लाग्नुपर्छ,' उनले भने, 'मापदण्डविना भ्रातृ संस्थाका केन्द्रीय समिति आउँदा प्रश्न उठ्ने अवस्था छ। पार्टी केन्द्रमा समन्वय छैन। केन्द्रीय सदस्यलाई जिम्मेवारी दिइएको छैन। कांग्रेस आफैंभित्रैको समस्यालाई मात्रै ठूलो मानेर रुमल्लिनुहुँदैन।'

केन्द्रीय सदस्य गुरु बरालले कांग्रेस कमजोर नरहेको तथा महामन्त्रीको प्रस्ताव परीक्षण हुन बाँकी रहेको बताए। 'कांग्रेस आँकडामा बलियो छ, तर कमजोर भयो भनेर बाहिर भनिँदै छ। कांग्रेस आत्माभित्रै कमजोर भएको हो, आत्मअनुशासन कायम राख्न नसकेर कमजोर बनेको छ। नेतृत्वबाटै जिम्मेवारीबोध गरौं। तल्लो तहसम्म जे गरे पनि हुन्छ भन्ने प्रवृत्ति बढेको छ,' उनले भने, 'एक्लै लड्ने कांग्रेस बनाउनुपर्छ। फेरि पनि गठबन्धन गर्ने त ? फरक धरातल भएकाले गठबन्धन सफल हुन सकेन। हाम्रा भोट घटे, समीक्षा गरेर जाऔं। महामन्त्रीले ल्याएका प्रस्ताव चित्रमा राम्रो छ, चरित्रमा हेर्न बाँकी छ।'

सरस्वती अर्याल तिवारीले महामन्त्रीद्वयलाई पार्टी अस्तित्वमा आँच नआउने गरी काम गर्न सुझाइन्। 'सभापति मात्रलाई दोषी देख्ने महामन्त्रीले कांग्रेसको अस्तित्वमा आँच नआउने गरी काम गर्नुस्,' उनले भनिन्।

अर्का केन्द्रीय सदस्य गोविन्दबहादुर शाहले सभापतिलाई मात्र दोष दिन नमिल्ने बताए। 'सबै दोष सभापतिलाई मात्रै दिएर उम्कन मिल्छ ?' उनले प्रश्न गरे।

केशवकुमार बुढाथोकीले कोसीको नामकरणमा कांग्रेसको भूमिकामाथि प्रश्न उठाए। '६ वटा प्रदेशले नाम राख्दा समस्या नबने। तर, प्रदेश १ को नामको विषय अहिलेसम्म समस्याकै रूपमा रहेको छ। प्रदेश १ को नामकरणको विषयमा कांग्रेस किन बोलेन ?' उनको प्रश्न थियो।

■ कांग्रेसका प्रदेश सभापतिहरूको प्रश्न-

केन्द्रबाटै सबै चलाउने भए प्रदेश संरचना किन चाहियो ?

काठमाडौं/ कांग्रेसका प्रदेश सभापतिहरूले पार्टीमा केन्द्रीकृत सोच हाबी भएको र प्रदेश संरचनालाई पार्टीले स्वीकार नगरेको आरोप लगाएका छन्। जारी केन्द्रीय समिति बैठकमा आमन्त्रित सदस्यका रूपमा उपस्थित उनीहरूले बुधबारको बैठकमा प्रदेश संरचनालाई पार्टीले निरन्तर बाइपास गरेको आरोप लगाउँदै प्रदेशसँग सरकार, संसद् र पार्टीबीच समन्वयको अभाव देखिएको बताए। हाल चार प्रदेशमा कांग्रेस नेतृत्वका सरकार छन्।

मधेस प्रदेश सभापति कृष्ण यादवले प्रदेश समितिलाई जिम्मेवारीविहीन बनाइएको र प्रदेशलाई बाइपास गरिएको भन्दै स्वीकार गर्न नसके प्रदेश संरचना खारेज गर्न चुनौती दिए। 'पार्टीको प्रदेश संरचना किन गठन गरियो ? सातवटा प्रदेशमा संरचना किन बनाइयो ? यदि प्रदेशलाई कुनै जिम्मेवारी दिनु छैन र जिम्मेवारीविहीन बनाउनु छ भने खारेज गर्दा हुन्छ। हामी जिल्लैमा बस्न तयार छौं, जिल्लाकै संगठन गर्छौं। जे कार्यक्रम भएको छ सीधै जिल्लालाई दिइन्छ, प्रदेशलाई बाइपास गरिएको छ,' उनले भने।

गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले पार्टीनेता प्रदेश समितिसँग समन्वय नगरी सीधै जिल्ला र स्थानीय तहमा जाने गरेको भन्दै असन्तुष्टि जनाए। उनले पार्टीका कार्यक्रममा प्रदेश कमिटीलाई बाहिरै राख्ने गरिएको र प्रदेशलाई कम महत्त्व दिए पार्टी संगठन कमजोर हुने जिकिर गरे। 'प्रदेशलाई धेरै कार्यक्रममा उपेक्षा गरिएको छ। प्रदेश पार्टीको एउटा महत्त्वपूर्ण अंग हो। केन्द्रीय पार्टी सभापतिपछि प्रदेशको सभापतिको दोस्रो महत्त्वपूर्ण दायित्व हुन्छ। त्यो महत्त्वपूर्ण दायित्व भएको अंगलाई बलियो र संस्कारित बनाउने तथा र संस्थागत बनाएर लिएर जाने काममा केन्द्रको ठूलो भूमिका र सहयोग चाहिन्छ,' उनले भने, 'त्यसमा सीधै जिल्लासँग सम्पर्क गर्ने, सीधै गाउँपालिकासँग, नगरपालिकासँग सम्पर्क गर्ने, प्रदेशलाई बाहिर राख्ने काम धेरैपटक भएको छ। प्रदेश सभापतिलाई आमन्त्रित होइन, केन्द्रीय समिति बैठकमा विधानसम्मत् ढंगले उपस्थित हुने वातावरण बनाइयोस्।'

लुम्बिनी प्रदेश सभापति अमर पुनले संगठनात्मक कार्ययोजनामा प्रदेश समितिलाई नजोडिएको भन्दै असन्तुष्टि जनाए। उनले केन्द्रीय नेता नै प्रदेशलाई कमजोर बनाउन लागेको आरोप लगाए। 'हामीले संविधान निर्माणसँगै तीन तहको परिकल्पना गऱ्यौं र तल्लो तहलाई बलियो बनाउने भन्ने आशय राख्यौं। तर, मजबुत बनाउनुपर्नेमा तल्लो संगठन बेवास्ता गर्दा राम्रो हुँदैन। केन्द्रबाटै सबै चलाउने हो भने किन प्रदेश संरचना चाहियो ? सीधै खारेज गरौं,' पुनको भनाइ थियो, 'बजेट पनि पहुँच भएकामा मात्रै पुगेको देखियो।

सुदूरपश्चिम प्रदेश सभापति वीरबहादुर बलायरले बैठकमा प्रस्तुत कार्यतालिकाले प्रदेश संरचना बेवास्ता गरेको भन्दै प्रदेशमा भ्रातृ संस्था समिति गठनको जिम्मा प्रदेशलाई नै दिनुपर्ने बताए। 'कार्यतालिका आएको छ, तर यसको कार्यान्वयनमा अवरोध आउन सक्छ। यसमा प्रदेश समितिको भूमिकाबारे मौन छ,' उनले भने, 'प्रदेशमा भ्रातृ संस्थाका समिति बन्दा केन्द्रले सीधै दिएर हुँदैन। प्रदेशले त्यो निर्णयको अधिकार पाउनुपर्छ।'

बागमती प्रदेश सभापति इन्द्र बानियाँले प्रदेश उपेक्षामा परेको, सरकार र पार्टीबीच समन्वय हुन नसकेको गुनासो गरे। 'सरकार र पार्टीको बीचमा समन्वय नभएर पनि पार्टीका साथीहरूका बीचमा निराशा आएको हो कि ? पार्टी र सरकारबीच संवाद र सम्पर्क नभएर कमजोरी भएको हो कि ?' बानियाँले भने।

कर्णाली प्रदेश सभापति ललितजंग शाहीले आनन्द ढुंगाना संयोजकत्वको अनुशासन समितिले कारबाही फुकुवा गरेको विषयमा प्रश्न गरे। 'निर्वाचन परिचालन समितिले अनुशासनको कारबाही सिफारिस गरेको छ। विधानमा हुँदै नभएको व्यवस्थाविपरीत कारबाही छुट दिएको छ। विधानले किटानीका साथ स्वतः कारबाही भनिएकालाई एकल निर्णयका आधारमा कसरी कारबाही फुकुवा गरियो ?' उनको प्रश्न थियो। बैठकमा कोसी प्रदेश सभापति उद्धव थापा भने सहभागी भएका थिएनन्।

■ लाइभबारे केन्द्रीय नेताका मिश्रित प्रतिक्रिया

कोही भन्छन्- राम्रो भएको छ, कसैको गुनासो छ- खुलेर कुरा राख्न पाइएन

कांग्रेस इतिहासमै पहिलोपटक प्रत्यक्ष प्रसारण भएको केन्द्रीय समिति बैठकलाई लिएर नेताका मिश्रित प्रतिक्रिया आएका छन्। कतिपयले लाइभ भएकाले सबै कुरा खुलेर बोल्न नपाइएको गुनासो गरे भने कतिपयले यसले राम्रो सन्देश गएको सुनाए।

जीवनबहादुर शाहीले लाइभ बैठकले सबै तहमा कांग्रेसबारे जानकारी पुगेको र यो सकारात्मक रहेको बताए। 'सबै तहमा कांग्रेसको बैठकको जानकारी पुगेको छ। बैठक लाइभ गरेर सकारात्मक सन्देश गएको छ,' उनले भनेका थिए।

गुरु बरालले आफ्नो धारणा राख्ने क्रममा लाइभ रोक्न आग्रह गरे, तर लाइभ रोकिएन। 'मेरो आग्रह छ- यहाँ बोलेको बाहिर नजाओस्। धेरै प्रश्न पदाधिकारीमा तेर्सिन सक्छ। पार्टीको रेकर्डमा राखियोस्, सामाजिक सञ्जालमा नराखियोस्,' उनको भनाइ थियो।

रामहरि खतिवडाले पार्टीको आन्तरिक बैठक लाइभ हुन नहुने मत राखे पनि पछि उपयुक्त लागेको बताए। कतिपय नेताले कांग्रेसले डिजिटल बाटो लिएको भन्दै प्रशंसा गरेका थिए। प्रत्येक केन्द्रीय सदस्यलाई धारणा राख्न सात मिनेटको समय छुट्याइएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिँदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समे

बिहीबार ४ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/७७०

नेपाल र युएई क्रिकेटबीच पाँच वर्षको सम्झौता

दक्षिण अफ्रिकाको डर्बानमा भएको सम्झौताअनुसार दुई राष्ट्रका पुरुष र महिला टोलीले होम एन्ड अवे शृंखला खेल्नेछन्

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान) र संयुक्त अरब इमिरेट्स (युएई) क्रिकेटबीच पाँच वर्षको सम्झौता भएको छ। क्यान र युएई क्रिकेटबीच आगामी पाँच वर्षसम्म 'होम एन्ड अवे' शृंखलाका लागि दुईपक्षीय सम्झौता भएको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले नयाँ पत्रिकालाई जानकारी दिएका छन्। चन्दका अनुसार दुवै राष्ट्रका पुरुष र महिला टोलीले एक-अर्काको मैदानमा शृंखला खेल्नेछन्। 'आगामी पाँच वर्षसम्म पुरुष र महिला टोलीबीच दुवै राष्ट्रमा शृंखला आयोजना गराउन दुईपक्षीय सम्झौता भएको छ,' उनले भने।

दुई क्रिकेट संघबीच दक्षिण अफ्रिकामा सम्झौता भएको हो। १० देखि १४ जुलाईसम्म दक्षिण अफ्रिकाको डर्बानमा भएको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को बैठकका दौरान नेपाल र युएई क्रिकेटबीच सम्झौता भएको चन्दले बताए। सम्झौताका क्रममा क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकको पनि उपस्थिति थियो। युएईका सचिव र अप्रेसन हेडहरूको उपस्थिति रहेको उनले बताए।

सम्झौताअनुसार हरेक वर्ष क्रिकेट टोलीले एक-अर्काको देश भ्रमण गर्नेछ। आवश्यकताअनुसार युवा टोलीसमेत शृंखला वा प्रतियोगितामा समावेश गराउन सकिने चन्दले बताए। साथै, एकभन्दा बढी शृंखला हुन सक्ने उनको भनाइ छ। यस सम्झौताले नेपाली क्रिकेटको विकासमा धेरै सहयोग हुने अध्यक्ष चन्दको बुझाइ रहेको छ। 'अहिले नेपाली क्रिकेट निकै लयमा छ, यो सम्झौतापछि हुने क्रिकेट शृंखलाले खेलाडीको प्रदर्शन राम्रो हुनेछ,' उनले भने।

टेस्ट राष्ट्रसँगको सम्झौता अन्तिम चरणमा

आइसिसीको बैठकमा टेस्ट खेल्ने राष्ट्रसँग शृंखला गर्न मौखिक सम्झौता भएको चन्दले बताएका छन्। जिम्बाबे, वेस्ट इन्डिज तथा एसोसिएट राष्ट्र नेदरल्यान्ड्सका पदाधिकारीसँग मौखिक सम्झौता भएको उनले जनाए। ती राष्ट्रसँग छिटै लिखित सम्झौता हुने विश्वास उनले गरेका छन्। 'अफ्रिका भ्रमणमा रहँदा केही टेस्ट राष्ट्रसँग शृंखला आयोजना गर्न मौखिक सम्झौता भएको थियो, उनीहरू निकै सकारात्मक देखिए, तर लिखित हुन सकेको छैन,' चन्दले भने, 'हामी बिस्तारै सबै प्रक्रिया पूरा गर्दै, सम्भवतः केही दिनमै नेपाली क्रिकेटका लागि सुखद समाचार आउँछ।' शृंखला आयोजना गर्न आइसिसी र विभिन्न निकायबाट आर्थिक सहयोग हुनेछ। यसैगरी। विश्वकप छनोट, सन् २०२७ को यू-१९ महिला विश्वकप आयोजना गर्न आइसिसीले नेपाललाई सहयोग गर्ने भएको छ। चन्दका अनुसार आइसिसीको नेपालप्रतिको हेराइ राम्रो छ। अहिले आइसिसी नेपाललाई आर्थिक रूपमा अनुदान दिन तयार देखिन्छ।

सदस्य लामाको ध्यानाकर्षण

क्यानका बोर्ड सदस्य छुम्बी लामाले जिल्ला निर्वाचन विधानविपरीत भएको जनाउँदै ध्यानाकर्षण गराएका छन्। क्यानले ४५ जिल्लाको निर्वाचन साउन मसान्तसम्म गर्ने योजना बनाएको छ। क्यान प्रदेशको २० भदौसम्म र केन्द्रको निर्वाचन असोज पहिलो साता गर्ने तयारीमा छ। तर, जिल्ला निर्वाचनका क्रममा क्यानले कुन खेलकुद ऐन मान्ने प्रस्ट निर्णय गरेको छैन। जिल्लाका पदाधिकारी आफूखुसी निर्वाचन प्रक्रियामा गएको लामाले आरोप लगाएका छन्। 'संघको विधानभन्दा बाहिर गएर केही गर्न पाइँदैन, तसर्थ यथाशीघ्र विधानअनुसार क्यानले सबै जिल्ला क्रिकेट संघलाई विधानअनुसार प्रस्ट निर्देशन दिई पुनः नयाँ सूचनाका लागि गम्भीर ध्यानाकर्षण गराएको छु,' राष्ट्रिय खेलकुद परिषद् (राखेप) प्रतिनिधि सदस्य लामाले भनेका छन्। नयाँ खेलकुद विकास ऐन २०७७ अनुसार क्यानको ०५५ को चौथो संशोधन विधान २०८० हो। तर, राखेपले यो विधानलाई प्रमाणीकरण गरेको छैन। 'चौथो संशोधन २०८० राखेपले प्रमाणीकरण गरिसकेपछि सोहीअनुसार जिल्लाले सूचना जारी गरी निर्वाचन हुनुपर्छ,' लामाले भने।



नेपालको पहिलो खेल पाकिस्तानसँग

एसिया कप क्रिकेटमा नेपालले पहिलो खेल पाकिस्तानसँग खेल्ने भएको छ। आयोजक एसियन क्रिकेट काउन्सिल (एसिसी)ले बुधबार सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल र पाकिस्तानबीचको खेल ३० अगस्टमा मुल्तानमा हुनेछ। प्रतियोगिता पाकिस्तान र श्रीलंकामा हुनेछ। नेपाल एसिसी प्रिमियर कपको विजेता हुँदै पहिलोपटक एसिया कप खेल्ने अवसर पाएको हो।

नेपालले पाकिस्तानसँग प्रतिस्पर्धा गरेपछि श्रीलंका जानेछ। श्रीलंकाको केन्डीमा नेपालले ४ सेप्टेम्बरमा भारतसँग खेल्नेछ। भारतले पाकिस्तानी भूमिमा प्रतियोगिता नखेल्ने भएपछि हाइब्रिड मोडेलमा एसिया कप हुन लागेको हो। एसिया कप ३० अगस्टदेखि १७ सेप्टेम्बरसम्म आयोजना हुनेछ।

प्रतियोगितामा एसियाका पाँच टेस्ट र नेपाल गरी ६ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। एसिया कपमा कुल १३ खेल हुनेछन्। पाकिस्तानमा चार र बाँकी ९ खेल श्रीलंकामा हुने एसिसीले जनाएको छ।

प्रतियोगितामा सहभागी ६ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। भारत र पाकिस्तानसँगै नेपाल समूह 'ए'मा छन्। श्रीलंका, बंगलादेश र अफगानिस्तान समूह 'बी'मा छन्। समूह विजेता र उपविजेता सुपर फोरमा पुग्नेछन्। सुपर फोरका शीर्ष दुई टोलीबीच फाइनल हुनेछ।

युएईविरुद्ध कुशलको अलराउन्ड प्रदर्शन

कुशल भुर्तेलले बलिङ र ब्याटिङमा अलराउन्ड प्रदर्शन गरेपछि नेपालले एसिसी पुरुष इमर्जिङ कपको समूह 'बी'को आफ्नो अन्तिम खेलमा युएईको 'ए'लाई तीन विकेटले पराजित गरेको छ। श्रीलंकाको पी सरा ओभलमा नेपालले जितसँगै दुई अंक जोड्यो। यस समूहमा युएई तीनवटै खेलमा पराजित भयो। समूहमा नेपाल पाकिस्तानसँग चार विकेट र भारतसँग नौ विकेटले पराजित भएको थियो।

कुशलले बलिङका क्रममा ४० रन खर्चदै सर्वाधिक ६ विकेट लिएका थिए। उनको घातक बलिङ सामना गर्न नसक्दा पहिलो ब्याटिङ गरेको युएई ४४ ओभरमा एक सय ५७ रनमा अलआउट भयो। सहज लक्ष्य पछ्याएको नेपालका लागि कुशलले नै उत्कृष्ट ब्याटिङ गरे। उनले केवल ४३ बलमा नौ चौका र चार छक्का प्रहार गरी ७१ रनको योगदान दिए। यसै प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याच भए। नेपालले २३ ओभरमा सात विकेट गुमाएर एक सय ५९ रन जोडेको थियो। नेपालले लक्ष्य पछ्याउँदा प्रतिओभर ६.९१ रनरेटमा ब्याटिङ गऱ्यो।

युएईका मोहम्मद फराजुद्दिनले पाँच विकेट लिँदा ६ ओभरमा ३६ रन खर्चेका थिए। उनले आफ्नो स्पेलमा एक मेडन पनि गरे। नेपाली क्रिकेट इतिहासमा एकै खेलमा पाँचभन्दा धेरै विकेट लिने र सोही खेलमा अर्धशतकीय इनिङ्स खेल्ने कुशल पहिलो खेलाडी बनेका छन्। लिस्ट एमा पाँचभन्दा बढी विकेट लिने पाँचौं नेपाली खेलाडी हुन्। नेपालका लागि लिस्ट एमा सोमपाल कामी, सन्दीप लामिछाने, करण केसी र ललित राजवंशीले पाँच विकेटको प्रदर्शन गरेका थिए।

युएईको ब्याटिङमा लभप्रित सिंहले ८२ बलमा ५२ रनको योगदान दिए। उनले ६ चौका र एक छक्का प्रहार गरे। नेपालका लागि मौसम ढकालले दुई विकेट हात पारे। पवन सर्राफ र कुशल मल्लले समान एक विकेट लिएका थिए। नेपालको ब्याटिङमा अर्जुन साउदले ओपनिङ अवसर पाए। तर, उनी इनिङ्सको दोस्रो बलमै एलबिडब्लू भए।

खेल संक्षेप

मनास्लु थ्री बाई थ्री च्याम्पियन

काठमाडौं/ आयोजक मनास्लु वर्ल्ड कलेजले तेस्रो मनास्लु एसइई कप थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको उपाधि बुधबार जितेको छ। प्रतियोगिताको फाइनलमा मनास्लुले युजेएलाई २१-१४ ले पराजित गऱ्यो। मनास्लुका लागि पेम्बा बमजनले सर्वाधिक ११ स्कोर गरे। सेमिफाइनलमा मनास्लुले आइएसए नेपाल तथा युजेएले आदिम कलेजलाई हराउँदै उपाधि भिडन्त पक्का गरेका थिए। उपाधिसँगै मनास्लुले १५ हजार र युजेएले सात हजार रुपैयाँ पाएका छन्। विजेता र उपविजेता टोलीका खेलाडीले नगद पुरस्कारसहित छात्रवृत्ति पनि पाउनेछन्। मनास्लुका तुसार महर्जन 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। तुसारलाई पनि छात्रवृत्ति प्रदान गरिनेछ। विजेतालाई मनास्लुका अध्यक्ष गेन्द्र लामा र प्रिन्सिपल राजन श्रेष्ठले पुरस्कृत गरे। एकदिने लिगकम नकआउट प्रतियोगितामा १६ छात्र टोलीले प्रतिस्पर्धा गरेको प्रतियोगिता संयोजक सुनील योञ्जनले जनाएका छन्।

एसियाडको तयारी निरीक्षण

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले चीनको हाङझावमा हुने १९औं एसियाली खेलकुद (एसियाड)को प्रशिक्षणका लागि पोखरामा रहेका आर्चरी, बक्सिङ र रग्बीका खेलाडीको तयारी निरीक्षण गरेका छन्। घिसिङले प्रशिक्षक र खेलाडीलाई तयारी प्रशिक्षण, खाना, बसोवास, समस्यालगायतका विषयमा जानकारी लिएका थिए। उनले खेलाडीलाई १९औं एसियाडमा नेपालको उपस्थिति गर्विलो बनाउने गरी तयारीमा जुट्न खेलाडीलाई हौसला प्रदान गरे।

खेलकुद प्राथमिकतामा नपरेको गुनासो

विराटनगर/ प्रदेश खेलकुद विकास बोर्ड कोसी प्रदेशका सदस्यसचिव हंसराज वाग्लेले सरकारले खेलकुदलाई प्राथमिकतामा राख्न नसक्दा समस्या हुँदै आएको बताएका छन्। विराटनगरमा कोसी प्रदेश बास्केटबल संघको बुधबार भएको प्रथम साधारणसभा उद्घाटन गर्दै वाग्लेले अन्तर्राष्ट्रिय क्षेत्रमा नाम राख्ने खेलकुदलाई सरकारले सधैं उपेक्षा गर्ने गरेको गुनासो गरेका छन्। 'खेलकुदलाई सक्रिय बनाउनुपर्छ, हामीले खेलाडी उत्पादन र अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउन आवश्यक बजेटको माग प्रधानमन्त्रीसमक्ष राखेका छौं,' उनले भने, 'खेलकुदलाई पुरानो अवस्थाबाट बाहिर निकाल्दै विकासित गर्न पहल गरिदिन माग गऱ्यौं, तर सोचेजस्तो हुन सकेन।' नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरुङले सात प्रदेशमध्ये कोसीबाट प्रदेशस्तरीय संघ गठनको सुरुआत भएको जानकारी दिए। उनले विराटनगरका मनीष गुरुङको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति गठन भएको जानकारी दिए।

बक्सिङ संघमा अवाले निर्विरोध



रोहितराज पराजुली/नयाँ पत्रिका

नेपाल बक्सिङ संघको अध्यक्षमा राम अवाले दोस्रोपटक निर्विरोध निर्वाचित भएका छन्। संघको बुधबार पोखरामा सम्पन्न छैटौं साधारणसभा तथा अधिवेशनले आगामी चार वर्षका लागि अवालेको अध्यक्षतामा २० सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। वरिष्ठ उपाध्यक्षमा अर्जुनबहादुर केसी चुनिएका छन्। उपाध्यक्षमा भोजराज सिटौला, गणेशबहादुर भट्टराई, सविन भट्टाचार्य, ओमनारायण श्रेष्ठ र रामबहादुर गिरी निर्विरोध भए।

मानबहादुर भण्डारी महासचिवमा चुनिएका छन्। यसैगरी, संघका सचिवमा पुष्करराज पन्त तथा कोषाध्यक्षमा गौतम सुजखु रहेका छन्। अधिवेशनले १० जनालाई सदस्यमा निर्वाचित गरेको छ। निर्वाचित सदस्यमा गोविन्द डंगोल, रेशम पुन, मिलनध्वज राना, बमबहादुर स्याङ्तान, रेखा थापामगर, रमेश अधिकारी, दुर्गा गहतराज, लक्ष्मण कार्की, सञ्जयकुमार पासवान र समरजंगबहादुर चन्द रहेका छन्।

निर्वाचित अध्यक्ष अवालेले बक्सिङलाई नयाँ उचाइमा पुऱ्याउन आफू नेतृत्वको समितिले काम गर्ने प्रतिबद्धता जनाएका छन्। उनले सरोकारवाला सबैसँग हातेमालो गर्दै खेललाई नयाँ उचाइमा पुऱ्याउने विश्वास दिलाए। संघको साधारणसभासँगै अधिवेशनमा चार प्रदेश, ४० जिल्ला र केन्द्रीय प्रतिनिधि गरी ७० जनाको सहभागिता रहेको थियो।

तल्लो तहदेखि नै खेलाडी उत्पादन आवश्यक

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले साधारणसभाको उद्घाटन गरेका थिए। घिसिङले बक्सिङ खेलका लागि तल्लो तहबाटै खेलाडी उत्पादन गर्न आवश्यक रहेको बताए। '१२ देखि १४ वर्षकालाई लक्षित गरी प्रशिक्षण सुरु गर्न आवश्यक रहेको देखिन्छ, यसका साथै प्रत्येक प्रदेशमा बक्सिङ एकेडेमी सञ्चालन गर्न आवश्यक रहेको महसुस भएको छ,' घिसिङले भने।

उनले नेतृत्वमा हानथाप मात्र नगरी खेल विकासको कार्ययोजना तयार गरी साधारणसभामा बृहत् छलफल गर्न आग्रहसमेत गरेका थिए। उनले बक्सिङ संघलाई ओलम्पिकको तयारीमा जुट्न आग्रह गरेका छन्। परिषद्ले ओलम्पिक तयारीमा लाग्न आवश्यक पर्ने बजेटको अभाव हुन नदिन प्रतिबद्धता जनाएका छन्।

बक्सिङमा सुरुदेखि नै अन्तर्राष्ट्रियस्तरको प्रशिक्षक र एक्सपोजर चाहिएको स्मरण गर्दै उनले यसलाई पूरा गर्नका लागि प्रशिक्षक आइसकेको जानकारी दिए। नेपाल ओलम्पिक कमिटीका सह-महासचिव पीताम्बर तिमिल्सिनाले बक्सिङमा पहिलेको जस्तो आकर्षण नरहेकाले त्यो फर्काउने गरी काम गर्न आवश्यक रहेको जनाए। 'नयाँ नेतृत्वले यो जिम्मेवारी पूरा गर्नेमा विश्वस्त छु,' उनले भने। संघको सचिवमा चयन भएका पन्तले 'नेपालमा बक्सिङ : हिजो, आज र भोलि' विषयमा प्रस्तुति राखेका थिए।

ओनाना भित्र्याउँदै युनाइटेड

लन्डन/ म्यानचेस्टर युनाइटेडले इन्टर मिलानका गोलरक्षक एन्ड्रे ओनाना भित्र्याउन नजिक पुगेको छ। म्यानचेस्टरले सिरिए क्लब मिलानका पहिलो रोजाइका गोलरक्षकसँग अनुबन्ध गर्न ४२.२ मिलियन पाउन्ड प्रस्ताव राखेको छ। मिलानले युनाइटेडको प्रस्ताव सकारात्मक रहेको जनाएको छ। युनाइटेडले २०२३/०२४ मा नयाँ गोलरक्षक ओनानाका साथ लिग सुरु गर्नेछ। नम्बर एक गोलरक्षक डेभिड जियाले क्लब छाड्ने घोषणा गरेपछि युनाइटेड संकटमा परेको थियो। दुई साताअघि जियाले १२ वर्षपछि युनाइटेडबाट बाहिरिएको जनाएका थिए।

इंग्लिस क्लबले भरपर्दा गोलरक्षकको खोजीका क्रममा क्यामरुनका अन्तर्राष्ट्रिय खेलाडीसमेत रहेका ओनानामाथि नजर राखेको थियो। युनाइटेडले सुरुवाती सम्झौता रकम नै महँगो राखेपछि मिलान पछि नहटेको एजेन्सीले जनाएको छ। यसमा ३.४ मिलियन पाउन्ड पनि थप हुन सक्ने युनाइटेडले जनाएको छ। इंग्लिस प्रिमियर लिग सुरु हुनुअघि युनाइटेडले अमेरिकाको भ्रमण गर्नेछ। त्यस भ्रमणमा ओनानाको साथ पाउने क्लबको विश्वास छ।

युनाइटेडले भिसा प्रक्रिया अगाडि बढाएको छ। प्रशिक्षक एरिक टेन हाङलाई ओनानाको स्किल राम्रोसँग थाहा छ। एज्याक्सका प्रशिक्षकका रूपमा हाङ रहँदा गोलरक्षकमा ओनाना नै थिए। युनाइटेडले उनलाई कम्तीमा ६ वर्षको सम्झौताको तयारी गरेको छ। 'उनी निकै राम्रा गोलरक्षकमा पर्छन्, उनीबाहेक जियाको स्थान अरूले लिन सक्दैनन्,' हाङले भने।

नयाँ पत्रिका
Nayapatrika National Daily

CAREER OPPORTUNITY

Nayapatrika National Daily is Nepal's leading private print media as well as first national daily to publish different edition from 7 provinces circulating entire nation. We are committed towards propagating responsible journalism with the value to our stream readers and subscribers as well as providing and effective platforms for the advertisers.
We are looking for dynamic competent candidate for following vacancy position.

Business Development Officer - Few

Smart and proactive go-getter who are passionate about media marketing with strong field/clientele development & management skills. Should have the ability to develop and explore new business from assigned regions are advised to apply for this position.

Qualifications and Requirements :

- Bachelor's Degree in Management with concentration in Marketing with a few years of relevant experience.
- Excellent presentation skills.
- Superior oral and written communication skills in English language.
- Good interpersonal skills and ability to work under pressure.
- Two-wheeler driving license along with the two-wheeler is mandatory for the position of Business Development Officer.

Revenue Executive - Few

TO APPLY

Interested Nepali citizens having met the above requirements are requested to submit their application along with a cover letter and updated **CV** at **vacancy.nayapatrika@gmail.com** or directly drop it at Naya Patrika's head office.

(Only shortlisted candidates will be called for interview and other selection processes. The company reserves the right to reject any/all applications without citing any reasons, thereof)

NAYA PRAKASHAN PVT. LTD.
Starmall, Putalisadak, Kathmandu

युरोपियन लिगमा खेल्नु चुनौती हो : सावित्रा

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारीले युरोपेली फुटबलमा पाएको अवसरलाई चुनौतीका रूपमा स्वीकार गर्ने बताएकी छिन्। नेपाली महिला फुटबलकी सर्वाधिक गोलकर्ता सावित्राले पहिलोपटक युरोपेली फुटबल खेल्न लागेकी हुन्। इजरायली महिला लिगअन्तर्गतको होपाइल रानानले उनलाई आगामी सिजनका लागि अनुबन्ध गरेको हो।

'एसियाली देशबाट एक पाइला अघि बढेको छु, युरोपको लिगमा खेल्नु चुनौती हो,' उनले भनिन्, 'म यो चुनौती स्विकार्न तयार छु।' विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबमा आबद्ध उनले नेपाली फुटबलरका लागि राम्रो सुरुवात भएको बताइन्। 'म अन्तिम परीक्षासम्म पनि तयार रहनेछु' उनले थपिन्।

इजरायल एसियाली मुलुक भए पनि युरोपेली फुटबल महासंघ (युइएफए)को सदस्यता लिएको छ।

युवा तथा खेलकुद मन्त्रालयले बुधबार सावित्रालाई इजरायल प्रस्थान गर्नुअघि बिदाई गऱ्यो। खेलकुदमन्त्री डिगबहादुर लिम्बू, नेपालका लागि इजरायली राजदूत हनान गोडर र अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङले सावित्राको बिदाई गरेका थिए।

इजरायली राजदूत हनानले सावित्रालाई इजरायली फुटबलमा स्वागत गरेका छन्। 'इजरायलको फुटबलमा तपाईंलाई स्वागत छ, रानान उत्कृष्ट टोली हो,' हनानले भने, 'तपाईंलाई इजरायलमा पर्खिरहेका छन्।' घरेलु लिग एपिएफबाट खेल्दै आएकी सावित्राले भारत र माल्दिभ्सको लिग अनुभव बटुलेकी छिन्। भारतको चर्चित आइलिगको उपाधिमा ह्याट्रिक गरेकी छिन्।

५९ गोलका साथ उनी आइलिगकै उच्च गोलकर्तासमेत हुन्। उनले यसै सिजन भारतीय महिला खेलाडी बाला देवीको ४८ गोलको कीर्तिमान तोडेकी हुन्। गत सिजन गोकुलम केरलाले आइलिग जित्दा सावित्राले २९ गोल गरेकी थिइन्।



युवा तथा खेलकुद मन्त्रालयले बुधबार आयोजना गरेको बिदाइ समारोहपछि स्ट्राइकर सावित्रा बलमा हस्ताक्षर गर्दै। तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com